शोधनिर्देशक
भानु घिमिरे

# नेपाली साहित्यमा 'नागार्जुन' पत्रिकाको योगदान

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली
शिक्षण समितिको स्नातकोत्तर तह, द्वितीय
वर्षको दसौँ पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
तेजप्रसाद दाहाल
रत्नराज्यलक्ष्मी क्याम्पस
प्रदर्शनीमार्ग, काठमाडौँ
२०६६

# नेपाली साहित्यमा 'नागार्जुन' पत्रिकाको योगदान

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली
शिक्षण समितिको स्नातकोत्तर तह, द्वितीय
वर्षको दसौँ पत्रको प्रयोजनका लागि
प्रस्तुत

# शोधपत्र

शोधार्थी
**तेजप्रसाद दाहाल**
रत्नराज्यलक्ष्मी क्याम्पस
प्रदर्शनीमार्ग, काठमाडौँ
२०६६

# सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली विषयका छात्र तेजप्रसाद दाहालले स्नातकोत्तर तह, द्वितीय वर्षको दसौँ पत्रका लागि नेपाली साहित्यमा 'नागार्जुन' पत्रिकाको योगदान शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । निजले परिश्रम र लगनशीलतापूर्वक गरेको यस शोधकार्यबाट म सन्तुष्ट छु । यस शोधपत्रको मूल्याङ्कनका लागि रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली शिक्षण समितिसमक्ष सिफारिस गर्दछु ।

-------------------

मिति : २०६६ साउन ८

भानु घिमिरे
रत्नराज्यलक्ष्मी क्याम्पस
प्रदर्शनीमार्ग, काठमाडौँ

त्रिभुवन विश्वविद्यालय
रत्नराज्यलक्ष्मी क्याम्पस
प्रदर्शनीमार्ग, काठमाडौँ

मिति : २०६६/४/'

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पसका छात्र तेजप्रसाद दाहालले त्रिभुवन विश्वविद्यालय, स्नातकोत्तर, नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गर्नुभएको नेपाली साहित्यमा 'नागार्जुन' पत्रिकाको योगदान शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

| | | |
|---|---|---|
| -------------- | ----------------- | ---------------- |
| (तुलसीमान श्रेष्ठ) | (भानु घिमिरे) | (रमेशकुमार भट्टराई) |
| विभागीय प्रमुख | शोधनिर्देशक | सहप्राध्यापक |
| | | बाह्य परीक्षक |

# कृतज्ञताज्ञापन

त्रि. वि., नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह, द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पारिएको प्रस्तुत नेपाली साहित्यमा 'नागार्जुन' पत्रिकाको योगदान शीर्षकको शोधकार्य मैले गुरु भानु घिमिरेका निर्देशनमा तयार गरेको हुँ । यस शोधकार्यलाई यस रूपमा ल्याइपुऱ्याउन अति व्यस्त हुँदाहुँदै पनि व्यावहारिक कार्यहरूलाई पन्छाएर आवश्यक निर्देशन, सुझाव र सल्लाह दिई समय-समयमा परीक्षण गरी परिमार्जनका निम्ति प्रेरित गर्नुहुने शोधनिर्देशक एवम् गुरु भानु घिमिरेप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली विभागले प्रस्तुत शोधपत्र तयार गर्न स्वीकृत गरी अनुमति प्रदान गरेकोमा विभाग र स्वीकृत गर्ने पूर्वविभागीय प्रमुख शङ्कर सुब्बा र मूल्याङ्कन गर्ने हालका विभागीय प्रमुख तुलसीमान श्रेष्ठ तथा अन्य आदरणीय गुरुहरूप्रति आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधकार्यको तयारीका क्रममा महत्त्वपूर्ण सामग्री, उचित सल्लाह-सुझाव र हौसला प्रदान गरी अघि बढ्न प्रेरित गर्ने कौशिकी साहित्य प्रतिष्ठानका अध्यक्ष तथा कौशिकी पत्रिकाका प्रधानसम्पादक चेतनाथ धमला र नागार्जुन साहित्यिक प्रतिष्ठानका अध्यक्ष तथा नागार्जुन पत्रिकाका प्रकाशक तथा प्रधानसम्पादक प्रकाश सिलवालप्रति म विशेष कृतज्ञ छु ।

विद्यालयीय तथा उच्च शिक्षा अध्ययनका लागि हरबखत र हरपल प्रत्यक्ष-परोक्ष रूपमा अघि बढाउन खोज्ने र कामना गर्ने पूजनीय बुबा-आमा विष्णुप्रसाद दाहाल र चन्द्रकुमारी दाहाल, काका-काकी कलानिधि दाहाल र कल्पना दाहालप्रति आजीवन ऋणी छु । त्यस्तै उच्च शिक्षा अध्ययनका लागि आर्थिक, पारिवारिक तथा अन्य विभिन्न समस्याहरू झेलेर यो अवस्थामा ल्याउन हरबखत सहयोग र हौसला दिने जीवनसँगिनी पुनम (पुण्यवती) दाहाललाई पनि धन्यवाद दिन्छु ।

त्यस्तै मलाई शिक्षा अध्ययनमा निरन्तर सत्प्रेरणा, शैक्षिक सुझाव तथा व्यावहारिक समस्यानिराकरणका लागि सहयोग गर्नुहुने काकी श्यामकुमारी दाहाल, दाइहरू ताराकुमार दाहाल, मेघनाथ दाहाल, भान्जा राममणि ढुङ्गाना र काका विनोद दाहाल 'वत्स' प्रति पनि कृतज्ञता ज्ञापन गर्दछु ।

यस शोधपत्रको तयारीका क्रममा विभिन्न प्रकारले सहयोग पुऱ्याउनुहुने काका-काकी कुमार दाहाल र भीमकुमारी दाहाल, भान्जाहरू रुद्र (रमण), कृष्ण र माधव ढुङ्गाना, दाइहरू कमलप्रसाद दाहाल, केशवप्रसाद घिमिरे र भाइ गिरिराज दाहाल, गोविन्द दाहालप्रति विशेष धन्यवाद प्रकट गर्दछु । त्यस्तै व्यस्त हुँदाहुँदै पनि रातदिन खटिई यस शोधपत्रको टङ्कनमा सावधानी र समयको ख्याल गर्दै दत्तचित्त भई लाग्ने जीवनप्रकाश नेपाललाई पनि धन्यवाद प्रकट गर्दछु ।

अन्त्यमा सम्पूर्ण सहयोगीप्रति आभार प्रकट गर्दै समुचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली शिक्षण समितिसमक्ष यो शोधपत्र प्रस्तुत गर्दछु ।

---

शोधार्थी
तेजप्रसाद दाहाल
रत्नराज्यलक्ष्मी क्याम्पस
प्रदर्शनीमार्ग, काठमाडौँ

मिति : २०६६ साउन ८

# सङ्क्षेप

| | |
|---|---|
| अ. / आ. | असार / आषाढ |
| अ. / आ. | असोज / आश्विन |
| अनु. | अनुवादक |
| इ. | इस्वी संवत् |
| का. | कार्तिक |
| चै. | चैत / चैत्र |
| जे. | जेठ |
| डा. | डक्टर |
| त्रि. वि. | त्रिभुवन विश्वविद्यालय |
| ने. रा. प्र. प्र. | नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान |
| पु. | पुस |
| पू. | पूर्णाङ्क |
| पृ. | पृष्ठ |
| फा. | फागुन |
| भा. | भाद्र |
| म. | मङ्सिर |
| मा. | माघ |
| वि. सं. | विक्रमसंवत् |
| वै. | वैशाख |
| सम्पा. | सम्पादक / सम्पादित |
| सा. / श्रा. | साउन / श्रावण |

## विषयसूची


परिच्छेद १ : शोधपरिचय १–४

१.१ शोधशीर्षक १

१.२ शोधकार्यको प्रयोजन १

१.३ शोधसमस्या १

१.४ शोधकार्यको उद्देश्य १

१.५ पूर्वकार्यको विवरण २

१.६ शोधकार्यको औचित्य ३

१.७ अध्ययनको सीमाङ्कन ३

१.८ सामग्रीसङ्कलन र शोधविधि ३

१.९ शोधपत्रको रूपरेखा ४

परिच्छेद २ : नेपाली पत्रपत्रिका प्रकाशनपरम्परामा 'नागार्जुन' को प्रकाशन र परिचय ५–३२

२.१ पृष्ठभूमि ५

२.२ नेपालमा पत्रपत्रिकाप्रकाशनको सुरुवात ६

२.३ पत्रपत्रिकाको चरणविभाजन र विकासप्रक्रिया ६

२.३.१ पहिलो चरण (सुरुदेखि २००७ सम्म : राणाशासनकाल) ६

२.३.२ दोस्रो चरण (२००७ देखि २०१७ सालसम्म : प्रजातान्त्रिक काल) ९

२.३.३ तेस्रो चरण (२०१७–२०४६, पञ्चायतकाल) १५

२.३.४ चौथो चरण (२०४७ देखि 'नागार्जुन' को प्रकाशनसम्म, बहुदलीय व्यवस्थाकाल) २२

२.४ समसामयिक अवस्था र 'नागार्जुन' को प्रकाशन २४

२.४.१ समसामयिक अवस्था २४

२.४.२ 'नागार्जुन' को प्रकाशन २५

२.४.३ 'नागार्जुन' को नामकरण २६

२.४.४ 'नागार्जुन' को उद्देश्य २६

२.४.५ 'नागार्जुन' को सम्पादन, मुद्रण, प्रकाशन र विवरण २७

२.४.६ 'नागार्जुन' का अङ्क र विशेषाङ्कहरू २९

२.५ निष्कर्ष ३१

परिच्छेद ३ : 'नागार्जुन' पत्रिकामा प्रकाशित सामग्रीहरूको विधागत रूपमा विवरणात्मक सूची ३३–६३
३.१ कविता ३३
३.२ कथा ४६
३.३ उपन्यास ४७
३.४ नाटक/एकाङ्की ४७
३.५ निबन्ध/लेख ४७
३.५.१ निबन्ध ४७
३.५.२ प्रबन्ध/लेख ४८
३.५.३ संस्मरण/अनुभूति ४९
३.६ समालोचना/समीक्षा ५०
३.६.१ समालोचना ५०
३.६.२ समीक्षा ५२
३.७ विविध सामग्री ५६
३.७.१ अन्तर्दृष्टि, संवाद तथा वार्तालाप ५६
३.७.२ अन्य ५७
परिच्छेद ४ : 'नागार्जुन' पत्रिकाको साहित्यिक योगदान र विधागत सर्वेक्षण ६४–१०१
४.१ पृष्ठभूमि ६४
४.२ कविता ६५
४.३ कथा ७९
४.४ उपन्यास ८७
४.५ एकाङ्की ८८
४.६ निबन्ध/प्रबन्ध ९०
४.६.१ निबन्ध ९१
४.६.२ लेख/प्रबन्ध ९५
४.६.३ संस्मरण/अनुभूति ९६
४.७ समालोचना/समीक्षा ९८
४.७.१ समालोचना ९८
४.७.२ समीक्षा ९९
४.८ विविध सामग्री १०१
४.८.१ अन्तर्वार्ता १०१
४.८.२ अन्य १०१
परिच्छेद ५ : उपसंहार १०२–१०५
सन्दर्भसामग्री १०६–१०७

परिच्छेद १

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक नेपाली साहित्यमा 'नागार्जुन' पत्रिकाको योगदान (पूर्णाङ्क १–२१) रहेको छ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली विभागअन्तर्गत स्नातकोत्तर नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि रहेको छ।

## १.३ शोधसमस्या

प्रस्तुत शोधपत्र नेपाली साहित्यका क्षेत्रमा २०५८ (कार्तिक-पुस) देखि प्रकाशित गई योगदान पुऱ्याउँदै आएको नागार्जुन पत्रिकाको साहित्यिक अध्ययनसँग सम्बन्धित भएकाले यसको साहित्यिक पक्षको अध्ययनलाई नै प्रमुख समस्याका रूपमा लिइएको छ। यस पत्रिकाको सुरु अङ्कदेखि पूर्णाङ्क २१ सम्म यस पत्रिकामा कुन-कुन साहित्यिक र साहित्येतर सामग्रीहरू के-कति मात्रामा समावेश भएका छन् र यसमा प्रकाशित साहित्यिक विधाहरूले नेपाली साहित्यको विधागत विकासमा कस्तो प्रकारको योगदान पुऱ्याएका छन्, अनि के-कस्ता प्रवृत्ति वा विचारका सामग्रीहरूलाई स्थान दिइएको छ भन्ने कुरालाई नै शोधपत्रको समस्याका रूपमा लिइएको छ। समस्यालाई बुँदागत रूपमा निम्न प्रकारले देखाउन सकिन्छ–

(क) नेपाली साहित्यको विकासमा साहित्यिक पत्रपत्रिकाको विकासपरम्परा र प्रकाशन के-कस्तो रहेको छ र नागार्जुन पत्रिकाको प्रकाशन कुन बिन्दुमा भएको हो?

(ख) विविध साहित्यिक विधामा प्रकाशित रचना-सामग्रीहरूको लेखकका नामका आधारमा विवरणहरू के-कसरी समेटिएका छन्?

(ग) विविध साहित्यिक विधामा नागार्जुन पत्रिकाको योगदान के-कस्तो रहेको छ?

## १.४ शोधकार्यको उद्देश्य

वि. सं. २०५८ (कार्तिक-पुस) देखि नागार्जुन साहित्यिक प्रतिष्ठानको त्रैमासिक प्रकाशनका रूपमा प्रकाशित हुँदै आएको नागार्जुन साहित्यिक पत्रिका हो। यसमा नेपाली साहित्यका स्थापित तथा नवसाहित्यकारहरूका रचना तथा समालोचनात्मक सामग्रीहरू प्रकाशित हुँदै आएका छन्। साहित्येतर क्षेत्रमा पनि विभिन्न ज्ञानवर्द्धक र चेतनामूलक सामग्रीहरू प्रकाशित हुँदै र गर्दै आएको छ। यसको सुरुदेखि पूर्णाङ्क २१ सम्म प्रकाशित साहित्यिक तथा साहित्येतर सामग्रीको विवरण तयार गरी सूत्रबद्ध गर्नु र यसमा प्रकाशित कविता, कथा, उपन्यास, निबन्ध/लेख, नाटक/एकाङ्की, समालोचनाजस्ता साहित्यिक

विधाहरूको प्रवृत्तिगत/विचारगत सर्वेक्षण गरी विधागत अध्ययन गर्नु यस शोधपत्रको प्रमुख उद्देश्य रहेको छ। यसका उद्देश्यहरू बुँदागत रूपमा निम्न छन्–

(क) नेपाली साहित्यको विकासमा पत्रपत्रिकाको योगदानको पहिचान गर्नु र *नागार्जुन* पत्रिकाको प्रकाशन सुरु गर्नु।

(ख) विविध साहित्यिक विधाका आधारमा प्रकाशित रचना-सामग्रीका आधारमा विवरणहरू सूत्रबद्ध रूपमा तयार पार्नु।

(ग) विविध साहित्यिक विधामा *नागार्जुन* पत्रिकाको योगदानको अध्ययन-विश्लेषण र मूल्याङ्कन गर्नु।

१.५ पूर्वकार्यको विवरण

*नागार्जुन* पत्रिकाको प्रकाशनारम्भदेखि पूर्णाङ्क २१ सम्म नेपाली साहित्यको सेवामा क्रियाशील यस पत्रिकाका बारेमा पूर्ण-अपूर्ण कुनै रूपमा पनि अध्ययन गर्ने काम अहिलेसम्म गरिएको छैन। तैपनि यस पत्रिकाकै विभिन्न अङ्कमा भएका प्रतिक्रिया तथा समीक्षा टिप्पणीलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ–

(क) नागार्जुन साहित्यिक प्रतिष्ठानद्वारा प्रकाशित *नागार्जुन* त्रैमासिक पत्रिकाका बारेमा कमला थापाको वि. सं. २०५८ मङ्सिर २१ गते *हिमालय टाइम्स*मा प्रकाशित 'साहित्यिक पत्रिकाहरूको शृङ्खलामा नागार्जुन' टिप्पणी लेख,

(ख) प्रकाश सिलवालको *नागार्जुन*को पूर्णाङ्क १२ मा 'नागार्जुन : छवर्षे यात्रा र गन्तव्य' परिचयात्मक टिप्पणी लेख,

(ग) छायादत्त न्यौपाने 'बगर' र प्रभात सापकोटाका पूर्णाङ्क १२ मा क्रमश: 'बालसाहित्य विशेष (पूर्णाङ्क ८) लाई सरसर्ती केलाउँदा' र 'केवलपुरे विशेष अङ्कको समीक्षा' टिप्पणी लेखहरू,

(घ) यशोदा अधिकारीको पूर्णाङ्क १७ मा 'नागार्जुन पत्रिका तथा प्रतिष्ठानसँग आबद्ध महिला स्रष्टा र प्रकाशन' परिचयात्मक टिप्पणी लेख,

(ङ) अमर गिरीको पूर्णाङ्क १८ मा 'नागार्जुनको लोकतान्त्रिक साहित्य विशेषमा घोत्लिँदा' समीक्षा लेख,

(च) शान्ता मानवीको पूर्णाङ्क १८ मा 'नागार्जुनको नारीसमालोचना विशेषबारे' अनुभवजन्य समीक्षामा उल्लिखित विवरणमा पत्रिकामा प्रकाशित साहित्यिक र साहित्येतर सामग्रीहरूको विवरणलाई मात्र उल्लेख गरिएको छ । त्यहाँ भएका साहित्यिक रचनाहरूको विश्लेषण र मूल्याङ्कन गर्ने काम भएको देखिँदैन । छिटपुट प्रकाशित पाठकका चिठी, प्रतिक्रिया, परिचय तथा टिप्पणीहरूले मात्र २१ अङ्कसम्मको समग्र साहित्यिक अध्ययन-विश्लेषण तथा योगदान र मूल्याङ्कन हुन सकेको देखिँदैन । त्यसैले १–२१ अङ्कसम्मकै समग्र साहित्यिक अध्ययन-विश्लेषण गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राखी यो शोधपत्र तयार गरिएको छ।

### १.६ शोधकार्यको औचित्य

यस नागार्जुन पत्रिकाको विषयमा यसभन्दा अगाडि छिटपुट रूपमा सामान्य अङ्कसमीक्षा, टिप्पणी र प्रतिक्रियाहरूबाहेक शोधकार्य नभएकाले पूर्णाङ्क १ देखि २१ सम्ममा प्रकाशित सामग्रीहरूको विवरणसूची तयार गरी साहित्यिक अध्ययन-विश्लेषण गर्नु महत्त्वपूर्ण कार्य हो। यसमा प्रकाशित सामग्रीहरूको सन्दर्भसूचीको अभावलाई हटाउन यस शोधकार्यले सहयोग गर्नेछ। यसका साथै यस पत्रिकामा के-कस्ता प्रवृत्ति, विचार तथा भावका साहित्यिक तथा साहित्येतर सामग्रीहरू समावेश गरिएको छ र सिङ्गो नेपाली साहित्यिक पत्रकारिताको इतिहासमा नागार्जुनको के-कस्तो मूल्य रहेको छ भन्ने कुरा बुझ्नका लागि पनि प्रस्तुत शोधपत्र सहयोगी साथी हुने भएकाले यस अध्ययनको औचित्य स्पष्ट भएको छ।

### १.७ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोधपत्रको उद्देश्य नेपाली साहित्यिक पत्रपत्रिका प्रकाशनको परम्परामा नागार्जुन पत्रिकाको प्रकाशन र विवरणात्मक परिचयका साथै पूर्णाङ्क १ देखि २१ सम्मको समग्र अध्ययन-विश्लेषण गर्नु रहेकाले यसलाई नै आधार मानी सीमा निर्धारण गरिएको छ–

(क) पत्रिका प्रकाशनको परम्परा अध्ययन गर्दा मुख्य रूपमा नेपालभित्रबाट प्रकाशित साहित्यिक पत्रिकालाई नै आधार मानिएको छ र नेपालबाहिरलाई समेटिएको छैन।

(ख) साहित्यिक योगदानसम्बन्धी अध्ययनमा विधागत वर्गीकरण गरी तिनीहरूमा कविता, गीत, गजल, हाइकू, समालोचना तथा साहित्येतर सामग्रीहरूको समग्रतामा र अन्य विधाको रचनापिच्छे विचार तथा भावहरूलाई टिप्पणीगत रूपमा केलाउने काम गरिएको छ।

(ग) नागार्जुन पत्रिकामा प्रकाशित रचना-सामग्रीहरूको सूची तयार गर्ने क्रममा साहित्यिक विधा विभाजन गरी कालक्रमिक प्रकाशनका आधारमा सूची प्रस्तुत गरिएको छ।

(घ) पाठकका चिठी, सम्पादकीय र क्रिया-प्रतिक्रियाहरू सूचीमा समावेश गरिएका छैनन्।

समष्टिमा यस प्रकारको सीमाभित्र केन्द्रित रही शोधपत्र तयार गरिएको छ।

### १.८ सामग्रीसङ्कलन र शोधविधि

यस शोधका लागि मूलतः पुस्तकालयीय विधि र नागार्जुन पत्रिकासँग सम्बद्ध पदाधिकारीहरूसँगको भेटवार्तालाई आवश्यक सामग्रीसङ्कलनको आधार मानिएको छ। त्यस्तै यो शोधपत्र तयार गर्न आवश्यकताअनुसार विवरणात्मक, वर्णनात्मक, विश्लेषणात्मक र ऐतिहासिक विधिको अवलम्बन तथा अनुशीलन गरिएको छ। पत्रपत्रिकाको ऐतिहासिक परम्पराको अध्ययन गर्दा मुख्यतया ऐतिहासिक र सहायक रूपमा विश्लेषणात्मक विधि अपनाइएको छ। साहित्यिक योगदान खण्डमा मूल रूपले वर्णनात्मक तथा विश्लेषणात्मक विधिलाई अवलम्बन गरिएको छ भने सबै पूर्णाङ्कका प्रकाशित रचना-सामग्रीहरूको सूची पूर्ण रूपमा विवरणात्मक रहेको छ।

### १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नलिखित पाँच परिच्छेदमा विभाजन गरी तयार पारिएको छ–

परिच्छेद १ : शोधपरिचय

परिच्छेद २ : नेपाली साहित्यिक पत्रपत्रिकाप्रकाशनको परम्परामा 'नागार्जुन' को प्रकाशन र यसको परिचय

परिच्छेद ३ : 'नागार्जुन' पत्रिकामा प्रकाशित रचना वा सामग्रीहरूको विधागत रूपमा विवरणात्मक सूची

परिच्छेद ४ : 'नागार्जुन' पत्रिकाको साहित्यिक योगदान र विधागत सर्वेक्षण

परिच्छेद ५ : उपसंहार

परिच्छेद २

# नेपाली पत्रपत्रिका प्रकाशनपरम्परामा 'नागार्जुन' को प्रकाशन र परिचय

## २.१ पृष्ठभूमि

समाजका मूल्य, मान्यता, स्थिति तथा आकाङ्क्षाहरूको अनुभूतिजन्य कलात्मक अभिव्यक्ति साहित्य हो भने त्यसलाई विभिन्न माध्यमहरूबाट प्रकाशित र प्रसारित गरी भावकसम्म पुऱ्याउने काम पत्रकारिता हो भने साहित्यिक क्रियाकलापमा केन्द्रित सामग्रीहरूको संयोजन, प्रकाशन र प्रसारण गर्ने काम चाहिँ साहित्यिक पत्रकारिता हो। पत्रपत्रिका प्रकाशन भएपछि मात्र साहित्यिक गतिविधिले फस्टाउने मौका पाएको हो। समाजका विभिन्न जातजाति, धर्म, परम्परा, रीतिरिवाज, नवीनतम मूल्य-मान्यताहरू, वाद र प्रवृत्तिहरूलाई समयसापेक्ष रूपमा दिन र मानिसलाई सामाजिकताको पाठ सिकाई चेतनशील तथा शिक्षित समाजनिर्माणका लागि अग्रसर भएर पत्रपत्रिका प्रकाशित भएका छन्। अझ सामाजिकताको भाव जगाई समाजलाई अग्रसर गराउने कार्यमा साहित्यकार अगाडि नै रहने हुँदा उनीहरूका विभिन्न विधाका रचनाहरू पत्रपत्रिकाप्रकाशनसँगै प्रकाशित हुँदै आएका छन्। प्रकाशित साहित्यिक रचनाकै आधारमा ती पत्रपत्रिकाहरू आ꣡नो इतिहास बनाउन पनि सफल भएका छन्। वि. सं. १९५८ मा प्रकाशित गोरखापत्र, वि. सं. १९६३ मा प्रकाशित सुन्दरी, वि. सं. १९६५ मा प्रकाशित माधवी, वि. सं. १९९१ मा प्रकाशित शारदा, वि. सं. २०१७ मा प्रकाशित रूपरेखाजस्ता साहित्यिक पत्रिकाको प्रकाशनले नेपाली साहित्यको ऐतिहासिकताको महत्त्वलाई प्रकाश पार्ने काम गरेका छन्।

नेपाली पत्रपत्रिकाको जन्म र विकास खोज्दा बनारसमा रहेका नेपाली युवा साहित्यकारहरूले सञ्चालन गरेका साहित्यिक क्रियाकलापको आधारभूमिबाट नै पत्रपत्रिकाको प्रकाशन सुरु भएको हो। वि. सं. १९४३ मा मोतीराम भट्टको सम्पादनमा बनारसबाट नेपाली भाषामा प्रकाशित भएको गोर्खा-भारत जीवन पत्रिका नै हालसम्मको नेपाली भाषाको सबैभन्दा पुरानो पत्रिका मानिएको छ (श्रेष्ठ र शर्मा, २०६३ : २०६)। भारतको बनारसमा रहँदा मोतीराम भट्टले भारतीय पत्रपत्रिकाले साहित्यको क्षेत्रमा पुऱ्याएको योगदानले प्रभावित भई नेपाली भाषामा पनि पत्रपत्रिका प्रकाशन गरी साहित्यिक रचना/सिर्जनाहरू भावकसम्म पुऱ्याउनुपर्ने आवश्यकताको अनुभूति गरे। यही अनुभव/अनुभूतिको फलस्वरूप नेपाली भाषामा पत्रपत्रिकाप्रकाशनको इतिहास सुरुवात भएको हो भने नेपाली भूमिबाटै चाहिँ वि. सं. १९५५ साल श्रावण महिनादेखि मोतीकृष्ण शर्माको सम्पादनमा काठमाडौँबाट प्रकाशित भएको सुधासागर (मासिक) नै नेपाली पत्रकारिताको इतिहासको प्रथम पत्रिका हो (देवकोटा, २०५९ : २८)। यसरी विभिन्न समयमा पत्रिकाप्रकाशनको परम्पराले गति लिँदै अगाडि बढिरहेको छ। यसलाई छुट्टाछुट्टै शीर्षक र उपशीर्षक राखी तल अध्ययन गरिएको छ।

## २.२ नेपालमा पत्रपत्रिकाप्रकाशनको सुरुवात

नेपाली पत्रपत्रिकाको विकासमा वि. सं. १९४३ मा भारतभूमिमा प्रकाशित गोर्खा-भारत जीवनबाट सुरु भए वि. सं. १९५५ को श्रावणबाट सुधासागर (मासिक) नरदेव मोतीकृष्ण शर्माको सम्पादनमा नेपालभित्रबाट प्रकाशित नेपाली पत्रकारितामा सबभन्दा पहिलो पत्रिका बन्न पुग्यो। पाशुपत प्रेसमा छापिएर निस्कने यस पत्रिकामा कविता-कथाहरू छापिने गर्दथे ( देवकोटा, २०५९ : २८)। यो पत्रिका नै नेपालबाट प्रकाशित हुने र इतिहास बनाउने/रच्ने प्रथम पत्रिका हो भनेर मानिएको छ।

### २.३ पत्रपत्रिकाको चरणविभाजन र विकासप्रक्रिया

वि. सं. १९५५ मा प्रकाशित सुधासागर मासिकबाट नेपाली भूमिमै सुरु भएको नेपाली पत्रकारिताको विकास विभिन्न समयमा हुने राजनीतिक परिवर्तन र जनतामा आएको चेतनशीलताले गर्दा विभिन्न नयाँ-नयाँ घुम्ती र मोड तथा प्रवृत्तिहरूलाई आत्मसात् गर्दै निरन्तर अहिलेसम्म अगाडि बढिरहेको छ। पत्रकारिताको इतिहासमा सबभन्दा बढी राजनीतिक परिवर्तनले नै प्रभाव पारिरहेको छ। राजनीतिक परिवर्तनबाट पत्रकारिताले विकास गर्ने मौका पाएको छ भने कहीँ खुम्चिने अवस्था पनि आइपरेको छ। वि. सं. १९५८ मा देवशमशेरको उदार सोचका कारण गोरखापत्रको प्रकाशन प्रारम्भ भयो भने २००७ को परिवर्तनसँग अन्य पत्रपत्रिकाले पनि फस्टाउने मौका पाए। त्यस्तै २०१७ सालमा पार्टी प्रतिबन्धित तथा संसदीय व्यवस्थाको अन्त्य गरी पञ्चायती व्यवस्था लागू हुँदा कुनै नयाँ पत्रपत्रिका प्रकाशन हुन थाले भने कुनै पुराना पत्रिकामाथि प्रतिबन्ध लगाइयो। यो समय पत्रकारिताको हिसाबले कठिन कालरात्रिको समय हुन पुग्यो (लामिछाने र अन्य, २०६१ : १८)। वि. सं. २०३६ मा जनआन्दोलन भयो तर राजनीतिक परिवर्तन भएन। फेरि वि. सं. २०४६ मा राष्ट्रव्यापी जनआन्दोलन भयो र राजनीतिक परिवर्तन पनि भयो। यही राजनीतिक परिवर्तनसँगसँगै पत्रपत्रिका प्रकाशन हुने अथवा पत्रकारिताले फस्टाउने मौका पायो। यसरी नेपाली पत्रकारिताको इतिहासमा २००७ सालपूर्वको राणाशासनकाल, सातदेखि सत्र सालसम्मको प्रजातान्त्रिक सङ्क्रमणकाल, सत्रदेखि छयालीस सालसम्मको पञ्चायती एकतन्त्रीय शासनकाल र छयालीसदेखि प्रजातान्त्रिक बहुदलीय शासनकालमा विभिन्न प्रवृत्ति र मोडहरू देखा परे। यिनै प्रवृत्ति र मोडहरूलाई आधार मानेर वि. सं. २०५८ मा gfufh'{gको प्रकाशनसम्म पत्रकारिताको इतिहासलाई मूल रूपमा चार चरणमा विभाजन गरी अध्ययन गरिएको छ।

#### २.३.१ पहिलो चरण (सुरुदेखि २००७ सम्म : राणाशासनकाल)

वि. सं. १९५५ बाट सुरु भएको पत्रपत्रिकाको प्रकाशनपरम्परा २००७ सम्मको अवधिमा थालनीको कालखण्डका रूपमा मात्र रहन गएको छ। यस समयावधिमा राजनीतिक रूपमा निरङ्कुश राणाशासन भएको कारणले पत्रपत्रिकाहरू सङ्ख्यात्मक रूपमा थोरै प्रकाशित भएका छन्। प्रकाशित भएका पत्रिका भने गुणात्मक योगदान दिन सफल भएका छन्। यस चरणमा देशभित्र भन्दा देशबाहिरका पत्रपत्रिका सङ्ख्यात्मक र गुणात्मक दुवै रूपमा प्रकाशन भई योगदान दिन सफल भएका छन्। ;'wf;fu/ पत्रिका प्रकाशन

भएको करिब दुई वर्ष दस महिनापछि वि. सं. १९५८ जेठ ३ गते सोमबारबाट गोरखापत्र दोस्रो पत्रिकाका रूपमा प्रकाशन सुरु भयो (देवकोटा, २०५९ : २९)। यो सुरुदेखि साप्ताहिक, २००० आश्विन २९ बाट अर्द्धसाप्ताहिक, २००३ पुस ८ बाट त्रिसाप्ताहिक (लामिछाने र अन्य, २०६१ : २१) र २०१७ फागुन ७ बाट दैनिक रूपमा प्रकाशित हुन थाल्यो (लामिछाने र अन्य, २०६१ : २८)। यो पत्रिका नेपालबाट प्रकाशित दोस्रो पत्रिका भए पनि समाचारप्रधान साप्ताहिकका हिसाबले यो नै पहिलो पत्रिका भएको छ। यसले विभिन्न कालखण्डमा अर्द्धसाप्ताहिक, त्रिसाप्ताहिक र दैनिकका रूपमा प्रकाशित हुँदै अहिलेसम्म समाचारप्रधान र साहित्यिक दुवै रूपमा योगदान दिइरहेको छ। यो पत्रिकाको अपेक्षाकृत उदार, प्रजातान्त्रिक चेतना र विकासप्रेमी राणा प्रधानमन्त्री देवशमशेरको पालामा उनकै अनुमतिबाट प्रकाशन प्रारम्भ भएको थियो (लामिछाने र अन्य, २०६१ : २०)। तर उनको पदच्युतिसँगै अनुदारवादी राणा प्रधानमन्त्री चन्द्रशमशेरले यस पत्रिकालाई बन्द नगराई आ□नो अनुकूल प्रकाशन गराइरहे। त्यसैले बन्द नभई निरन्तर प्रकाशित भइरहनु नै यसको र पत्रकारिताकै उपलब्धि हो। वि. सं. १९५८ देखि शारदा (१९९१) को प्रकाशनपूर्व नेपालभित्रबाट अन्य कुनै पत्रिका प्रकाशित भएको देखिँदैन। त्यसैले साहित्यिक रचना तथा सामग्रीहरू खोज्न गोरखापत्र नै पल्टाउनुपर्ने हुन्छ। यस समयावधिमा प्रवासबाट प्रकाशित भएर नेपाली साहित्य र पत्रकारिताको विकासमा विशेष योगदान पुऱ्याउने महत्त्वपूर्ण पत्रिकाहरूमा गोर्खे खबर कागत मासिक (सम्पा. गङ्गाप्रसाद प्रधान, दार्जिलिङ, १९०१ इ.), उपन्यासतरङ्गिणी मासिक (सम्पा. एस. एस. शर्मा, बनारस, १९५९ साउन), सुन्दरी मासिक (सम्पा. रसिक समाज, बनारस, १९६३ असार), माधवी मासिक (सम्पा. मातृकाप्रसाद अधिकारी, बनारस, १९६५ कार्तिकपूर्णिमा), गोर्खाली साप्ताहिक (सम्पा. सूर्यविक्रम ज्ञवाली, बनारस, १९७२ असोज ११), चन्द्रिका मासिक (सम्पा. पारसमणि प्रधान, खर्साङ, १९७४ पुस), जन्मभूमि मासिक (सम्पा. सूर्यविक्रम ज्ञवाली, बनारस, १९७९ जेठ), गोर्खासंसार साप्ताहिक (सम्पा. ठाकुर चन्दन सिंह, देहरादुन, १९८३ कार्तिक १९), राजभक्ति साप्ताहिक (सम्पा. शम्भुप्रसाद ढुङ्गेल, बनारस, १९८३ चैत १८), तरुण गोर्खा साप्ताहिक (सम्पा. ठाकुर चन्दन सिंह, देहरादुन, १९८५ श्रावण २५), आदर्श मासिक (सम्पा. शेषमणि प्रधान, कालिम्पोङ, १९३० इ.) आदि रहेका छन् (श्रेष्ठ र शर्मा, २०६३ : २०७)। यी प्रवासी भूमिबाट प्रकाशित पत्रपत्रिकाले नेपाली पत्रपत्रिकाप्रकाशनको परम्परालाई विकास गर्दै साहित्यका विभिन्न विधाको विकासमा पनि उल्लेख्य योगदान दिएका छन्।

यसरी राणा प्रधानमन्त्री चन्द्रशमशेरको पालामा प्रवासमा नेपाली भाषाका पत्रपत्रिकाहरूको प्रकाशन प्रशस्तै भए पनि देशभित्र गोरखापत्र जीवित रह्यो भने अन्य कुनै पत्रिका प्रकाशित हुन सकेन। उनको शासनकाल समाप्त भएर जुद्धशमशेरको शासनकालमा पुग्दा अन्य पत्रपत्रिकाले प्रकाशित हुने मौका पाए। यसै क्रममा १९९१ साल फाल्गुनमा ऋद्धिबहादुर मल्लको सम्पादनमा शारदा मासिक सरकारी आर्थिक सहयोगमा निस्कन थाल्यो ( देवकोटा, २०५९ : ३०)। यस मासिक प्रकाशनले सरकारको आर्थिक सहयोग प्राप्त गर्ने

भएकाले शासकस्तुतिलाई यसले महत्त्व दिनु परे पनि नेपाली भाषासाहित्यमा यसले जुन किसिमको योगदान र देन दियो त्यसको ऐतिहासिक महत्त्व रहेको छ। यो निरङ्कुश राणाशासनकै अवधिमा रहेकाले स्वतन्त्र प्रकारले साहित्यिक रचना तथा सिर्जनाहरू छनोट गरी प्रकाशन गर्ने मौका पाएको थिएन। यसमा प्रकाशित हुने लेख, सिर्जना तथा रचनाहरू छनोट तथा जाँचबुझ गर्न चालीस सदस्यीय समति पनि गठन गरिएको थियो जुन समिति तत्कालीन नेपाली भाषा प्रकाशन समिति (पछि साझा प्रकाशनमा मिलाइएको) मातहतमा थियो (रेग्मी, dw'ks{, २०४९ चैत्र : ६)। यस पत्रिकाको लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, बालकृष्ण सम, भवानी भिक्षु र गुरुप्रसाद मैनालीजस्ता साहित्यकारहरूलाई चिनाउने काममा पनि उल्लेख्य साहित्यिक योगदान रहेको थियो (लामिछाने र अन्य, २०६१ : २२)। यसले जन्मोत्सव अङ्क, विजयाङ्क, नारी अङ्क, मोहन अङ्कलगायत विभिन्न विशेषाङ्कहरू प्रकाशित गर्नुका साथै नारीहरूका साहित्यिक रचनालाई प्राथमिकताका साथ प्रकाशित गरी साहित्यतर्फ अगाडि बढ्न प्रेरणा प्रदान गऱ्यो (देवकोटा, २०५९ : ३०)। यस प्रकार विभिन्न कठिनतम अवस्थाहरू झेल्दै, बीच-बीचमा बन्द हुँदै र निस्किँदै गरेर नेपाली भाषासाहित्यको सेवाको काममा वर्ष २०, अङ्क ७ पछि यो पूर्ण रूपमै बन्द हुन पुग्यो भने हाल गत दुई वर्षदेखि नयाँ संस्करणका रूपमा शिव रेग्मीको सम्पादनमा यो पत्रिका निस्कन थालेको छ।

यसपछि १९९२ भदौ १ बाट सूर्यभक्त जोशीको सम्पादनमा उद्योग पाक्षिक प्रकाशन हुन थाल्यो (श्रेष्ठ र शर्मा, २०६३ : २०७)। यसमा साहित्यिक रचनाहरू छापिएका देखिँदैनन्। यो पत्रिकाले वर्ष ३, सङ्ख्या १ देखि मासिक रूपमा प्रकाशित भई विभिन्न रचनाहरू प्रकाशन गर्न थालेको थियो। राणाशासन र प्रजातान्त्रिक दुवै शासनको अवस्था भोगेको यो पत्रिका अन्ततः वर्ष १४, सङ्ख्या ९ पछि एउटा गहकिलो 'लेखक परिचयाङ्क' निस्केपछि बन्द भयो ( देवकोटा, २०५९ : ३२ र ५५७)।

वि. सं. २००५ मा अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेर जबराले आ□नो सत्ता लम्ब्याउने तानाबानाको फलस्वरूप 'छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २००५' जारी गरेर पत्रकारिताको विकासलाई अवरुद्ध गराई जनतामा बढ्दै गइरहेको चेतनालाई नियन्त्रण गर्ने ध्येय राखे पनि पत्रपत्रिकाप्रकाशनको गति अवरुद्ध भने भएन (लामिछाने र अन्य, २०६१ : २३)। यसै अवधिमा २००४ साल जेठ २ देखि घरेलु इलम पत्रिका र शिक्षा पाक्षिक निकाली क्रमशः घरेलु इलमसम्बन्धी प्रचार र शिक्षासम्बन्धी ज्ञान दिलाउने र २००४ साल मार्ग १४ देखि प्रकाशन भएको काठमाडौँ म्युनिसिपल पत्रिका पाक्षिकले पनि म्युनिसिपलिटी र अन्यत्रका गतिविधिको ज्ञान दिने काम गरे (देवकोटा, २०५९ : ३२)। यसै गरी २००५ साल असोजदेखि देवीप्रसाद रिमालको सम्पादनमा आँखा मासिक, २००५ साल असोज १५ देखि जितेन्द्रबहादुर शाह, त्रैलोक्यनाथ उप्रेती, खड्गमान मल्ल, भवनाथ उपाध्याय र तारामान सिंह गरी पाँच जनाको सम्पादनमा नेपाल शिक्षा मासिक प्रकाशन भए। आँखा मासिक सरकारी आर्थिक सहयोगमा विद्यालय स्तरका शिक्षक तथा विद्यार्थीहरूका रचनाहरू प्रकाशित गर्ने उद्देश्यबाट

प्रकाशित भएको थियो भने नेपाल शिक्षा मासिक सरकारी तवरबाटै प्रकाशन भएको थियो ( देवकोटा, २०५९ : ३२–३३)। यसै अवधिमा २००६ साल पुसमा बुद्धिसागर पराजुली र अरूको सम्पादनमा काठमाडौँबाट पुरुषार्थ मासिक पत्रिकाको प्रकाशन सुरु भयो (श्रेष्ठ र शर्मा, २०६३ : २०८–२०९)। यो सरकारी सहयोगमा निकालिएको, विभिन्न रचना प्रकाशित गरी नेपाली साहित्यसेवामा पछि नपरेको यो पत्रिका २०१० सालभन्दा पछि प्रकाशन हुन छोडचो ( देवकोटा, २०५९ : ३२–३३)।

यसरी २००७ सालपूर्व नेपालभित्र प्रकाशन भएका पत्रपत्रिकाको क्रियाकलापलाई अध्ययन गर्दा राणाहरूको क्रूर शासनमा पत्रकारिताको विकास राम्रो देखिँदैन। विकास हुन नसक्नुको कारणमा राणाहरूको क्रूर शासनको भयबाट पत्रपत्रिकाहरू स्वतन्त्र रूपमा प्रकाशित हुन नसक्नु, जनतामा चेतना बढेर शासनसत्ता छोटिन्छ भन्ने भावनाले राणाहरूले विभिन्न अवरोध खडा गर्नु, प्रकाशित भएका पत्रपत्रिकालाई पनि सरकारी नियन्त्रणमा राखी आ□ना अनुकूल बनाएर प्रकाशित गर्नु-गराउनु, प्रकाशित पत्रपत्रिकाको सङ्ख्या न्यून हुनु, प्रकाशनका लागि निजी स्तरका छापाखानाहरूको सङ्ख्या नहुनु वा कम हुनु, प्रकाशित भएका पत्रपत्रिका पनि ग्राहक नभएर बन्द हुनु, प्रकाशन गर्नलाई आर्थिक अवस्था सबल नहुनु, प्रकाशित पत्रिकाले पनि पाठकको मन जित्न नसक्नु, प्रकाशनको अनियमितता हुनुजस्ता कुराहरू यस समयका पर्याप्त सीमा र समस्या हुन् भने गोरखापत्रको प्रकाशन साप्ताहिक, अर्द्धसाप्ताहिक र त्रैसाप्ताहिक हुँदै निरन्तरता पाउनु, शारदाजस्तो साहित्यिक पत्रिकाको प्रकाशन भई स्रष्टाहरू जन्माउनु, प्रवासबाट प्रशस्त पत्रपत्रिका प्रकाशित हुनु र अन्य प्रकाशित भएका पत्रपत्रिकाहरू पनि साहित्यिक रचना र क्रियाकलापलाई उच्च स्थान दिएर निस्कनु यस अवधिका प्रमुख प्राप्ति वा उपलब्धि हुन्।

### २.३.२ दोस्रो चरण (२००७ देखि २०१७ सालसम्म : प्रजातान्त्रिक काल)

वि. सं. २००७ मा १०४ वर्षे एकतन्त्रीय निरङ्कुश राणाशासन समाप्त भई प्रजातान्त्रिक राजनीतिक परिवर्तनको अभ्यासले प्रकाशन, वाक्स्वतन्त्रता पाउनुका साथै मौलिक हकहरूको उपयोग गर्ने मौका प्राप्त गऱ्यो। पत्रपत्रिकाहरूले सरकारी नियन्त्रणबाट मुक्ति पाए, फलस्वरूप पत्रपत्रिकाप्रकाशनको क्षेत्रमा धेरै पत्रपत्रिकालाई जन्म लिई हुर्किने अवसर प्राप्त भयो। ती पत्रपत्रिकाहरूले वाक्स्वतन्त्रता, प्रकाशनस्वतन्त्रता तथा मौलिक हकको राम्ररी उपयोग गर्दै जनचेतना अभिवृद्धि गर्ने खालका सामग्रीहरू प्रकाशित गरे। त्यसैले पत्रकारिताको इतिहासमा महत्त्वपूर्ण रहेको यो दशकमा दैनिक, अर्द्धसाप्ताहिक र साप्ताहिकका रूपमा पत्रपत्रिका प्रकाशित भए।

२००७ सालको राजनीतिक परिवर्तनसँगै २००७ साल फागुन ८ गते सिद्धिचरण श्रेष्ठ र गोविन्द गोठालेको सम्पादनमा काठमाडौँबाट आवाज दैनिक पत्रिका निस्कन थाल्यो। यो पत्रिका नै नेपाली पत्रकारिताको इतिहासमा प्रथम दैनिक पत्रिका थियो (श्रेष्ठ र शर्मा, २०६३ : २०९)। यसले जनतालाई नवचेतना दिने खालका सामग्रीहरू प्रकाशन गर्दै सबैको माया बटुल्यो। यो दैनिक पत्रिका सरकारी सहायता पाएर पनि वर्ष २, सङ्ख्या १०७ सम्म प्रकाशन

भई बन्द हुन पुग्यो (देवकोटा, २०५९ : ३४–३५)। यसै दशकमा निस्केका अन्य दैनिक पत्रपत्रिकाहरूमा समाज (सम्पा. पशुपतिदेव पाण्डे, २०११ भदौ २४), दैनिक समाचार (सम्पा. शङ्करनाथ शर्मा, २०१२ श्रावण ६), समय (सम्पा. माणिकलाल श्रेष्ठ, २०१३ भदौ १), हालखबर (सम्पा. बिन्दुनाथ प्याकुरेल, २०१३ कार्तिक २८), सही सन्देश (सम्पा. जनकमान श्रेष्ठ, २०१३ माघ १६), दियालो (सम्पा. तारिणीप्रसाद कोइराला, २०१३ फागुन २३), गोरेटो ( सम्पा. डिल्लीबहादुर श्रेष्ठ, २०१४ जेठ ३०), भूगोलपार्क (सम्पा. मङ्गलमान नेपाली, २०१४ जेठ ६), जनमत (सम्पा. योगेन्द्रराज श्रेष्ठ 'शङ्कर', २०१४ श्रावण २५), जनता (सम्पा. गणेशलाल मानन्धर, २०१४ फागुन २), उज्यालो (सम्पा. तारिणीप्रसाद कोइराला, २०१४ मङ्सिर १९), बाछिटा (सम्पा. धनुषचन्द्र गौतम, २०१४ पुस १८), कल्पना (सम्पा. तारिणीप्रसाद कोइराला, २०१४ माघ १), लोकमञ्च (सम्पा. विजयनाथ शास्त्री, २०१५ आश्विन १०), नयाँ जमाना (सम्पा. कृष्णदास श्रेष्ठ, २०१५ माघ २१), ममता (सम्पा. पञ्चलाल श्रेष्ठ, २०१६ पुस २१) आदि रहेका छन् (देवकोटा, २०५९ : ५३४–५३७)। यी दैनिक पत्रपत्रिकाहरू स्थायी रूपमा प्रकाशत भई अगाडि बढे पनि नेपाली भाषासाहित्यमा थोरबहुत योगदान दिन भने सफल भएका छन्।

यसै अवधिमा प्रकाशित भएका अर्द्धसाप्ताहिकहरूमा छाप्रो (सम्पा. काशीराज उपाध्याय, २००९ जेठ २१), खसोखास (सम्पा. भोजबहादुरसिंह न्यौपाने, २००९ असार ११), हाम्रो नेपाल (सम्पा. कृष्णबहादुर ठकुरी, २०१३ भदौ १०) आदि रहेका छन्। यी पत्रिकाको उद्देश्य पनि साहित्यिक योगदान मात्र दिने नभएर जनताको चेतना फैलाई जागरण पैदा गर्ने समाचारहरू दिनु नै रहेको थियो (देवकोटा, २०५९ : ५३९)

यसरी यस अवधिमा अर्द्धसाप्ताहिक पत्रपत्रिकाहरूको प्रकाशनसङ्ख्या कमै भए पनि साप्ताहिक पत्रपत्रिकाप्रकाशनको क्षेत्रमा भने निकै प्रगति भएको देखिन्छ। प्रजातन्त्रस्थापनाको तीन दिनअगाडि २००७ साल फागुन ४ गते हृदयचन्द्रसिंह प्रधानको सम्पादनमा जागरण साप्ताहिक निस्किन थाल्यो। यो प्रजातन्त्रको रक्षा तथा सुदृढीकरण र जनचेतना अभिवृद्धि गर्ने दृष्टिकोणको पहिलो समाचारप्रधान पत्रिका हो (देवकोटा, २०५९ : ३३ र ११४)। यसै समयावधिका अन्य साप्ताहिक साप्ताहिक पत्रिकाहरूमा राँको (सम्पा. ईश्वरानन्द श्रेष्ठाचार्य, २००८ कार्तिक ८), झिल्को (सम्पा. नारायणप्रसाद बाँसकोटा, २००९ असार २३), प्रजातन्त्र (सम्पा. भक्तबहादुर, २००९ श्रावण १०), राष्ट्रवाणी (सम्पा. रामचन्द्र उपाध्याय, २००९ कार्तिक १९), आलोक (सम्पा. विजयबहादुर मल्ल, २००९ पुस १६), हलचल (सम्पा. जगत्चन्द्र मोहन, २०१० माघ ८), नेपाल पुकार (सम्पा. शङ्करप्रसाद, २०१० फागुन ५), मसाल (सम्पा. गणेशप्रसाद श्रेष्ठ, २०१० चैत्र ४), जनमत (सम्पा. गोपालचन्द्र गौतम, २०१०), युगदूत (सम्पा. गोपालदास, २०११ भदौ ९), प्रहरी (सम्पा. मणिराज उपाध्याय, २०११ आश्विन १), प्रकाश (सम्पा. खड्गबहादुर बोगटी, २०११ पुस १), लोकवार्ता (सम्पा. सूर्यबहादुर भारद्वाज, २०१२ वैशाख २६), सन्देश (सम्पा. गणेशलाल मानन्धर, २०१२ जेठ २२), इन्साफ (सम्पा. केदारनाथ शर्मा, २०१३ वैशाख १), संयुक्त प्रयास (सम्पा. कलानाथ

अधिकारी २०१३ असार ३), झ्याली (सम्पा. प्रमोदशमशेर, २०१३ पुस १७), नवयुग (सम्पा. देवीप्रसाद अधिकारी, २०१४ कार्तिक १५), राष्ट्रिय प्रजा सन्देश (सम्पा. गोविन्दप्रसाद उपाध्याय, २०१४ मङ्सिर १२), नयाँ मोड (सम्पा. राधेश्याम भट्ट, २०१५ श्रावण १०), जनप्रयास (सम्पा. शिवहरसिंह प्रधान, २०१६ माघ १), समीक्षा (सम्पा. मदनमणि दीक्षित, २०१७ वैशाख ३०) आदि रहेका छन् (देवकोटा, २०५९ : ५४०–५४४)। यी प्रकाशित साप्ताहिक पत्रपत्रिकाको उद्देश्य पनि जनताहरूलाई सचेत गराई प्रजातन्त्रको रक्षा र सुदृढीकरण गर्न तथ्यपरक सामग्रीहरू प्रसारण गर्ने रहेको देखिन्छ (देवकोटा, २०५९ : ११४–११९)।

यस दस वर्षको अवधिमा पाक्षिक पत्रपत्रिकाहरू पनि प्रकाशित भएका छन् जसमा झङ्कार (सम्पा. तारिणीप्रसाद कोइराला, २००८ आश्विन १), राष्ट्रहित (सम्पा. केदारनाथ न्यौपाने र केदारनाथ शर्मा, २००९ पुस १), शिक्षा समाचार (सम्पा. लवबहादुर 'कपिल', २०१० वैशाख १), मानवजागृति (सम्पा. हरिभक्त प्रधान, २०१२ कार्तिक ५), प्रेरणा (सम्पा. विजयराज शर्मा, २०१३ असार १), रेडियो दर्पण (रेडियो नेपाल, २०१४ भदौ १), निर्माण ( सम्पा. सत्यमोहन जोशी, २०१६ वैशाख १), चेतना (सम्पा. सरोजिनी मानन्धर, २०१६ वैशाख १५), राष्ट्रदूत (सम्पा. मदनबहादुर प्रधान र भरतराज जोशी, २०१६ मङ्सिर १९) आदि रहेका छन् (देवकोटा, २०५९ : ५५१–५५३)।

प्रजातान्त्रिक अभ्यासले गर्दा पत्रकारिताको विकास राम्ररी फस्टाएको यस समयावधिमा मासिक पत्रपत्रिकाहरूको प्रकाशनले नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका थिए। यस समयका प्रकाशित मासिक पत्रपत्रिकाहरूमा महिला (सम्पा. कुमारी कामाक्षी र कुमारी साधना प्रधान, २००८ जेठ), बालसखा (सम्पा. धनमानसिंह परियार, २००८ माघ १५), जागृति (सम्पा. शारदाप्रसाद उपाध्याय, २००९ असार १), विद्यार्थी ( सम्पा. भारतप्रसाद धिताल, २००९ भदौ), प्रतिभा (सम्पा. कुन्तीदेवी, २००९ भदौ), परोपकार (सम्पा. दिलबहादुर 'नेपाली', २०१० वैशाख), जनविकास (सम्पा. रमादेवी पन्त, २०१० श्रावण), प्रगति (सम्पा. नारायणप्रसाद बाँसकोटा, २०१०), भोर (सम्पा. शेखरबाबू मानन्धर, २०११ भदौ १), इन्द्रेणी (सम्पा. ईश्वर बराल, २०१३ वैशाख), धरती (सम्पा. भवानी भिक्षु र ईश्वर बराल, २०१३ वैशाख), शान्ति (सम्पा. स्वामी ईश्वरानन्द, २०१४ भदौ), गाउँघर ( सम्पा. सूर्यप्रसाद श्रेष्ठ, २०१५ मङ्सिर), दीपशिखा (सम्पा. जुलुम श्रेष्ठ र अन्य, २०१५), किसान (सम्पा. वासु पासा, २०१६ आश्विन), सिर्जना (सम्पा. शिवगोपाल रिसाल र अन्य, २०१६ चैत्र), दर्पण (सम्पा. गोपालप्रसाद रिमाल, २०१७ जेठ) आदि देखा पर्दछन् (देवकोटा, २०५९ : ५५७–५६१)। यसै गरी सेवा (सम्पा. श्यामप्रसाद शर्मा, वीरगन्ज, २००८ भदौ), आदर्श वाणी (सम्पा. लक्ष्मण शास्त्री र अरू, विराटनगर, २००९), नयाँ किरण (सम्पा. अमरध्वज खाती, पाल्पा, २०१४), छात्रछात्रा (सम्पा. देवीप्रसाद का ले र अरू, विराटनगर, २०१६ असोज), जुनेली (सम्पा. माधव भण्डारी र अरू, इलाम, २०१६) आदि मोफसलबाट प्रकाशित मासिक पत्रपत्रिकाहरू हुन् (श्रेष्ठ र शर्मा, २०६३ : २०९–२१७)।

यी सबै पत्रपत्रिकाहरूको उद्देश्य नेपाली भाषा र साहित्यको विकासमा सहयोग पुऱ्याउने नै रहेको थियो। यसमा पनि जागृति, परोपकार, प्रगति, इन्द्रेणी, धरती, सिर्जनाजस्ता पत्रिकाहरूको साहित्यिक फाँटमा उल्लेख्य योगदान रहन पुगेको देखिन्छ।

जागृति मासिक २००९ असारदेखि २०१० साल फागुनसम्म जम्मा ११ अङ्क प्रकाशित भएर बन्द भयो। जागृति मासिक शिक्षा, संस्कृति, सामाजिक व्यवस्था र साहित्यका विविध पक्षमा लेखिएका लेख, निबन्ध, कविता, एकाङ्की, कथा, जीवन, समीक्षा आदि रचना प्रकाशित गर्ने गद्यप्रधान पत्रिका हो (रेग्मी, २०६३ : ५०–५३)।

परोपकार पनि यस अवधिको अर्को साहित्यिक मासिक पत्रिका हो। २०१० साल वैशाख महिनाबाट २००४ सालमा स्थापित परोपकार सङ्घ संस्थाले मुखपत्रका रूपमा परोकार मासिकको प्रकाशन थालेको थियो। यो धेरै वर्ष चल्न नसके पनि क्रान्तिपछिको नेपाली साहित्यको एउटा सिङ्गो इतिहास बोक्न सफल रहेको देखिन्छ। यो वर्ष ३, अङ्क ९ अथवा जम्मा २२ अङ्क प्रकाशित भएर बन्द भएको देखिन्छ। यो पत्रिका दुई दर्जनभन्दा बढी कथाकारका कथाहरू, केही एकाङ्कीहरू, लेखनाथ, सम र देवकोटासहित अन्यका उत्कृष्ट कविताहरू, शोधपरक लेख तथा निबन्धहरू, लोकगीत र लोकसंस्कृतिसम्बन्धी लेख आदि प्रकाशित गरी नेपाली साहित्यको इतिहासमा धेरथोर देन दिन सफल भएको छ (रेग्मी, २०६३ : ६२–६४)।

प्रगति सुरुमा साहित्यिक मासिकका रूपमा प्रकाशन भए पनि पछि छापाखानाको व्यवधानले गर्दा द्वैमासिक रूपमा प्रकाशित गर्नुपरेको थियो भन्ने देखिन्छ। यस पत्रिकाका जम्मा १६ अङ्कमा कथा, लेख-निबन्ध, समालोचना, एकाङ्की आदिसमेत चार सयभन्दा बढी रचनासामग्री रहेको देखिन्छ। कविता र गीत १८७, कथा ७५, लेख-निबन्ध र समालोचना १३५ र एकाङ्की १३ प्रकाशित गरी नेपाली पत्रपत्रिकाको इतिहासमा नामी लेखकका दामी लेखरचनाहरू वा उच्चस्तरीय र गरिमामय रूपले भरिएको साहित्यिक सँगालोका रूपमा रहेको यो पत्रिकाका प्रकाशन सम्पादक नारायणप्रसाद बाँसकोटाको व्यक्तिगत लगानी र सुरुमा राज त्रिभुवनको केही आर्थिक सहयोगमा भएको देखिन्छ (रेग्मी, २०६३ : ५४–५५)।

धरती भवानी भिक्षु र ईश्वर बरालको सम्पादनमा २०१३ साल फागुनदेखि प्रकाशित गद्य साहित्यको गहकिलो र स्तरीय पत्रिकाका रूपमा इतिहास बोक्न सफल साहित्यिक पत्रिका हो। यो पत्रिका करिब चार वर्षको अवधिमा ११ अङ्क प्रकाशित भएर बन्द भएको देखिन्छ जसमा लेख-निबन्ध ५७, कथा ५५, नाटक-एकाङ्की ६ र कविता ९९ वटा स्तरीय र गरिमामय रूपमा समाविष्ट छन् (रेग्मी, २०६३ : ७७–७९)।

यसै समयमा प्रकाशित भएका द्वैमासिक पत्रपत्रिकाले पनि नेपाली भाषा र साहित्यको विकासमा देन दिएका छन्। गुणात्मक रूपमा भाषासाहित्यको विकास गरी इतिहास रच्न सफल द्वैमासिक पत्रिकाहरूमा नेपाल शिक्षा (सम्पा. तारामान सिंह र लालबहादुर का□ले, २००९ वैशाख-जेठ), डाँफे चरी (सम्पा. धर्मराज थापा, २०१०), कोसेली (सम्पा. सुन्दरप्रसाद शाह 'दु:खी', २०१०), जनसाहित्य (सम्पा. पुष्करशमशेर र अन्य, २०११), दीपशिखा (सम्पा.

केदारमान र अन्य, २०१५), साहित्य (सम्पा. श्यामप्रसाद, २०१६), कविता (सम्पा. सिद्धिचरण र अरू, २०१७), दर्पण (सम्पा. जयेन्द्रबहादुर थपलिया, २०१७), इन्दु (सम्पा. कुमुदेशप्रसाद, २०१७), रूपरेखा (सम्पा. वासुदेव रिमाल, २०१७), स्वास्नीमान्छे (सम्पा. शशिकला शर्मा, २०१७), सङ्गम (सम्पा. सत्यमोहन जोशी र अरू, २०१७), छहारी (सम्पा. चूडामणि रेग्मी र अरू, २०१५), प्रोत्साहन (सम्पा. पूर्णानन्द शर्मा, २०१६), स्वराष्ट्र (सम्पा. जगत्बहादुर सिंह, २०१६) आदि रहेका छन्। यिनमा छहारी, प्रोत्साहन र कल्पना विराटनगर र स्वराष्ट्र नेपालगन्जबाट प्रकाशित पत्रपत्रिकाहरू हुन् (देवकोटा, २०५९ : ५६९–५७२)। धर्मराज थापाको सम्पादनमा काठमाडौँबाट प्रकाशित डाँफे चरी (२०१०) द्वैमासिक नेपाली लोकसाहित्यप्रधान पहिलो पत्रिका हो (श्रेष्ठ र शर्मा, २०६३ : २११)। यो २०१५ ग्रीष्मसम्म वा वर्ष ६, सङ्ख्या ५ सम्म मात्र प्रकाशित भएको थियो (देवकोटा, २०५९ : ५६९)।

इन्दु द्वैमासिक २०१७ सालमा के. पी. (कुमुदेशप्रसाद) शैलको सम्पादनमा र २०१६ सालमा स्थापित शैलेन्दु प्रकाशनबाट प्रकाशित साहित्यिक पत्रिका हो। यसका उद्देश्य नयाँ लेखकहरूलाई प्रोत्साहन दिने र प्रगतिशील साहित्य प्रकाशित गर्ने रहेको थियो। यो पत्रिका जम्मा चार अङ्क मात्र प्रकाशित भई आफूलाई नेपाली साहित्यिक इतिहासमा उभ्याउन सफल देखिन्छ। यसले डेढ दर्जन कथा र एक दर्जन समालोचनात्मक निबन्ध प्रकाशित गरी गद्य साहित्यलाई अघि बढाउने काम गरेको थियो (रेग्मी, २०६३ : ९०–९१)। सिद्धिचरण श्रेष्ठ, माधवप्रसाद घिमिरे, दान खालिङ र हर्ष धौभडेलको संयुक्त सम्पादनमा वि. सं. २०१७ वैशाख-जेठदेखि प्रकाशित पत्रिका कविता हो। यो स्तरीयता र सम्पादनकौशलले पनि उच्च कोटिको कवितासम्बन्धी पत्रिका भएको छ (रेग्मी, २०६३ : ९३–९४)। गोपालप्रसाद रिमालको सम्पादनमा २०१७ सालमा प्रकाशन भएको पत्रिका हो दर्पण। यसका जम्मा ३ अङ्क प्रकाशित भएको देखिन्छ। यी तीन अङ्कमा लेख-निबन्ध, कथा, समालोचना, कविता-गीत, एकाङ्की, समीक्षा आदि रचनाहरू रहेका थिए भने यस पत्रिकाका सम्पादकीयहरू अध्ययनीय एवम् मननीय रहेका थिए (रेग्मी, २०६३ : ९६–९९)।

रूपरेखा (२०१७) साहित्यिक पत्रिका राष्ट्रिय पुस्तकालयद्वारा वासुदेल रिमालको सम्पादनमा काठमाडौँबाट सुरुमा द्वैमासिक र पछि मासिक भएर प्रकाशन हुने र शारदा मासिकपछाडिको दोस्रो साहित्येतिहास बनाएको पत्रिका हो। नेपाली वाङ्मयसाहित्यमा प्रयोगवादी धारालाई स्थापित गर्न र समग्रमा नेपाली भाषासाहित्यको श्रीवृद्धि गर्न बाइस वर्षभन्दा बढी समय साहित्यसेवामा लागिसकेको छ। यसले नेपाली साहित्यका नयाँ-पुराना प्रतिभाका रचनाहरूलाई मिलाएर स्थान दिएको छ। विभिन्न विधाका विशेषाङ्क निकाल्नेदेखि लिएर कुनै निश्चित सिद्धान्तको पक्षमा मात्र केन्द्रित नभई प्रयोगवादी र झर्रोवादीदेखि झर्रोवादविरोधीहरू, प्रगतिवादी अनि आधुनिकदेखि पौराणिकसम्मका सबैखाले रचनाहरूलाई समान महत्त्व दिएको छ (शर्मा, २०३९ : २४५)। अहिलेसम्म वा २०६६ असार महिनासम्म मधुपर्क मासिक (४८१) का अङ्कहरूपछि दोस्रो (३३८) मा बढी अङ्क प्रकाशित गर्ने पत्रिकामा रूपरेखा पर्दछ।

यस समयावधिमा प्रकाशित त्रैमासिक पत्रपत्रिकाहरूमा नेपाल संस्कृति परिषद् पत्रिका (सम्पा. ईश्वर बराल, २००९), आह्वान (सम्पा. केशवलाल कर्माचार्य र शरद्चन्द्र शर्मा, २००९), स्वास्नीमान्छे (सम्पा. शशिकला शर्मा, २०१५), प्रहरी (सम्पा. जितेन्द्रध्वज 'किरण', २०१६), नेपाली (सम्पा. कमल दीक्षित, २०१६ आदिले पनि नेपाली भाषा र साहित्यको उत्थान गर्न सकेका छन् (देवकोटा, २०५९ : ५७३–५७६)।

वि. सं. २०१५ मा शशिकला शर्माको सम्पादनमा प्रकाशित भएको स्वास्नीमान्छे त्रैमासिक पत्रिकाले नामअनुसार नै हाम्रो समाजमा हेपिएका, दलिएका र अन्यायमा परेका महिलाका रचनाप्रकाशनमा स्थान दिने तथा त्यस्ता वर्गलाई सचेत तुल्याउने काममा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। यो पत्रिका दुई वर्षसम्म त्रैमासिक र त्यसपछि द्वैमासिक रूपमा प्रकाशित भएको देखिन्छ (देवकोटा, २०५९ : १२१)। यस्तै २०१६ सालदेखि मदन पुरस्कार गुठीको मातहतमा कमल दीक्षितको सम्पादनमा काठमाडौँबाट प्रकाशित नेपाली त्रैमासिक पनि २०६४ सालमा आइपुग्दा १९२ अङ्क प्रकाशित भई नेपाली भाषा र साहित्यको योगदानमा आफूलाई उभ्याएको छ (भट्टराई, २०६४ : कार्यपत्र ६)। यस पत्रिकामा अनुसन्धानात्मक लेखरचनाहरु प्रकाशित हुने हुनाले भाषा र साहित्यका विद्यार्थीलाई उपयोगी बनेको छ (शर्मा, २०३९ : २४५) यसै अवधिमा बनारसबाट प्रकाशित हुँदै आएको नौलो पाइलो त्रैमासिक २०१४ सालदेखि बालकृष्ण पोखरेलको सम्पादनमा काठमाडौँबाट प्रकाशित भयो (देवकोटा, २०५९ : ५७४)।

यसै अवधिमा शक्ति (सम्पा. लोकराज बराल, २०१७) अर्द्धवार्षिक पत्रिका काठमाडौँबाट र जनविकास (सम्पा. रामहरि जोशी, २०१७) अर्द्धवार्षिक पत्रिका महोत्तरीबाट प्रकाशित भएका थिए भने वार्षिक रूपमा इन्द्रधनुष (२००८), प्रकाश (२०१६) आदि पत्रिका पनि नेपाली भाषा र साहित्यको अभिवृद्धिका लागि अग्रसर देखिन्छन् (देवकोटा, २०५९ : ५७८–५८१)।

यसरी यस दशकको अवधिमा प्रजातान्त्रिक राजनीतिक अभ्यासले गर्दा नेपाली पत्रपत्रिकाको क्षेत्रमा विभिन्न समस्याका बीचबाट पनि यो समय उपलब्धिपूर्ण देखिएको छ। आर्थिक कारणले गर्दा पत्रपत्रिकाप्रकाशनले नियमितता र निरन्तरता पाउन नसक्नु, पत्रकारितासम्बन्धी सरकारी नीति स्पष्ट नहुनु, राजनीतिक कारणबाट पत्रिका र पत्रकारिताको क्षेत्रमा फुट देखिनुजस्ता कुरा यस अवधिका नकारात्मक कुरा हुन् भने प्रवासमा केन्द्रित पत्रपत्रिकाप्रकाशनको परम्परामा परिवर्तन भई स्वदेशबाटै प्रशस्त पत्रपत्रिका प्रकाशित हुनु, विभिन्न सङ्घ-संस्थाहरू सञ्चालन गरी पत्रपत्रिकाप्रकाशनको क्षेत्रमा संस्थागत प्रयास हुनुजस्ता कुरा यस अवधिका उपलब्धि हुन्।

यसै अवधिमा नेपाली साहित्यको क्षेत्रमा पनि उपलब्धिपूर्ण कुराहरू भेट्टाउन सकिन्छ। यस अवधिमा सामाजिक तथा राजनीतिक क्षेत्रका नराम्रा विकृति-विसङ्गति तथा व्यक्तिका कुण्ठालाई सोझै साहित्यमा अभिव्यक्त गर्न थालियो। राजनीतिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक स्वतन्त्र र उन्मुक्त वातावरण सिर्जना भयो; फलस्वरूप साहित्यमा पनि अनेकौँ नयाँ

सोच, चिन्तन र वादहरू देखा परे। यही अवधिमै नेपाली साहित्यमा पनि मार्क्सवादी चिन्तनलाई अवलम्बन गरी पुँजीवादी सामन्ती शोषण र उत्पीडनका विरुद्धमा प्रगतिशील साहित्यको विकास हुन थाल्यो।

यसै अवधिमा परम्परागत सोचकै लेखन (आदर्शवादी) ले निरन्तरता पायो भने अन्य धेरै सोच-चिन्तन (वाद) ले फस्टाउने मौका पाए। प्रयोगवादी र मनोवैज्ञानिक साहित्यको पनि बीजाङ्कुर भयो। साहित्यका यस प्रकारका सोच, चिन्तन, वाद तथा प्रवृत्तिहरूलाई विकासतर्फ लम्काउने काममा यस समयका पत्रपत्रिकाहरूको योगदान महत्त्वपूर्ण रहन गएको छ।

२.३.३ तेस्रो चरण (२०१७–२०४६, पञ्चायतकाल)

वि. सं. २०१७ पुस १ गते राजा महेन्द्र शाहबाट दलहरूमाथि प्रतिबन्ध लगाई निर्दलीय पञ्चायती व्यवस्थाको घोषणा गरेपछि नेपालको राजनीतिक क्षेत्रमा भएको परिवर्तनले नेपाली भाषा-साहित्य र पत्रकारिता दुवै क्षेत्रमा प्रभाव पर्‍यो। दलका नेता कोही जेल परे, कोही प्रवासतर्फ लागे भने कोही राजासँग 'बोलीमा लोली' मिलाएर बसे। यस समयमा दलगत धारणा र विचार राख्ने पत्रपत्रिका बन्द भए। केही प्रकाशित हुने पत्रिकाहरूले पनि स्वतन्त्रतापूर्वक लेख्ने तथा छपाउने हकबाट वञ्चित भए, फलस्वरूप पत्रपत्रिकाप्रकाशनको क्षेत्रमा कमी आएको देखियो।

यस समयमा राजनीतिक सङ्घ-सङ्गठनका माध्यमबाट सञ्चालित पत्रपत्रिकाका प्रकाशनहरू बन्द भए पनि सरकारी तवरबाट र सकारको निर्देशन पालन गरी प्रकाशन हुने पत्रपत्रिकाहरू भने बन्द भएनन् र सरकारी सहयोग पनि प्राप्त गर्दै गए। २०१७ साल फागुन ७ गतेदेखि गोरखापत्र दैनिकका रूपमा प्रकाशित हुन थाल्यो र यसलाई विकसित र आत्मनिर्भर बनाउने उद्देश्यले २०१७ साल चैत २२ गतेदेखि सरकारको प्रचार विभागका निर्देशक नारायणप्रसाद बाँसकोटाको अध्यक्षतामा 'गोरखापत्र विकास बोर्ड' गठन भयो। त्यसपछि २०१९ साल चैत ३० गते 'गोरखापत्र कर्पोरेसन ऐन, २०१९' जारी गरी यसैबमोजिम २०20 साल असार २५ गतेदेखि 'गोरखापत्र कर्पोरेसन/संस्थान' को स्थापना भयो। यसरी संस्थान भएपछि २०२० साल साउन ४ गतेदेखि गोरखापत्रको 'शनिवासरीय परिशिष्टाङ्क प्रकाशित गरी नेपाली साहित्यको विकास गर्न अग्रसर भयो (देवकोटा, २०५९ : १५९–१६०)।

वि. सं. २०१७ पूर्व प्रतिबन्ध लागेका कतिपय पत्रपत्रिकाहरू फुकुवामा परे भने पुन: कतिपय नयाँ दैनिक, साप्ताहिक र मासिक पत्रपत्रिकाहरू प्रकाशित हुन थाले। साथै कतिपय पत्रपत्रिकामाथि पुन: प्रतिबन्ध लागेको पनि पाइन्छ (लामिछाने र अन्य २०६१ : २८)। २०३२ सालमा तत्कालीन सरकारले सामाजिक र साहित्यिक पत्रिकाको प्रकाशनमा समेत प्रतिबन्ध लगाएर 'नयाँ छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०३२' जारी गर्‍यो। यसलाई नेपाली पत्रकारिताको इतिहासमा कालो कानुनका रूपमा लिने गरिन्छ (रेग्मी, २०४९ : ८)। यस कानुनले गर्दा साहित्यिक पत्रपत्रिकाको प्रकाशनमा कमी आएको देखिन्छ। २०३६ सालको जनआन्दोलनले तत्कालीन राजालाई जनमतसङ्ग्रह गर्न बाध्य बनायो जसले गर्दा २०३६–३७ को वर्ष पत्रकारिताका दृष्टिले स्वतन्त्रताको सास फेर्ने वर्ष रह्यो, फलस्वरूप साहित्यिक

पत्रपत्रिकाप्रकाशनमा विस्तार गर्ने मौका पाए। २०३७ सालको जनमतसङ्ग्रहपछि पञ्चायती निरङ्कुशताले आनो राजनीतिक शक्ति मजबुत बनाउँदै लगेकाले २०४६ सम्म फेरि पत्रपत्रिकाप्रकाशनले फस्टाउन पाएन, फलस्वरूप साप्ताहिक विमर्श, जनज्योति, महिमा, युगधारा, गर्जन, नेपालवाणी, छलफल, दृष्टि आदि पत्रपत्रिकामाथि विभिन्न बहानामा पटक-पटक प्रतिबन्ध लगाउने काम भयो (लामिछाने र अन्य, २०६१ : २८–२९)।

यस अवधिमा जस्तासुकै काला कानुन ल्याए पनि विभिन्न बहानाबाजीमा दर्ता खारेज गर्ने, दण्ड गर्ने आदि जुनसुकै कार्य गरेर नियन्त्रण गर्ने र प्रताडना दिने कार्य गरे पनि समयसँगसँगै मानिसको चेतनाको स्वर निकै माथि उठिसकेको थियो, फलस्वरूप जुनसुकै बाधा-व्यवधानको बीचबाट नै पत्रकारिताको इतिहासले गति लिइरहेकै थियो।

२०१७ सालको राजनीतिक परिवर्तनपछिको कठिन राजनीतिक परिवेशमा पनि दैनिक पत्रपत्रिकाहरूको प्रकाशन निरन्तर नै भइरह्यो। यसरी प्रकाशित हुने दैनिक पत्रिकाको उद्देश्य समाचारसम्प्रेषण नै रहेकाले साहित्यिक योगदानको स्थान गौण रह्यो। यहाँ साहित्यिक पत्रकारितातर्फको अध्ययन बढी केन्द्रित भएको हुनाले दैनिक पत्रपत्रिकाहरूको विवरण मात्र उल्लेख गरिएको छ।

यस अवधिमा प्रकाशित दैनिकहरूमा समय (सम्पा. माणिकलाल श्रेष्ठ, २०२०), हाम्रो देश (सम्पा. वटुकचन्द्र गौतम, २०२०), मातृभूमि (सम्पा. गणेशवल्लभ, २०२१), समीक्षा ( सम्पा. मदनमणि दीक्षित, २०२२), जन्मभूमि (सम्पा. गणेशवल्लभ, २०२२), नयाँ नेपाल ( सम्पा. कमलप्रसाद घिमिरे, २०२२), निर्माण (सम्पा. राजेन्द्रप्रसाद नेपाल र सुरेशकुमार अधिकारी, २०१९), जनजीवन (सम्पा. केशवप्रसाद आचार्य, २०२२), दैनिक निर्णय (सम्पा. वेदराज पन्त, २०२२) आदि रहेका छन् (देवकोटा, २०५९ : ५३७–३८)।

यसरी प्रकाशित भएका सबै प्रकारका दैनिक पत्रपत्रिकाहरूले साहित्येतर रूपमा समाचार सम्प्रेषण गर्ने काम गरेका छन्। यस अवधिका अन्य दैनिक पत्रिकाहरूमा सही बाटो, घटना, दैनिक खबर, ताजा खबर, समाचारसेवा, जनता, दैनिक समालोचना, दैनिक सिद्धार्थ, श्री सगरमाथा, आजको समाचारपत्र, हालखबर, समाज, स्वतन्त्र समाचार, फिलिङ्गो, दैनिक नेपाल, लुम्बिनी आदि रहेका छन् (लामिछाने, २०६१ : २९)।

यस समयावधिमा प्रकाशित साप्ताहिक पत्रपत्रिकाहरूले पनि मूलत: साहित्येतर पत्रिकाका रूपमा समाचारसम्प्रेषणलाई नै प्राथमिकता दिई अगाडि बढाउने काम गरे। यस समयका साप्ताहिक पत्रपत्रिकाहरू सरकारी अत्याचारको विरुद्धमा जनमत तयार गर्ने राजनीतिक हिसाबकिताबबाट प्रकाशित गरी अगाडि बढेकाले सरकारी दमनको सिकार भएर प्रतिबन्धित भए। यस प्रकारका पत्रिकाहरूमा साप्ताहिक विमर्श, जनज्योति, छलफल, प्रकाश आदि पर्दछन्। यस समयमा प्रकाशित हुने साप्ताहिकहरूमा प्रवर्तक (सम्पा. विजयकुमार उपाध्याय, २०१८), नयाँ सन्देश (सम्पा. रमेशनाथ पाण्डे, २०१८), साप्ताहिक समाचार ( सम्पा. बालमुकुन्ददेव पाण्डे, २०१८), मातृभूमि (सम्पा. दान खालिङ, २०१९), महिला बोल्छिन् (सम्पा. उमा पाण्डे, २०१९), किसान (सम्पा. कृष्णचन्द्र शर्मा, २०२०), मार्ग (सम्पा.

**जीवनलाल श्रेष्ठ, २०२०)**, साप्ताहिक किसान (**सम्पा. गोविन्दप्रसाद डोटेल, २०२१)**, जनआवाज (**सम्पा. गोविन्दप्रसाद डोटेल, २०२३)**, लोकमत (**सम्पा. विष्णुप्रसाद 'नेपाली', २०२१)**, हिमचुली (**सम्पा. विपिनदेव ढुङ्गेल, २०१८)**, साँगुरी (**सम्पा. अम्बिकाप्रसाद श्रेष्ठ, २०२०)**, जनवार्ता (**सम्पा. चूडामणि रेग्मी, २०२०)**, युवक (**सम्पा. श्यामकृष्ण उपाध्याय, २०१८)**, धनुषा (**सम्पा. रमेशकुमार घिमिरे, २०१८)**, नयाँ पाइलो (**सम्पा. के. पी. 'कुमुद', २०२०)**, बिगुल (**सम्पा. श्यामकृष्ण महर्जन, २०१८)**, जागरण (**सम्पा. महेशमणि दीक्षित, २०२३)**, लुम्बिनी (**सम्पा. सूर्यलाल, शोभाकान्त नेपाल र मुन्नीलाल शाक्य, २०१८)**, भेरी ( **सम्पा. बभ्रुवाहन सिंह, २०२१)**, सगरमाथा टाइम्स (**सम्पा. कृष्णराज वर्मा, २०२०) आदि रहेका छन्** (**देवकोटा, २०५९ : ५४५–४८)।**

**यस अवधिका यी साप्ताहिकहरूको मूल अभीष्ट समाचार सम्प्रेषण गर्ने र विविध प्रकारका लेख-रचनाहरू प्रकाशित गरी जनताको चेतना अभिवृद्धि गर्ने रहेको छ। प्रकाशित साप्ताहिक पत्रिकाहरूमा कतिपय आ[illegible]नै कारणले र कतिपय राजनीतिक आरोप र सरकारी दमनका कारण नियमित हुन सकेनन् भने कतिपय अहिलेसम्म प्रकाशित भइरहेका छन्।**

**यसै अवधिमा प्रकाशित पत्रपत्रिकाहरूमा** छात्र आवाज (**सम्पा. हरिनाथ आचार्य र अन्य, २०१८)**, मुक्ति (**सम्पा. चन्द्रबहादुर श्रेष्ठ र अन्य, २०२०)**, प्रतिध्वनि (**सम्पा. गोकर्णदेव पाण्डे र अन्य, २०२१)**, युवा सन्देश (**सम्पा. रामभक्तकोख श्रेष्ठ, २०२३)**, समन्वय (**सम्पा. रत्नमान 'यले', २०२३)**, कोशी (**सम्पा. कृष्ण कोइराला, २०२०)**, कोशी अञ्चल (**सम्पा. पशुपति पराजुली, २०२१)**, सगरमाथा (**सम्पा. शिशुप्रसाद देवकोटा, २०२१)**, दैलो (**सम्पा. प्रेमनारायण 'प्रेमी', २०२१)**, सेतीसन्देश (**सम्पा. श्यामसुन्दर श्रेष्ठ, २०२३) आदि रहेका छन्** (**देवकोटा, २०५९ : ५५४–५५)। यी पाक्षिकहरूले समाचारसम्प्रेषणका साथमा साहित्यिक गतिविधिहरूलाई पनि केही स्थान दिएकाले साहित्यिक प्रतिभाप्रस्फुटनको अवसर मिलेको छ।**

**मूलत: साहित्यको विकास तथा जनचेतना अभिवृद्धि गर्ने कार्यमा यस अवधिमा प्रकाशित मासिक, द्वैमासिक र त्रैमासिक पत्रपत्रिकाहरूको योगदान महत्त्वपूर्ण रहेको छ। साहित्यिक मूल्यका दृष्टिले हेर्दा पनि दैनिक, साप्ताहिक र पाक्षिकको तुलनामा यी पत्रपत्रिकाको उल्लेख्य देन रहेको छ। यस अवधिमा प्रकाशित पत्रपत्रिकाहरूमा** शिक्षा समाचार (**सम्पा. लवबहादुर प्रधान र यज्ञराज सत्याल, २०१८)**, निर्देशन (**सम्पा. सुरेन्द्रराज शर्मा, २०१९)**, नयाँ संसार ( **सम्पा. नरेन्द्रविलास पाण्डे, २०२१)**, राजमार्ग (**सम्पा. सत्यमोहन जोशी, २०२०)**, युवक ( **सम्पा. शैलेन्द्रकुमार शर्मा, २०२०)**, महिला बोल्छिन् (**सम्पा. विमला मास्के, २०२१)**, तुवाँलो (**सम्पा. प्रेमविजय कोइराला र चैतन्य देवकोटा, २०२१)**, बालक (**सम्पा. प्रेमकुमार कसजू, २०२२)**, नवकुञ्ज (**सम्पा. शान्तलाल मुल्मी, २०२२)**, राप्तीसन्देश (**सम्पा. रामलोचन सिंह, २०१९)**, खुड्किलो (**सम्पा. शिशुप्रसाद देवकोटा, २०१९)**, राप्तीदर्पण (**सम्पा. मरीचमान सिंह, २०२१)**, दैलो (**सम्पा. प्रेमनारायण 'प्रेमी', २०२२)**, सौगात (**सम्पा. माधव भण्डारी, २०२२) आदि मासिक रहेका छन् भने द्वैमासिकहरूमा** आँचल (**सम्पा. किरण खरेल र अन्य, २०१८)**, बगैँचा (**सम्पा. गोविन्दप्रसाद लोहनी, २०१८)**, सिंहनाद (**सम्पा. ठाकुरप्रसाद पराजुली,**

२०१९), अरुणोदय (**सम्पा. चेतोनाथ शर्मा, २०२०**), रत्नश्री (**सम्पा. मदनदेव भट्टराई, २०२०**), रचना (**सम्पा. रोचक घिमिरे र रमेश बाँसकोटा, २०२१**), कल्पना (**सम्पा. इन्द्रप्रसाद श्रेष्ठ, २०२२) आदि देखिएका छन्। त्यसै गरी त्रैमासिक पत्रपत्रिकाहरूमा** मुकुट (**सम्पा. पुरुषोत्तम बस्नेत र हेमराज सापकोटा, २०१९**), बिहान (**सम्पा. कमलप्रसाद घिमिरे, २०२०**), पूर्णिमा (**सम्पा. गौतम वज्राचार्य र महेशराज पन्त, २०२१**), कविता (**सम्पा. सिद्धिचरण श्रेष्ठ, २०२१**), प्रवाह (**सम्पा. निर्मलकुमार रिमाल र यादव खरेल, २०२१**), हिमानी (**सम्पा. लैनसिंह बाङ्देल र अन्य, २०१९**), भानु (**सम्पा. भवानीप्रसाद घिमिरे, २०२०**), साहित्यधारा (**सम्पा. केदार शर्मा ढकाल, २०२२**), लालीगुराँस (**सम्पा. प्रेमप्रकाश विष्ट, २०२३**), धारा (**सम्पा. मथुराप्रसाद श्रेष्ठ र गणेशबहादुर शेरचन, २०२३) आदि रहेका छन्** (**देवकोटा, २०५९ : ५६२–७६**)।

**यस्तै साहित्यिक पत्रकारिताको फाँटमा देखिएका अन्य पत्रपत्रिकामा** हिमानी (२०१९), हाम्रो संस्कृति (२०२२), आकाङ्क्षा (२०२३), गुराँस (२०२३), प्राचीन नेपाल (२०२४), प्रतीक्षा (२०२५), मधुपर्क (२०२५), सुस्केरा (२०२६), अभिव्यक्ति (२०२७), प्रज्ञा (२०२७), साथी (२०३९) आदि प्रकाशित भए (प्रभात, २०६४ : २)। यस्तै विश्व (२०२६), रेवा (२०२६), सामग्री (२०२६), सुनगाभा (२०२७), प्रतीक (२०२७), सञ्चय (२०२७), अभिव्यक्ति (२०२७), शिलान्यास (२०२७), आमा (२०२८), सुनकेसरी (२०२९), इन्दु, बिहान, तुवाँलो, पारिजात (२०२५) आदि देखा पर्छन् (भट्टराई, २०६४ : ४)। यही अवधिमै फूलपाती (२०२१), रमभ्कम (२०२१), विम्ब (२०२६), सिउँडी (२०२६), त्रिफला (२०२६), जस्केलो (२०२६), मिर्मिरे (२०२९), विदेह (२०३०), शृङ्खला (२०३४), उत्साह (२०३५), समष्टि (२०३५), बगर (२०३९), गरिमा (२०३९), साङ्ग्रिला (२०३९), नवकविता (२०४०), **झापाबाट प्रकाशित** जुही (**२०३८) आदि पत्रपत्रिकाले नेपाली साहित्यिक पत्रकारिताको इतिहासको मार्ग निर्धारण गरेका छन् (लामिछाने र अन्य, २०६१ : ४६–४७)। अन्यमा अभि सुवेदी र वसन्त सिटौलाको सम्पादनमा** धूपी (**२०२७), श्यामदास वैष्णवको सम्पादनमा नेपाल प्रज्ञा-प्रतिष्ठानबाट** माधुर्य (**२०२९), इन्द्रमणि 'मानव' को सम्पादनमा भेरी साहित्य विकास समितिबाट** सिर्जना (**२०३१), मोहनप्रसाद खनाल र पार्थमणि उपाध्यायको संयुक्त सम्पादनमा अनुसन्धानमूलक पत्रिका** सन्दर्भ (**२०३५), सूर्यकुमारी श्रेष्ठ सम्पादक र तीर्थराज वन्त प्रकाशक रहेको पत्रिका** बाछिटा (**२०३५), ध्रुवचन्द्र गौतमको सम्पादनमा** प्रस्तुति (२०३८) **आदि साहित्यिक पत्रपत्रिकाहरू पनि प्रकाशित भएका थिए** (रेग्मी, **२०६३ : १३४–७३**)।

**यीमध्ये संस्थागत रूपमा प्रकाशन हुने** नेपाली, मधुपर्क, गरिमा, मिर्मिरे, समष्टि, समकालीन साहित्य, ज्योति, प्रज्ञा**जस्ता पत्रपत्रिकाहरू सबल आर्थिक संस्थाहरूबाट निस्कने भएकाले हालसम्म नै प्रकाशित हुँदै छन् तथा अन्य केही प्रकाशित पत्रपत्रिकाहरू /**चना, भानु, अभिव्यक्ति, पूर्णिमा **आदि पनि निरन्तर नै प्रकाशित हुँदै छन्।**

**यी पत्रपत्रिकाहरूमध्ये २०१८ सालमा गोविन्दप्रसाद लोहनीको प्रधान सम्पादनमा प्रकाशित** बगैँचा **पाठ्यसामग्रीको दृष्टिकोणले पनि गहकिलो साहित्यिक पत्रिकाका रूपमा देखा**

परेको थियो (रेग्मी, २०६३ : ११२)। यस्तै बालकृष्ण पोखरेल र गङ्गाप्रसाद प्रधानको सम्पादनमा २०२१ सालमा प्रकाशित फूलपाती द्वैमासिक पत्रिकाले गहकिला र स्तरीय सामग्रीहरू चयन गरी पहिलो वर्षका ६ अङ्कमा ४०० पृष्ठ र एकेडेमी विशेषाङ्कमा ४०० पृष्ठ गरी जम्मा ८०० पृष्ठको लामो र अमूल्य लेख-रचना नेपाली साहित्यलाई दिएको छ ( रेग्मी, २०६३ : ११५)। २०२१ साल मङ्सिरमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट कविता त्रैमासिक पत्रिकाको प्रकाशन सुरु भई २०२४ सालसम्म ११ पूर्णाङ्क प्रकाशित भएर बन्द भएको यो त्रैमासिक २०३६ सालमा भूपि शेरचनको सम्पादनमा सुरु भई हालसम्म प्रकाशित भइरहेको कविता-काव्यसम्बन्धी उत्कृष्ट र गहनतम पत्रिका हो (रेग्मी, २०६३ : १३१–३४)।

यसै अवधिमा २०२५ साल वैशाखबाट विपिनदेव ढुङ्गेलको सम्पादनमा हिमालचुली प्रकाशन, विराटनगरबाट पारिजात मासिक प्रकाशन हुन थाल्यो। यस पत्रिकाले विभिन्न कठिनाइका बाबजुद १४ अङ्क प्रकाशित भई नेपाली साहित्यिक पत्रपत्रिकाको इतिहासमा अत्यन्त गहन भूमिका निर्वाह गरेको छ। यस्तो ज्ञानवृद्ध र अनुसन्धानात्मक पत्रिकाको योगदान इतिहासमा रहिरहनेछ (रेग्मी, २०६३ : १३५–३८)।

२०२५ सालमा गोरखापत्र संस्थानबाट गोपालप्रसाद भट्टराईको सम्पादनमा प्रकाशित मधुपर्क मासिक एक महत्त्वपूर्ण र सदाबहार रूपमा देखिएको साहित्यिक पत्रिका हो। कविता, कथा, समालोचना, निबन्धलगायत साहित्यिक हरेक विधालाई उत्तिकै प्राथमिकताका साथ स्थान दिने मधुपर्क सुरुको अवस्थामा कायम राखेको स्तरीय साहित्यिकतालाई पछिसम्म बचाइराख्न सफल भएन (रेग्मी, २०४९ : ७) भने पनि आरोह-अवरोह हुँदै स्तरीय र दीर्घकालीन सेवा गर्ने एकमात्र पत्रिका हो भन्दा अन्यथा नहोला। यस पत्रिकाले हाल (२०६६ असार) सम्म ४४१ अङ्क प्रकाशित गरी अङ्कका दृष्टिले आफूलई जेठो पनि साबित गरेको छ।

त्यस्तै श्यामदास वैष्णवको सम्पादनमा २०२९ सालमा ने. रा. प्र. प्र. बाट माधुर्य प्रकाशित हुन थालेपछि प्रज्ञा पत्रिकाले कविता छाप्न छाडेको थियो। आठ अङ्कपछि माधुर्य बन्द भयो भने प्रज्ञाले साबिकबमोजिम कविता छाप्न थाल्यो, तर यो प्रक्रिया कविता त्रैमासिक पत्रिकाको पुनः प्रकाशन हुन थालेपछि प्रज्ञा गद्य विधामा मात्र सीमित भयो। माधुर्यका जम्मा आठ अङ्कमा झन्डै ३०० जति कविताहरू प्रकाशित छन् भने ३० वटा जति देशान्तरीय कविता अनुवादका रूपमा प्रकाशित छन् (रेग्मी, २०६३ : १४९–५०)। २०३१ सालमा इन्द्रमणि 'मानव' सहित पाँच जनाको सम्पादनमा सिर्जना त्रैमासिक भेरी साहित्य विकास समितिबाट २०३६ साल वैशाखसम्म १० पूर्णाङ्क प्रकाशित भएर बन्द भएपछि एघारौं पूर्णाङ्क चाहिँ झन्डै आठ वर्षपछि काठमाडौंबाट पुनर्यात्रा अङ्क १ का रूपामा नयनराज पाण्डेको सम्पादन एवम् प्रकाशनमा प्रकाशित भएको थियो। गद्यप्रधान यस पत्रिकामा कविता, कथा, लेख-निबन्ध र नाटक गरी झन्डै दुई सयजति रचनाहरू प्रकाशित छन्। सबभन्दा धेरै कथा, लेख-निबन्ध अनि कविता प्रकाशित भएको यो पत्रिका सुदूर पश्चिमाञ्चलको एकमात्र प्रतिनिधि पत्रिकाका रूपमा थियो (रेग्मी, २०६३ : १५७–५८)। २०३५ सालमा मोहनप्रसाद

खनाल र पार्थमणि उपाध्यायको सम्पादन तथा प्रकाशनमा सन्दर्भ त्रैमासिकका चार अङ्क प्रकाशित भएर बन्द भएको छ। यो पत्रिकाको सामग्रीचयन उच्च स्तरको अनुसन्धानात्मक लेख-रचनाले गर्दा नेपाली अनुसन्धानात्मक पत्रपत्रिकाको इतिहासमा यो पत्रिका पनि स्थान ओगट्न सफल भएको छ (रेग्मी, २०६३ : १६२)। सूर्यकुमारी श्रेष्ठबाट सम्पादन भएको बाछिटा २०३५ साल फागुन महिनामा पहिलो र चैत र २०३६ साल वैशाख जनिई दोस्रो अङ्कको प्रकाशनपछि बन्द भएको छ (रेग्मी, २०६३ : १६५)। काठमाडौँबाट २०३८ सालमा ध्रुवचन्द्र गौतमको सम्पादनमा प्रस्तुति साहित्यप्रधान मासिक पत्रिकाको प्रकाशन प्रारम्भ भएको थियो। सुरुका दुई अङ्क निक्लेर बन्द भएको प्रस्तुति पत्रिका फेरि २०४६ सालमा तेस्रो अङ्क प्रकाशित भएको देखिन्छ। नेपाली साहित्यिक पत्रपत्रिकाको इतिहासमा प्रस्तुतीकरणको हिसाबले प्रस्तुति पत्रिका निकै गहकिलो एवम् नवीन प्रयोगका रूपमा थियो भने साहित्यिक लेख-रचना पनि स्तरीय र माझिएका थिए (रेग्मी, २०६३ : १७१)।

मदनदेव भट्टराईको सम्पादनमा २०२० साल साउनदेखि प्रकाशन भएको पत्रिका हो रत्नश्री द्वैमासिक। विभिन्न विचारधाराका लेखहरूलाई समान रूपले स्वागत गर्ने यस पत्रिकाका बर्सेनि निस्कने नारी विशेषाङ्कहरू प्रसिद्ध छन्। बर्सेनि यसमा छापिएकामध्ये सर्वश्रेष्ठ चार कृतिलाई 'रत्नश्री पदक' दिने व्यवस्था पनि यसले गरेको छ (शर्मा, २०३९ : २४६)। २०२७ सालमा नगेन्द्रराज शर्माको सम्पादनमा प्रकाशित अभिव्यक्ति द्वैमासिकले पनि नेपाली साहित्यमा देखिएका प्रवृत्तिहरूलाई आत्मसात् गर्दै नवीन प्रतिभाहरूलाई साहित्यप्रति प्रेरित गऱ्यो। त्यस्तै २०२८ सालमा पूर्णप्रकाश नेपाल 'यात्री' को सम्पादनमा विराटनगरबाट प्रकाशित हिमाली सौगात द्वैमासिक पनि पूर्वाञ्चलको महत्त्वपूर्ण पत्रिका हो। साहित्यका सबै विधाहरूको प्रतिनिधित्व गरेको यस पत्रिकाले पूर्वाञ्चलका साहित्यिक प्रतिभाहरूलाई साहित्यतर्फ अभिप्रेरित गर्नमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। नेपाल राष्ट्र ब्याङ्कबाट २०२९ सालमा प्रकाशित मिर्मिरे द्वैमासिक सुरुमा वित्तीय क्षेत्रसँग सम्बन्धित लेख र अनुसन्धानात्मक तथ्याङ्कहरू प्रकाशित गर्ने पत्रिका भए पनि विभिन्न साहित्यिक विशेषाङ्कहरूका माध्यमबाट साहित्यको क्षेत्रमा पनि योगदान पुऱ्याएको छ (रेग्मी, २०४९ चैत्र : मधुपर्क, ८)।

यसै गरी २०३७ सालमा कृषि विकास ब्याङ्क, मुख्य कार्यालय, काठमाडौँबाट समष्टि द्वैमासिकले सुरुमा भन्दा पछाडि गएर स्तरीय साहित्यिक रचनाहरू प्रकाशित गर्दै नेपाली साहित्यको सेवा हालसम्म गरिरहेको छ (रेग्मी, २०४९ चैत्र : मधुपर्क, ८)।

त्यस्तै २०३९ सालमा विजय चालिसेको सम्पादनमा प्रकाशित साँ-ग्रिला द्वैमासिक पनि महत्त्वपूर्ण पत्रिका हो। नेपाली साहित्यमा सुपरिचित र आ-आ□नो युग नै निर्माण गर्न सफल शारदा, प्रगति, इन्द्रेणी, रूपरेखा, मधुपर्क आदि अग्रज पत्रिकाहरूको लहरमा कान्छो भाइ भनेर साहित्यको सेवा गर्ने उद्देश्यका साथ यो पत्रिका प्रकाशित भएको हो (चालिसे, २०३९ : साङ्ग्रिला, ५६)।

**यसै चरणको समयावधिमा प्रकाशित विभिन्न पत्रपत्रिकाहरूले पनि जनचेतनाको अभिवृद्धि गर्नुका साथै प्रगतिशील साहित्यको विकासमा उल्लेख्य योगदान पुऱ्याएका छन्। प्रेमनारायण 'प्रेमी' को सम्पादनमा प्रकाशित** दैलो (२०२२), **मोदनाथ प्रश्रितको सम्पादनमा प्रकाशित** गुराँस (२०२३), **जागृतप्रसाद भेटवालको सम्पादनमा प्रकाशित** नौलो साहित्य ( **२०३५), रघु पन्तको सम्पादनमा प्रकाशित** झिसमिसे **(२०३५) जस्ता पत्रपत्रिकाहरूले प्रगतिवादी साहित्यको विकासमा विशेष जोड दिएका छन् (धिताल, २०५२ : अप्रकाशित शोध, १५)।**

यसरी नेपाली भाषा-साहित्यको श्रीवृद्धि तथा विकास र विस्तारमा सहयोग/टेवा पुऱ्याउँदै अगाडि बढ्ने अन्य साहित्यिक पत्रपत्रिकाहरूमा उन्मेष (सम्पा. नरहरि आचार्य, २०२७), सप्तकोशी (सम्पा. विश्वराज शर्मा, २०३०, सुनसरी), सङ्कल्प द्वैमासिक (सम्पा. कुन्ता शर्मा, २०३०, सुनसरी), अग्निरेखा द्वैमासिक (सम्पा. हरिशङ्कर अमात्य, २०३५), चिन्तन त्रैमासिक (सम्पा. शैलेन्द्र साकार र देवेन्द्रप्रताप शाह, २०३५), आँकुरा (सम्पा. प्रमोद प्रधान, २०३५, मोरङ), उत्साह त्रैमासिक (सम्पा. रमेश विकल, २०३५), नयाँ सिर्जना मासिक (सम्पा. बालकृष्ण शिवाकोटी, २०३५), लहर त्रैमासिक (सम्पा. नारायण ढकाल, २०३५), अनावरण त्रैमासिक (सम्पा. काशीराज आचार्य र विधान आचार्य, २०३६), तन्नेरी द्वैमासिक (सम्पा. मोक्षबहादुर अमात्य, २०३७), दियो द्वैमासिक (सम्पा. शान्तमान श्रेष्ठ, २०३७), उदीय मासिक (सम्पा. शशीकला तिवारी, २०३६), कदर त्रैमासिक (सम्पा. राधेश्याम लेकाली, २०३८, मोरङ), कुरौटे त्रैमासिक (सम्पा. सुवासचन्द्र पौडयाल, २०३८), पुनर्जागरण मासिक (सम्पा. माथवरसिंह बस्नेत, २०३८, भक्तपुर), गार्गी मासिक (सम्पा. मञ्जुला गिरी, २०४०), जिज्ञासा वार्षिक (सम्पा. घटराज भट्टराई, २०४०), प्रवेश त्रैमासिक (सम्पा. सीता पाण्डे, २०४०), तुमुल मासिक (सम्पा. पुरुषोत्तम दाहाल, २०४०), अठोट त्रैमासिक (सम्पा. कमला मल्ली, २०४१, काभ्रे), बिरुवा मासिक (सम्पा. यादवप्रसाद थपलिया, २०४१), कथाक्रम त्रैमासिक (सम्पा. इन्दिरा प्रसाई, २०४२, मोरङ), गन्तव्य ( सम्पा. रमण घिमिरे, २०४३), चिप्लेटी (सम्पा. तुलसीमान श्रेष्ठ, २०४३, बाँके), नयाँ बिहान द्वैमासिक (सम्पा. पुण्य कार्कीलगायत, २०४४, उदयपुर), उन्नयन त्रैमासिक (सम्पा. अच्युतरमण अधिकारीलगायत, २०४५), इन्द्रेणी-साहित्य (सम्पा. पारिजात र हरिगोविन्द लुइँटेल, २०४६), अनुराग (सम्पा. महेशविक्रम शाह, २०४६, कैलाली), अन्तु त्रैमासिक ( सम्पा. विष्णु निष्ठुरी, २०४६, इलाम), सुसेली द्वैमासिक (सम्पा. गगन विरही, २०३६, सिन्धुपाल्चोक), सागर मासिक (सम्पा. अशोक श्रेष्ठ, २०३८) आदि थुप्रै साहित्यिक पत्रपत्रिकाहरू रहेका छन् (प्रेस काउन्सिल, २०६५ : ३–३२६)।

**यसरी यस चरणलाई समग्रमा हेर्दा २०१७ सालको तत्कालीन राजाको शाही घोषणापश्चात् प्रजातान्त्रिक व्यवस्थालाई प्रतिबन्ध लगाई एकदलीय पञ्चायती व्यवस्था सुरु भएपश्चात् जनताको प्रकाशन-प्रसारण तथा वाक्स्वतन्त्रतामाथि अङ्कुश लगाएर नियन्त्रण गर्न खोजियो। यस अवस्थामा दलीय नेतृत्व गर्ने नेताहरू कोही जेल परे, कोही प्रवासतिर लागे**

र कोही निष्क्रिय रहे। राजनीतिक दलको पक्ष लिएर प्रकाशन हुने पत्रपत्रिकाहरू बन्द भए। खुला रूपले राजनीतिक वकालत गर्न पाएनन्, फलस्वरूप त्यस बखतको मानिसको चेतनालाई साहित्यिक पत्रपत्रिकाहरूले साहित्यिक विधाका रचनाहरूमार्फत प्रकाशन र प्रसारण गर्न थाले। साहित्यको प्रयोगवादले आफूलाई सशक्त रूपमा अभ्यास गर्ने मौका पायो। प्रगतिशील साहित्यले पनि सामन्ती शोषणका विरुद्धमा साहित्यिक रचनामार्फत आफूलाई सशक्त तुल्यायो। यसै चरणमा साहित्यसँग सम्बन्धित आन्दोलन, पुरस्कारको घोषणा र व्यवस्था, संस्थागत प्रकाशन र प्रसारण, विभिन्न साहित्यिक सम्मेलनहरू र विभिन्न साहित्यिक सर्जकका विधागत सिर्जनाहरू छरपस्ट रूपमा प्रकाशन भएर नेपाली साहित्यको विकास र विस्तार गर्न सहयोग वा टेवा मिलेको छ। त्यसैले नेपाली साहित्यको यस चरणलाई साहित्यिक पत्रकारिताको उर्वरकाल भनेर चिनाउन सकिन्छ (भट्टराई, २०६४ : कार्यपत्र, ४)।

२.३.४ चौथो चरण (२०४७ देखि 'नागार्जुन' को प्रकाशनसम्म, बहुदलीय व्यवस्थाकाल)

वि. सं. २०४६ मा तीसवर्षे पञ्चायती कुशासनको दमन र षड्यन्त्रको कुचक्रका विरुद्धमा मुलुकका हरेक क्षेत्र, पेसा र वर्गका मानिसहरू गोलबन्द हुँदै गएर पञ्चायती शासनविरुद्ध आन्दोलनमा ओर्लिए। आन्दोलनले पञ्चायती शासनव्यवस्था फालिदियो। देशमा प्रजातन्त्र, बहुदलीय शासनव्यवस्था, मौलिक हक-अधिकार कायम भयो। फलस्वरूप २०४७ सालदेखि ३० वर्ष लामो उकुसमुकुसको व्यवस्था हटेको हुँदा नेपाली बौद्धिक जगत् एक्कासि जुर्मुराएको अवस्थामा राजनीतिक-आर्थिक खुलापनको व्यापक उपयोग गर्दै पत्रपत्रिकाहरू प्रकाशित हुन थाले। २०४७ सालदेखि यता प्रेससम्बन्धी थप ऐन-कानुन र नीतिनिर्देशनहरू प्रवाह गरिए। २०४७ सालको संविधानले अभिव्यक्तिस्वतन्त्रता र सूचनाको हकलाई स्थापित गर्‍यो (लामिछाने र अन्य, २०६१ : ३२)। यस प्रकार पत्रपत्रिका प्रकाशनमा स्वस्थ र स्वच्छ प्रतिस्पर्धाको स्थितिको सिर्जनाले पत्रपत्रिका प्रकाशनको सङ्ख्या बढ्नुका साथै गुणात्मक तथा स्तरीय पत्रपत्रिका प्रकाशनको थालनी भएको मान्न सकिन्छ। नेपाली साहित्यिक पत्रकारिताको ऐतिहासिक विकासक्रमको पृष्ठभूमिमा नागार्जुन पत्रिकाको प्रकाशन र यसले पुर्‍याएको साहित्यिक योगदानको पहिचान गर्नु यस शोधको उद्देश्य रहेकाले यहाँ २०४६ सालदेखि नागार्जुन प्रकाशनवर्ष वि. सं. २०५८ सम्मको साहित्यिक पत्रकारिताका बारेमा मात्रै अध्ययन गरिएको छ।

२०४६/४७ सालदेखि नागार्जुन प्रकाशनवर्ष २०५८ सालसम्म थुप्रै साहित्यिक पत्रपत्रिकाहरू प्रकाशन भएको देखिन्छ। यस अवधिमा प्रकाशित भएका अधिकांश पत्रपत्रिकाहरूले निरन्तरता पाउन सकेका छैनन् भने थोरै पत्रिकाहरू स्थापित भई निरन्तरता प्राप्त गर्न सफल रहेको देखिन्छ।

यसरी प्रकाशित भएका साहित्यिक पत्रपत्रिकाहरूमा मुस्कान त्रैमासिक (सम्पा. धर्मराज बराल र कृष्णप्रसाद बाँस्तोला, २०४७, कास्की), नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित समकालीन साहित्य त्रैमासिक (सम्पा. कृष्णचन्द्रसिंह प्रधान, २०४७), संवाहक त्रैमासिक (सम्पा. विमल भौकाजी, २०४७), ओखलढुङ्गा द्वैमासिक (

सम्पा. कलानिधि दाहाल र अन्य, २०४७, ओखलढुङ्गा), आँकुरा वार्षिक (सम्पा. श्यामकुमार अधिकारी, २०४८, मोरङ), जनमत मासिक (सम्पा. मोहन दुवाल, २०४८, काभ्रे), जनसाहित्य त्रैमासिक (सम्पा. हरिहर खनाल, २०४८, चितवन), दीपशिखा (सम्पा. कमला पन्त, २०४८), भावना त्रैमासिक (सम्पा. जयदेव भट्टराई, २०४८, ललितपुर), अञ्जन चौमासिक (सम्पा. रमेश गोर्खाली, २०४९, पर्सा), अन्तरङ्ग (सम्पा. रोशन थापा ‘नीरव’, २०४९), अरुण (सम्पा. तोया गौतम, २०४९, धनकुटा), कलम त्रैमासिक (सम्पा. ताराकान्त पाण्डेय, २०४९), कुञ्जिनी (सम्पा. विप्लव ढकाल र श्यामसुन्दर ढकाल, २०४९), क्रमशः (सम्पा. नवराज शर्मालगायत, २०४९, मकवानपुर), गोधूलि (सम्पा. बलराम बन्जारा, २०४९), थाँक्रो वार्षिक (सम्पा. हरिप्रसाद का□ले र लालगोपाल सुवेदी, २०४९, कास्की), अचानो (सम्पा. शशीन्द्रकुमार तामाङ, २०५०), अभिभावक द्वैमासिक ( सम्पा. वासु ‘मार्मिक’, २०५०, ललितपुर), आकाश मासिक (सम्पा. गोवर्द्धनपूजा, २०५०, ललितपुर), आकाश त्रैमासिक (सम्पा. रत्न प्रजापति, २०५०), इँटा अर्धवार्षिक (सम्पा. तुलसी पराजुली, २०५०, सुनसरी), उपासना द्वैमासिक (सम्पा. प्रा. डा. माधव भट्टराई, २०५०), गण्डकी सङ्गम (सम्पा. घनश्याम ढकाल, २०५०, कास्की), बुँद (सम्पा. श्याम रिमाल, २०५०), विपुल त्रैमासिक (सम्पा. राजकुमार के. सी., २०५०), अनामिका मासिक ( सम्पा. शैलेन्दुप्रकाश नेपाल, २०५१), ओलन (सम्पा. कृष्णप्रसाद पराजुली, २०५१), नेपाली वाङ्मय (सम्पा. शैलेन्दुप्रकाश नेपाल, २०५१), शिवपुरी सन्देश त्रैमासिक (सम्पा. वियोगी बुढाथोकी, २०५१), सुनकोसी त्रैमासिक (सम्पा. कृष्णप्रसाद पराजुली, २०५१), सुनगाभा द्वैमासिक (सम्पा. गोविन्दराज विनोदी, २०५१, चितवन), तृष्णा (सम्पा. दयाराम श्रेष्ठ ‘सम्भव’, २०५२), नेपाल वित्तीय संस्था कर्मचारी सङ्घद्वारा प्रकाशित मनोभाव त्रैमासिक ( सम्पा. बुद्धिराज पाण्डेलगायत, २०५२), रजनी चौमासिक (सम्पा. कृष्णहरि बराल, २०५२), श्रीजा द्वैमासिक (सम्पा. विनय रावल, २०५३), सगर त्रैमासिक (सम्पा. धर्मेन्द्र भट्टराई र शान्त बस्नेत, २०५३, पर्सा), हाम्रो प्राङ्गण (सम्पा. कृष्ण गौतम, २०५३), गोरखा वाङ्मय ( सम्पा. तीर्थराज अधिकारी, २०५३), गोलार्ध द्वैमासिक (सम्पा. शशि लुमुम्बू, २०५३), नदी ( सम्पा. नकुल सिलवाल, २०५३), गुञ्जन त्रैमासिक (सम्पा. बुद्धिराज पाण्डे, २०५४), जम्को मासिक (सम्पा. छायादत्त न्यौपाने, २०५४), पहार त्रैमासिक (सम्पा. भूपाल राई, २०५४), भावना त्रैमासिक (सम्पा. किसनचन्द्र प्रतिशोध, २०५४, सुनसरी), लालीगुराँस मासिक ( सम्पा. खिमानन्द पोखरेल, २०५४, भक्तपुर), शब्दपथ (सम्पा. विनोद मञ्जन र गायत्री विष्ट, २०५४), अनुभूति त्रैमासिक (सम्पा. वर्तमान, २०५५), उद्घोष (सम्पा. बद्री पाण्डे, २०५५), कालीको सुसेली (सम्पा. इन्द्रकुमार विकल्प, २०५५, पर्वत), दीपक वार्षिक (सम्पा. इन्दिरा भट्टराई, २०५५), बाबरी त्रैमासिक (सम्पा. विष्णु राई, २०५५), घुँयत्रो द्वैमासिक ( सम्पा. विमल भौकाजी, २०५५), साहित्यसागर त्रैमासिक (सम्पा. रजनी थापा, २०५५), सुसेली (सम्पा. भोजराज कट्टेल, २०५५, झापा), कौशिकी त्रैमासिक (सम्पा. चेतनाथ धमला, गणेश राईलगायत, २०५६), अन्यथा त्रैमासिक (सम्पा. गोविन्द गिरी प्रेरणा, २०५६),

अवलोकन (सम्पा. रामचन्द्र पोखरेल, २०५६, कास्की), आभास द्वैमासिक (सम्पा. मेघराज आचार्य र अमृत भादगाउँले, २०५६, भक्तपुर), आशय द्वैमासिक (सम्पा. सुमनध्वज विष्ट, २०५६, ललितपुर), औडाहा (सम्पा. चेतन जङ्गली र कार्तिकेय घिमिरे, २०५६), खसानी ( सम्पा. मधुसूदन गिरी, २०५६), खोटाङ पुकार (सम्पा. नगेन्द्रराज रेग्मी, २०५६), चड्कन द्वैमासिक (सम्पा. लक्ष्मण गाम्नागे, २०५६), मञ्जूषा त्रैमासिक (सम्पा. ज्ञानुवाकर पौडेल, २०५६), अंशु त्रैमासिक (सम्पा. गणेश घिमिरे, २०५७), आकृति अर्द्धवार्षिक (सम्पा. विजय थापा, २०५७), कलश मासिक (सम्पा. नरेशबहादुर सिंह, २०५७), दोभान त्रैमासिक (सम्पा. बालिका गिरी, २०५७), वसुन्धरा द्वैमासिक (सम्पा. भरत भारद्वाज र कृसु छेत्री, २०५७), समकालीन नेपाली साहित्य मासिक (सम्पा. कृसु छेत्री, २०५७), सोपान (सम्पा. इन्द्रकुमार श्रेष्ठ ‘सरित्’, २०५७), स्वर्णगजुर त्रैमासिक (सम्पा. चङ्की श्रेष्ठ, २०५७, भक्तपुर), हाम्रो मझेरी द्वैमासिक (सम्पा. पुण्य अधिकारी ‘अञ्जली’, २०५७, चितवन) आदि थुप्रै पत्रिकाहरू रहेका छन् (प्रेस काउन्सिल, २०६५ : ३–३२६)।

उल्लिखित साहित्यिक पत्रिकाहरू मासिक, द्वैमासिक, त्रैमासिक, चौमासिक, अर्द्धवार्षिक तथा वार्षिक रूपमा प्रकाशित भएका छन्। यी पत्रिकाहरूमा कतिपय सङ्घ-संस्था, विद्यालय, विश्वविद्यालय आदिद्वारा संस्थागत रूपमा प्रकाशित मुखपत्रहरू पनि रहेका छन्। संस्थागत रूपमा प्रकाशित केही पत्रिकाहरूबाहेक अरू पत्रिकाले निरन्तरता पाउन नसक्नु र संस्थागत रूपमा साझा प्रकाशन, ने. रा. प्र. प्र. तथा गोरखापत्र संस्थान, नेपाल ब्याङ्क लिमिटेड, राष्ट्रिय वाणिज्य ब्याङ्क आदिबाट प्रकाशित पत्रिकाहरूमा सबैको पहुँच नपुग्नु अथवा स्तरीय रचनाका नाममा नवप्रतिभाहरूले आ□ना रचनाहरू प्रकाशित गर्न नसक्नुजस्ता कारणहरूको सेरोफेरोमा वि. सं. २०५८ कार्तिक-पुसबाट त्यो अभाव र नवप्रतिभाहरूलाई स्थान दिई अघि बढाउन नागार्जुन पत्रिकाको प्रकाशन आरम्भ भएको हो।

## २.४ समसामयिक अवस्था र ‘नागार्जुन’ को प्रकाशन

### २.४.१ समसामयिक अवस्था

**वि. सं. २०४६ को जनआन्दोलनपछि एकदलीय पञ्चायती व्यवस्था ढली बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको सुरुवात भयो। बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको प्रकाशन-प्रसारणसहित मौलिक हक प्रदान गर्ने प्रजातान्त्रिक संविधान बनी लागू भयो। यसपछि प्रकाशन-प्रसारण तथा वाक्स्वतन्त्रतासम्बन्धी कानुनी व्यवस्था भएपछि नेपाली बौद्धिक जगत् एक्कासि जुर्मुराएको अवस्थामा राजनीतिक-आर्थिक खुलापनको व्यापक उपयोग गर्दै विभिन्न पत्रपत्रिकाहरू प्रकाशित हुन थाले। २०४७ सालको संविधानले अभिव्यक्तिस्वतन्त्रता र सूचनाको हकलाई स्थापित गरेको देखिन्छ। उपकरण र प्रविधि भित्रिने क्रममा पत्रकारिता क्षेत्रमा व्यावसायिकता बढ्दै गएको पाइन्छ। २०४७ सालदेखि पत्रकारितासित सम्बद्ध सङ्घ-संस्थाहरूको स्थापना र क्रियाशीलता बढेर गयो, फलस्वरूप यिनै संस्थाहरूले नेपाली पत्रकारिताको विकासका लागि थप सघाउ पुऱ्याएको देखिन्छ। २०५२ साल फागुनबाट सशस्त्र माओवादी आन्दोलन सुरु भएपछि दुईतीन वर्षसम्म नेपालको पश्चिमतिरै सीमित भए पनि**

समयान्तरमा यसले देशभरि नै प्रभाव पार्न थालेको पाइन्छ। यसका बाबजुद पनि नेपाली पत्रकारिताले सङ्घर्ष गर्दै अगाडि बढ्ने क्रम छोडेन। वि. सं. २०५८ जेठ १९ गते राजदरबार हत्याकाण्ड र ज्ञानेन्द्रको गद्दी-आरोहणपछि देशमा अस्थिरता झन्-झन् बढ्दै गयो। देशमा सङ्कटकाल घोषणा गरिएपछि अभिव्यक्तिस्वतन्त्रता र सूचनाको हकसम्बन्धी संवैधानिक व्यवस्थाहरू निलम्बन गरियो। एकापट्टि माओवादी र अर्कातिर राज्य-आतङ्कको दोहोरो दमन-उत्पीडन र सन्त्रासबाट नेपाली पत्रकारिताले अघि बढ्ने क्रममा दुई वर्षअगाडि स्थापित ‘नागार्जुन साहित्य प्रतिष्ठान’ को संस्थागत प्रयासमा २०५८ साल कार्तिक-पुस महिनादेखि नागार्जुन प्रतिष्ठानको केन्द्रीय कार्यालय, काठमाडौँबाट साहित्यिक पत्रिकाका रूपमा नागार्जुन त्रैमासिकको प्रकाशन सुरु भएको देखिन्छ।

### २.४.२ ‘नागार्जुन’ को प्रकाशन

नेपालमा साहित्यिक पत्रकारिताले लामो समय पार गरिसकेको छ । साहित्यका विभिन्न विधाहरूको विकासमा समेत थुप्रै पत्रपत्रिकाहरूले आ-आ□नो स्थानबाट ऐतिहासिक महत्त्वको योगदान पुऱ्याइसकेका छन् । यस अवस्थामा नागार्जुन साहित्यिक त्रैमासिकको प्रकाशन आरम्भ भएको हो। निजी पहल र प्रयासबाट प्रकाशित हुने साहित्यिक पत्रपत्रिकाहरू विभिन्न प्रकारका समस्याहरूले गर्दा नियमित र लामो समयसम्म प्रकाशित हुन नसकेको अवस्थामा साहित्यिक पत्रिकाप्रकाशनका लागि संस्थागत प्रयास हुनु आवश्यक थियो। संस्थागत प्रयासकै एक लहरमा नागार्जुन साहित्यिक प्रतिष्ठानका तत्कालीन अध्यक्ष वैरागी जेठाको प्रयासस्वरूप नागार्जुन साहित्यिक प्रतिष्ठानको मुखपत्रका रूपमा २०५८ साल कार्तिक-पुस महिनादेखि नागार्जुन साहित्यिक त्रैमासिकको प्रकाशन सुरु भएको देखिन्छ। यस त्रैमासिक पत्रिकामा सल्लाहकारहरू शारदारमण नेपाल र रामप्रसाद ज्ञवाली, सम्पादन र व्यवस्थापन वैरागी जेठा, कार्यकारी सम्पादक प्रकाश सिलवाल, सम्पादमण्डल चेतनाथ धमला र यादव थपलिया र विशेष सहयोगी भरत शर्मा र मायामितु न्यौपाने रहेका देखिन्छन्।

नागार्जुन साहित्यिक प्रतिष्ठानको संस्थागत प्रयासमा सात वर्षअघिदेखि विभिन्न साहित्यिक विधा र साहित्येतर दुवै विषयमा योगदान पुऱ्याउँदै यो त्रैमासिक पत्रिका प्रकाशित भइरहेको देखिन्छ। यो पत्रिका बीच-बीचमा तीन-तीन महिनामा नियमित प्रकाशन हुन नसके पनि लर्खराउँदै र धर्मराउँदै आफूलाई अगाडि बढाउने काम गरिरहेको देखिन्छ। यसले नेपाली साहित्यका कविता, कथा, समालोचना, लेख-निबन्ध, नाटक-एकाङ्कीलगायत भाषा र व्याकरण, सम्पदा र संस्कृति, विज्ञान, इतिहास, कला, व्यक्ति-व्यक्तित्व र विभिन्न जल्दाबल्दा विशेषाङ्कहरू प्रकाशित गरी भाषा-साहित्यमा उल्लेख्य योगदान पुऱ्याउँदै आएको देखिन्छ। यस पत्रिकाले स्तम्भहरू राखेर त्यसअनुरूप आफूलाई उभ्याएको देखिँदैन। पत्रिकाको अङ्कैपिच्छे साजसज्जा, पृष्ठ, आकारप्रकार, रचना विधा, पत्रिकाको प्रकाशनसामग्रीको विविधता आदि छर्लङ्गै छुट्टिएका देखिन्छन्। यसरी यसमा साहित्य र साहित्येतर दुवै प्रकारका सामग्रीहरू प्रकाशित भएका देखिन्छन्। यस पत्रिकाले आदरणीय सर्जकहरूलाई विशेषाङ्कमार्फत व्यक्ति-व्यक्तित्व प्रकाशमा ल्याउने कार्य गरेको छ। यसमा डा. कविताराम

श्रेष्ठको कुकुरको कथा लघु उपन्यासलाई उपन्यास-विशेषाङ्कका रूपमा प्रकाशित गरिएको छ। विभिन्न साहित्यिक गतिविधि र समाचारहरूलाई पनि पत्रिकामा स्थान दिइएको छ। कतिपय साहित्यिक र साहित्येतर छुट्ट्याउन कठिन पर्ने खालका सामग्रीहरू पनि प्रकाशित भएका छन्। नागार्जुन साहित्यिक त्रैमासिकभन्दा छुट्टै एउटा नागार्जुन परिचय २०६५ भनी नागार्जुन-प्रकाशनशृङ्खला २१ छापिएको छ जसमा सम्भव भएसम्मका फोटोसहित ९१ जना सर्जकहरूको परिचय प्रकाशित गरिएको देखिन्छ। नागार्जुनको पूर्णाङ्क २१ (२०६५ साउन-कार्तिक) सम्म साहित्यिक र साहित्येतर दुवै सामग्रीहरू प्रकाशित भएका छन्।

### २.४.३ 'नागार्जुन' को नामकरण

'नागार्जुन' शब्द 'नागा' र 'अर्जुन' शब्दको समास भएर उत्पत्ति भएको हो। 'नागा' शब्दको अर्थ जोगी, अविवाहित जवान पुरुष वा नागाल्यान्डको जाति भन्ने हुन्छ। 'अर्जुन' शब्दको अर्थ पाँच पाण्डवमध्येका एक भाइ, कार्तवीर्य र यसै नामको एक वृक्ष भनी नेपाली बृहत् शब्दकोशमा छुट्टाछुट्टै अर्थ लगाइएको छ। 'नागार्जुन' शब्दको अर्थ नेपाली बृहत् शब्दकोशमा यस प्रकार लगाइएको छ–

(क) भारतको विदर्भ प्रदेशमा जन्मेका बौद्ध दर्शनका प्रमुख आचार्य

(ख) काठमाडौँको बालाज्यूनिर टुङ्गिने एक डाँडो

(ग) चौरासी सिद्धमध्ये एक (पोखरेल र अन्य, २०५५ : ७१६)।

यस प्रकार उच्च तथा बहुअर्थ बोकेको शब्दका आधारमा 'नागार्जुन' नामकरण उपयुक्त देखिन्छ। यस पत्रिकाको नामकरणका सन्दर्भमा वि. सं. २०५६ जेठमा साहित्यकारहरूको एक समूहद्वारा बालाजूको बाइसधारामा 'बाइसधारा काव्यगोष्ठी' गरिएको थियो। त्यही गोष्ठीबाट संस्थागत रूपमा अगाडि बढ्नुपर्छ भन्ने ठानी संस्थाको नाम जुराउने क्रममा पहिलो गोष्ठी सफलतापूर्वक सम्पन्न गराउने मनोरम ठाउँको डाँडाको नामबाटै संस्थाको नाम 'नागार्जुन साहित्य प्रतिष्ठान' राख्ने निर्णय गरिएको थियो। निर्णयअनुसार नै संस्था जन्मियो। संस्थाको सुनाम फैलाउनलाई संस्था र पत्रिकाको एउटै नाम पारी प्रकाशन गर्ने क्रममा 'नागार्जुन' नामकरण भएको हो (प्रकाश सिलवालको मौखिक जानकारीका आधारमा)।

यस प्रकार यस पत्रिकाले नेपाली भाषा-साहित्यका क्षेत्रमा उल्लेख्य काम गरी उद्देश्यअनुरूप नै संस्था र आफूलाई परिचित बनाउँदै लगी नामकरणको सार्थकता प्रमाणित गर्न खोजेको देखिन्छ।

### २.४.४ 'नागार्जुन' को उद्देश्य

कुनै कार्य गर्नका लागि निश्चित उद्देश्य रहेको हुन्छ। उद्देश्यबमोजिम नै हरेक कार्य हुने गर्दछन्। नेपाली साहित्यिक पत्रकारिता क्षेत्रमा देखिएका विभिन्न कठिन समस्याहरूलाई समाधान गर्न पहल गर्ने लक्ष्य लिएर प्रकाशित पत्रिका हो। पत्रिका संस्थाको मुखपत्रका रूपमा प्रकाशित हुने भएकाले संस्थाका उद्देश्य पूरा गर्न मुखपत्रको प्रकाशन हुने गर्दछ। यस प्रकार नागार्जुन साहित्यिक प्रतिष्ठानका उद्देश्यहरू पूरा गर्नलाई नागार्जुन पत्रिका प्रकाशन भएको हो

भन्ने बुझिन्छ। त्यसैले पत्रिकाको उद्देश्य संस्थाको उद्देश्यमा निहित रहने हुनाले संस्थाका उद्देश्यलाई हेर्नुपर्ने हुन्छ। संस्थाका उद्देश्यहरू यस प्रकार रहेका देखिन्छन्–

(क) सामाजिक जीवनमुखी दृष्टिकोण र प्रगत्योन्मुख साहित्यको विकासका निम्ति प्रयत्नरत रहने।

(ख) वाद, प्रतिवाद र संवादको थलोका रूपमा संस्थालाई उभ्याउने।

(ग) साहित्यिक प्रतिनिधिमूलक पत्रपत्रिकाको सम्पादन/प्रकाशन गर्ने।

(घ) नवप्रतिभाको भावना र प्रस्फुटित रचनालाई प्रोत्साहित गर्ने।

(ङ) मोफसलका साहित्यिक प्रतिभाहरूलाई उत्प्रेरणा जगाउने।

(च) विविध। (नागार्जुन साहित्यिक प्रतिष्ठानको विधान, २०५७ : २)

माथि उल्लिखित उद्देश्यहरू पूरा गर्नकै लागि पत्रिकाको प्रकाशन भएको हो। भाषा-साहित्य र सामाजिक जीवनमुखी दृष्टिकोणअनुरूप ज्ञान दिएर समाजलाई डोऱ्याउन साहित्येतर सामग्री पनि प्राथमिकताका साथ स्थान दिई प्रकाशन भएका देखिन्छन्। यस पत्रिकाले 'साहित्यिक क्षेत्रमा देखिएका वाद, प्रतिवाद, संवाद, बहस, खोज एवम् प्रतिभाप्रस्फुटनको मञ्चका रूपमा प्रस्तुत गर्ने उद्देश्य राखेको छ। त्यस्तै लोकतान्त्रिक विचारधारालाई पछ्याउने र प्रगतिवादी सोच र चिन्तनका सर्जकहरूलाई साझा मञ्च उपलब्ध गराउने प्रकाशनमोर्चाका रूपमा र नेपाली साहित्यिक पत्रकारिता क्षेत्रमा केही नवीनता थप्ने, विशेषाङ्कमुखीका पूर्णाङ्क १ देखि २१ सम्मका अङ्कहरू हेर्दा सम्पादनसम्बन्धी एउटै किसिमको व्यवस्था भएको पाइँदैन। यसमा प्राय: हरेक अङ्कैपिच्छे सम्पादक-समूहको चयन फरक-फरक प्रकारबाट भएको छ। यस पत्रिकामा पहिलो अङ्कमा सम्पादन तथा व्यवस्थापनमा वैरागी जेठा, कार्यकारी सम्पादकमा प्रकाश सिलवाल, सम्पादकमण्डलमा चेतनाथ धमला र यादव थपलिया, विशेष सहयोगीमा भरत शर्मा र मायामितु न्यौपाने, कोष तथा बजार व्यवस्थापक सूर्यविनोद कुइँकेल, सल्लाहकारहरू शारदामरण नेपाल र रामप्रसाद ज्ञवाली र कानुनी सल्लाहकारमा बी. के. पाल्पाली थिए। पूर्णाङ्क २ (२०५८ माघ-चैत) मा यादव थपलिया सम्पादकमा र रेणुका भट्टराई विशेष सहयोगीमा र वैरागी जेठालाई सम्पादकबाट हटाइएको र अन्य नाम यथावत् रहेका थिए। पूर्णाङ्क ३ (२०५९ वैशाख-असार) मा कार्यकारी सम्पादकको पद हटाई त्यसमा प्रकाशनसमिति संयोजक भनेर प्रकाश सिलवाललाई राखिएको देखिन्छ। पूर्णाङ्क ४ (२०५९ साउन-असोज) मा सल्लाहकार दाहाल यज्ञनिधि थपी तीन पुऱ्याइएको, प्रकाशनसमिति संयोजक पद हटाई सम्पादक प्रकाश सिलवाललाई थप गरिएको छ। पूर्णाङ्क ७ (२०६० असोज-पुस) मा सम्पादनसमूहलाई सम्पादन सहयोगी बनाई सम्पादन सहयोगीमा रहेकालाई हटाइएको छ। पूर्णाङ्क ८ (२०६० पुस-फागुन) मा नवीन विभासलाई त्यस अङ्कका लागि सम्पादक बनाइएको छ र सल्लाहकार राखी अन्यलाई हटाइएको छ। पूर्णाङ्क ९ (२०६१ साउन-असोज) मा सम्पादक प्रकाश सिलवाल, कार्यकारी सम्पादक यादव थपलिया र तीन सल्लाहकारको व्यवस्था गरिएको छ। पूर्णाङ्क १० (२०६१ असोज-पुस) मा तीन सल्लाहकार, प्रकाश सिलवाल सम्पादक र यादव थपलिया र विजयराज आचार्यलाई सम्पादकमण्डलमा

राखिएको छ। पूर्णाङ्क ११ (२०६२) मा सल्लाहकारमा हरिगोविन्द लुइँटेल र कपिल लामिछाने थप गरी पाँच पुऱ्याइएको, सम्पादकमा प्रकाश सिलवाल, कार्यकारी सम्पादकमा यादव थपलिया, अतिथि सम्पादकमा वैरागी जेठा र प्रबन्ध सम्पादकमा मायामितु न्यौपानेको व्यवस्था गरिएको छ। पूर्णाङ्क १२ (२०६२ साउन) मा पूर्णाङ्क ११ कै व्यवस्थामा प्रबन्ध सम्पादक हटाई व्यवस्थापक पद सिर्जना गरी दिनेश भण्डारीलाई राखिएको छ। पूर्णाङ्क १३ (२०६२ कार्तिक-पुस) मा गएर सम्पादक सिलवाल नै, कार्यकारी सम्पादकमा यादव थपलिया, अतिथि सम्पादकमा मातृका पोखरेल, प्रबन्ध सम्पादकमा सुशीला शर्मा र सम्पादन सहयोगीमा छ जनालाई व्यवस्था गरिएको छ। पूर्णाङ्क १४/१५ (२०६२ कार्तिक-पुस) संयुक्ताङ्कमा प्रबन्ध सम्पादक हटाइएको, अतिथि सम्पादकमा सुरेश सुवेदीलाई चयन गरिएको, सम्पादन सहयोगी सात पुऱ्याइएको र दुई जनालाई विशेष सहयोगी राखिएको छ। पूर्णाङ्क १६ (२०६३ साउन-कार्तिक) मा यादव थपलियालाई सम्पादन सहयोगीमा थप गरी आठ पुऱ्याइएको, कार्यकारी सम्पादक र अतिथि सम्पादक हटाइएको छ। पूर्णाङ्क १७ (२०६४ वैशाख-असार) मा यादव थपलियालाई सम्पादन सहयोगीबाट र शारदारमण नेपाल र कपिल लामिछानेलाई सल्लाहकारबाट हटाइएको र अरू यथावत् नै रहेको छ। पूर्णाङ्क १९ (२०६४ कार्तिक-पुस) मा फेरि कार्यकारी सम्पादक पद सिर्जना गरी विनोदविक्रम के. सी. लाई राखिएको, सम्पादन सहयोगी बढाएर नौ सदस्य र सल्लाहकारमा सुधा त्रिपाठीलाई थप गरिएको छ। पूर्णाङ्क २० (२०६४/६५ फागुन-वैशाख) मा सम्पादन सहयोगीमा रहेकी यशोदा अधिकारीलाई सहसम्पादक बनाइएको, अन्य यथावत् नै राखिएको देखिन्छ। शोधको अन्तिम पूर्णाङ्क २१ ( २०६५ साउन-कार्तिक) मा सहसम्पादक हटाइएको र अमर गिरी, श्रवण मुकारुङ र धमेन्द्र झा सल्लाहकारमा थप गरिएको र सम्पादन सहयोगी छ जना मात्र राखिएको छ (नागार्जुन, पूर्णाङ्क १–२१)।

नागार्जुन त्रैमासिक पत्रिकामा प्रकाशित सामग्रीहरू छनोट र सम्पादनका निश्चित आधारहरू तय गरिएको छ। प्रथमतःक यो पत्रिका नागार्जुन साहित्यिक प्रतिष्ठानको मुखपत्र भएकाले प्रतिष्ठानको कार्यसमितिका सबै जिम्मेवार व्यक्तिहरू बसेर आगामी अङ्कको खाका तयार गरी त्यसअनुरूप कार्यविभाजन भई रचना-सामग्रीको सङ्कलन, छनोट र सम्पादनकार्य पूरा गरिन्छ। क्षेत्रीय, लिङ्गीय, स्थापित तथा नवोदित सर्जक, विषयवस्तु प्रस्तुति आदि समावेशीकरणका आधार तयार गरेर रचना-सामग्रीको सङ्कलन, छनोट र सम्पादन गर्ने काम गरिन्छ। यी सबै कुराहरूका आधारमा नागार्जुन प्रकाशित गर्ने सामग्रीको सङ्कलन र छनोट भसकेपछि यसको सम्पादनसम्बन्धी अन्तिम रूप तयार गरी प्रकाशन गर्ने काम गरिन्छ (प्रकाश सिलवालसँगको कुराकानीका आधारमा)।

यस पत्रिकाको पूर्णाङ्क १ देखि ७ सम्मका अङ्कहरू परिचित छापाखाना, गोङ्गबू-काठमाडौँ, पूर्णाङ्क ८ सर्वोत्तम प्रेस, पुतलीसडक, पूर्णाङ्क ९ र १० प्रज्ञा अफसेट प्रेस, पुतलीसडक, पूर्णाङ्क ११ देखि १४/१५ र १८ देखि २१ ए. बी. एस. प्रिन्टर्स प्रा. लि.,

बागबजार र पूर्णाङ्क १६ र १७ शब्दघर अफसेट प्रेसबाट मुद्रित तथा नागार्जुन साहित्यिक प्रतिष्ठानको केन्द्रीय कार्यालय, काठमाडौँबाट प्रकाशन भएका देखिन्छन्।

प्रकाशित पत्रिकाको वितरणकार्य उपत्यकामा नेसनल बुक सेन्टर, बागबजारबाट र उपत्यकाबाहिर जिल्लाका प्रतिनिधिहरूमार्फत गरिन्छ, साथै प्रतिष्ठानको केन्द्रीय कार्यालयले बनेका ग्राहकलाई घरमै पुऱ्याइदिने, आजीवन सदस्यहरू र सर्जकहरूलाई वितरण गर्ने कार्य गर्दछ (प्रकाश सिलवालबाट प्राप्त मौखिक जानकारी)।

२.४.६ 'नागार्जुन' का अङ्क र विशेषाङ्कहरू

नागार्जुन २०५८ कार्तिक-पुसबाट प्रकाशन शुभारम्भ गरेर ठीक तीन-तीन महिनामा प्रकाशित हुन नसके पनि वि. सं. २०६५ साउन-कार्तिकसम्म आइपुग्दा पूर्णाङ्क २१ सम्म प्रकाशित पत्रिका हो। पत्रिकाको पूर्णाङ्क १४/१५ र ६ चाहिँ संयुक्ताङ्कका रूपमा प्रकाशित भएको देखिन्छ। तीन-तीन महिनाका दरले हिसाब गर्दा थप ६ अङ्क प्रकाशित हुन नसकेको देखिन्छ।

यस पत्रिकाले लोकतान्त्रिक विचारधारालाई पछ्याउने, प्रगतिवादी सोच र चिन्तनका सर्जकहरूलाई साझा मञ्च उपलब्ध गराउने, नेपाली साहित्यिक पत्रकारिता क्षेत्रमा केही नवीनता थप्ने विशेषाङ्कका अतिरिक्त विवेचना र समसामयिक रचनाप्रधान पत्रिका बनाई प्रकाशन गर्ने उद्देश्य रहेको देखिन्छ। यही उद्देश्यबमोजिम पूर्णाङ्क १, २, ३, २० र २१ बाहेक अन्य विशेषाङ्ककै रूपमा प्रकाशित भएका छन् भने 'नागार्जुन परिचय २०६५' नागार्जुन-प्रकाशनशृङ्खला २१ अतिरिक्ताङ्कका रूपमा प्रकाशित भएको देखिन्छ। यी विशेषाङ्कहरूमध्ये कुनै हल्काफुल्का र कुनै गहनतम अङ्कका रूपमा प्रकाशित गरिएको देखिन्छ।

यसरी प्रकाशित विशेषाङ्कहरूमा वर्ष १ (२०५९ साउन-असोज), अङ्क ४, पूर्णाङ्क ४, डा. कविताराम श्रेष्ठको कुकुरको कथा उपन्याविशेष भनेर लघु उपन्यास प्रकाशित गरिएको छ भने कविता, कथा, गीत, गजल, हाइकू, टिप्पणी तथा पुस्तकसमीक्षा पनि प्रकाशित छन्।

वर्ष २ (२०५९ कार्तिक-पुस), अङ्क १, पूर्णाङ्क ५, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान विशेषका सामग्रीहरू ने. रा. प्र. प्र. का तत्कालीन सदस्यसचिव डा. तुलसीप्रसाद भट्टराईसँगको छोटो अन्तर्वार्ता, प्रज्ञासम्बन्धी टिप्पणी-लेख र २०५६ असोजदेखि २०५८ चैतसम्म ने. रा. प्र. प्र. बाट छापिएका पुस्तकहरूको सूचीबाहेक प्रज्ञासम्बन्धी कुनै सामग्री प्रकाशित भएका छैनन्। कविता, गीत, गजल, कथा, निबन्ध, अनुभूति र क्रिया-प्रतिक्रियाहरू चाहिँ नियमित रूपमै प्रकाशित छन्।

वर्ष २ (२०५९ माघ–२०६० असार), अङ्क २, पूर्णाङ्क ६, संयुक्ताङ्क स्व. कवि पुण्यप्रसाद सिलवाल विशेषाङ्कका रूपमा प्रकाशित भएको देखिन्छ। यसमा स्व. कवि पुण्यप्रसाद सिलवालका रचनाहरू, रचनाको समालोचना तथा समीक्षा र संस्मरणहरू रहेका छन्। वर्ष २, अङ्क ३, पूर्णाङ्क ७मा कलम बचाउ अभियानअन्तर्गत कवि पूर्णविराम विशेषका

रूपमा पृ. १ देखि १५ सम्म प्रकाशित गरिएका छन्। अरू प्रकाशित रचनाहरूमा कविता, गीत, गजल, समालोचना तथा समीक्षा, संस्मरण, अनुभूति, जीवनी, चिन्तन र संस्कृतिजस्ता सामग्री छन्। वर्ष २, अङ्क ४, पूर्णाङ्क ८ 'बालसाहित्यविशेष' का रूपमा प्रकाशित अङ्क हो। यसमा बालसाहित्यसँग सम्बन्धित कविता, गीत, गजल, हाइकू, कथा-लोककथा, निबन्ध, नाटक-एकाङ्की, सर्जकसँगको अन्तर्वार्ता, बालसाहित्यसम्बन्धी कार्यपत्र, टिप्पणीहरू, समीक्षा आदि यस अङ्कका विशेष सामग्रीहरू रहेका भेटिन्छन्।

वर्ष ३, अङ्क १, पूर्णाङ्क ९ केवलपुरे किसान विशेषका रूपमा प्रकाशित अङ्क हो। यो अङ्क केवलपुरे किसानसँग सम्बन्धित सामग्रीहरू मात्र प्रकाशित अङ्क हो। यसमा शुभेच्छा, समीक्षा, सचित्र बालकथा, किसानद्वारा रचित केही गीत र कविताहरू, बालकविता र केवलपुरेसँगका अन्तर्वार्ताहरू प्रकाशित छन्। वर्ष ३, अङ्क २, पूर्णाङ्क १० समसामयिक सन्दर्भका 'सञ्चारमा साहित्य' विशेषाङ्कका रूपमा प्रकाशित छ। 'सञ्चारमा साहित्य' शीर्षकमा विभिन्न सर्जक तथा लेखकका लेख, टिप्पणी र समीक्षाहरू मात्र प्रकाशित अङ्क हो। वर्ष ४, अङ्क १, पूर्णाङ्क ११ प्रगतिशील साहित्यिक स्रष्टा श्यामप्रसाद शर्मा विशेषाङ्कका रूपमा प्रकाशित भएको अङ्क हो। यस अङ्कमा विभिन्न समालोचक, समीक्षक, संस्मरणकार र टिप्पणीकारद्वारा उनको जीवनी, व्यक्तित्व र कृतित्वलाई प्रकाश पार्ने काम यस अङ्कका प्रकाशित सामग्रीहरूले गरेका देखिन्छन्। वर्ष ४, अङ्क २, पूर्णाङ्क १२ आ□नै नागार्जुन साहित्यिक प्रतिष्ठानको छैटौं वार्षिकोत्सव विशेषाङ्कका रूपमा प्रकाशित भएको अङ्क हो। यसमा प्रतिष्ठानकै उपलब्धि र भइरहेका गतिविधिहरू उल्लेख गर्ने कार्य भएको देखिन्छ।

वर्ष ४, अङ्क ३, पूर्णाङ्क १३ (२०६२ कार्तिक-पुस) लोकतान्त्रिक साहित्य विशेषाङ्कका रूपमा प्रकाशित अङ्क हो। यस अङ्कमा लोकतन्त्रका लागि लाग्न आह्वान गर्ने वरिष्ठ सर्जकका अन्तर्वार्ता, लोकतन्त्र ल्याउनुपर्ने आह्वानका कविता, गजल, हाइकू, कथा, निबन्ध आदि रचनाहरू समाविष्ट छन्। वर्ष ५, अङ्क १, पूर्णाङ्क १४/१५ (२०६२ माघ–२०६३ असार) छन्दकविता विशेषाङ्कका रूपमा प्रकाशित भएको संयुक्ताङ्क हो। यसमा छन्दसम्बन्धी लेख, विभिन्न छन्दमा रचित सिर्जनाहरू र 'लोकतान्त्रिक स्रष्टाको अबको दायित्व' शीर्षकको लेखसहितका सामग्रीहरू समाविष्ट छन्। वर्ष ५, अङ्क २, पूर्णाङ्क १६ ( २०६३ साउन-कार्तिक) प्रगतिशील साहित्यिक स्रष्टा जनकप्रसाद हुमागाईं विशेषका रूपमा प्रकाशित अङ्क हो। यस अङ्कमा स्रष्टा जनकप्रसाद हुमागाईंको जीवनी, व्यक्तित्व र कृतित्व उधिन्ने रामप्रसाद ज्ञवालीको समालोचना नै यस अङ्कको गहनम सामग्री प्रकाशित भएको छ भने हुमागाईंकै एक कविता र अभिनन्दन समारोहमा अभिव्यक्त उनकै विचारलाई पनि समाविष्ट गरेर प्रकाशित गरिएको देखिन्छ। वर्ष ६, अङ्क १, पूर्णाङ्क १७ (२०६४ वैशाख-असार) नारीसमालोचना विशेषाङ्कका रूपमा प्रकाशित गरिएको देखिन्छ। यसमा नारी साहित्यिक स्रष्टा, समालोचक, विभिन्न विधागत क्षेत्रमा रहेका सर्जक र सिर्जनाका प्रवृत्तिहरू, इतिहास आदिमा केन्द्रित रही समालोचना तथा समीक्षाहरू प्रकाशित गरिएको भेटिन्छ। यस अङ्कका समालोचना र समीक्षाहरू गहन रूपमा प्रकाशित सामग्री देखिन्छन्। वर्ष ६, अङ्क

२, पूर्णाङ्क १८ (२०६४ साउन-असोज) नागार्जुन साहित्यिक प्रतिष्ठानकै आठौँ वार्षिकोत्सव विशेषाङ्कका रूपमा प्रकाशित अङ्क हो। यसमा प्रतिष्ठानका उपलब्धि र विभिन्न क्रियाकलापको उल्लेख प्रकाशित छन्। वर्ष ६, अङ्क ३, पूर्णाङ्क १९ (२०६४ कार्तिक-पुस) सिर्जनाको एक विधा 'कविता' विशेषाङ्कका रूपमा प्रकाशित भएको छ। यसमा महाकवि लक्ष्मीप्रसाद देवकोटाबारे डा. कुमारबहादुर जोशीसँगको एक अन्तर्वार्ताका साथमा कविताहरू प्रकाशित भएका देखिन्छन्। प्रकाशित पूर्णाङ्क १ देखि १९ सम्म आइपुग्दा प्रतिष्ठानकै मुखपत्रका रूपमा नागार्जुन साहित्यिक त्रैमासिक पत्रिकाको प्रकाशन भएको देखिन्छ। पूर्णाङ्क २० बाट काठमाडौँ जिल्ला प्रशासन कार्यालयमा सम्पादक प्रकाश सिलवालको नाममा २८७ नं. मा हाम्रो नागार्जुन नामको पत्रिका दर्ता गरिएको देखिन्छ । त्यसपछि नागार्जुन साहित्यिक प्रतिष्ठानका लागि प्रकाश सिलवालद्वारा प्रकाशित हाम्रो नागार्जुन त्रैमासिक पत्रिका भनेर प्रकाशन गरिएको छ। यस अङ्कमा गणतन्त्र नेपालपछि वर्ष १, अङ्क १ र पूर्णाङ्क २० (२०६४/६५ फागुन-वैशाख) भनी यो अङ्क प्रकाशित भएको छ। यो प्रकाशनका हिसाबले पूर्णाङ्क २० र जि. प्र. का. मा दर्ता गराएपछि चाहिँ वर्ष १, अङ्क १ भनी प्रकाशित गरिएको हो (प्रकाश सिलवालबाट प्राप्त मौखिक जानकारी)। यस अङ्कमा अन्तर्वार्ता, कथा, कविता, निबन्ध, नाटक र समालोचनाहरू समाविष्ट छन्। गणतन्त्रपछिको वर्ष १, अङ्क २ र पूर्णाङ्क २१ (२०६५ साउन-कार्तिक) हाम्रो नागार्जुन त्रैमासिक अङ्क पनि कुनै विशेषाङ्क ननिकाली समसामयिक लेख, अन्तर्वार्ता, कविता, हाइकू, कथा, निबन्ध र समीक्षा समाविष्ट गरी प्रकाशित गरिएका देखिन्छन्।

समग्रमा यी अङ्क तथा विशेषाङ्कमा प्रकाशित अधिकांश विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रमसँग पनि मिल्न सक्ने सामग्री भएकाले विद्यार्थी, शिक्षक, जिज्ञासु पाठक जोसुकैलाई त्यत्तिकै उपयोगी र अनुसन्धानका लागि सहयोगी हुने सामग्रीहरूसमेत प्रकाशित छन्। नागार्जुन पत्रिकालाई प्रायजसो विशेषाङ्कका रूपमा प्रकाशित गरेर नागार्जुन साहित्यिक प्रतिष्ठान नेपाली साहित्यको विकासमा नवीनता थपी उल्लेख्य गुन लगाउन सफल भएकै देखिन्छ।

## २.५ निष्कर्ष

यसरी वि. सं. १९४३ मा बनारसमा मोतीराम भट्टको गोर्खा भारत जीवन पत्रिकाबाट सुरु भएको नेपाली पत्रकारिताको इतिहास साहित्यका भिन्न-भिन्न प्रवृत्तिहरूलाई अवलम्बन गरी अगाडि बढिरहेको छ। लामो समयसम्म विदेशी भूमिमा हुर्किएर वि. सं. १९५५ मा सुधासागरको प्रकाशनबाट स्वदेश भित्रिएको नेपाली पत्रकारिताको इतिहासमा वि. सं. १९५८ मा प्रकाशित गोरखापत्र पत्रिकाको अविच्छिन्न प्रकाशनबाट अगाडि बढ्यो। वि. सं. १९९१ मा प्रकाशित शारदा मासिक पत्रिकाको प्रकाशनबाट त नेपाली साहित्यिक पत्रकारिताको इतिहासमै नयाँ युग (मोड) को सुरुवात भयो। विशेष रूपमा नेपाली साहित्यका विधा स्थापित गर्न र त्यसमा पनि कथासाहित्यको मूल्य स्थापित गर्न सफल शारदा पत्रिकाको प्रकाशनले मुख्यतः साहित्यिक पत्रपत्रिकाप्रकाशनका लागि प्रेरित गर्ने काम

गऱ्यो। यसको फलस्वरूप नेपालभित्रै थुप्रै साहित्यिक पत्रपत्रिका प्रकाशित हुन थाले। वि. सं. २००७ मा राणाशासन खतम भई प्रजातान्त्रिक कालको सुरुवातपछि पत्रपत्रिकाप्रकाशन र सिङ्गो नेपाली साहित्यको विकासको क्षेत्रमा नयाँ मोड आयो। फलस्वरूप नेपाली भाषा र साहित्यको विकासमा सेवा, प्रगति, इन्द्रेणी, धरतीजस्ता साहित्यिक पत्रपत्रिकाहरूले राजनीतिको प्रजातान्त्रिक काललाई साहित्यका माध्यमबाट सफलतापूर्वक अगाडि बढाए। यस्तै वि. सं. २०१७ देखि प्रकाशित रूपरेखा त साहित्यको विकासमा अतुलनीय योगदान दिन सफल भयो। त्यस्तै इन्दु, सिंहनाद, कविता, मधुपर्क, अभिव्यक्ति, प्रज्ञा, रचना, समष्टि, मिर्मिरे, गरिमा, साँग्रिला, कलम, सङ्कल्प, प्रलेस, बगर, जनमत, समकालीन, नेपाली साहित्य, कौशिकी, रत्नश्री, सुगन्ध, भानु, नेपाली, दायित्व, जुही, उन्नयन, ज्ञानगुनका कुरा, झिसमिसे, वाङ्मय, रश्मि, मनोभाव, गुञ्जन, तृष्णा, दोभान, नेपाली वाङ्मय, कुञ्जिनी, घुँयेत्रो, शृङ्खला आदिजस्ता साहित्यिक पत्रपत्रिकाहरू क्रमशः पञ्चायतकाल र बहुदलीय प्रजातान्त्रिक कालमा रहेर नेपाली साहित्यको विकासमा बहुआयामिक रूपले योगदान पुऱ्याउन सफल भए। वि. सं. २०३२ मा 'छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०३२' ले पत्रपत्रिकाप्रकाशनका क्षेत्रमा आएको सङ्कटलाई २०३६ सालको जनआन्दोलननको राजनीतिक परिवर्तनले केही खुकुलो गऱ्यो र साहित्यिक पत्रपत्रिकाको प्रकाशनमा फेरि केही तीव्रता आयो। वि. सं. २०४६ को जनआन्दोलनपश्चात् देशमा बहुदलीय प्रजातन्त्रकाल सुरु भयो। यसपछि २०४७ सालको संविधानमा अभिव्यक्तिस्वतन्त्रता, प्रकाशन तथा प्रसारणस्वतन्त्रतासम्बन्धी कुराहरूलाई संवैधानिक व्यवस्था गरी स्थापित गरियो। यस संवैधानिक व्यवस्थाले गर्दा यसपछि झनै साहित्यिक पत्रपत्रिकाहरूले फुल्ने-फल्ने तथा नेपाली साहित्यको विकास र विस्तारमा योगदान पुऱ्याउँदै आइरहेका छन्। यसपछि वि. सं. २०५२ बाट माओवादीको नेतृत्वमा सुरु भएको सशस्त्र जनयुद्धले सघन रूप लिँदै गयो। जनयुद्धको प्रत्यक्ष मारमा राजनीतिक वकालत गर्ने पत्रपत्रिकाहरू परे भने साहित्यिक पत्रपत्रिकाहरूमा पनि अप्रत्यक्ष मनोवैज्ञानिक असर पऱ्यो। यसै क्रममा २०५८ मङ्सिरको पहिलो साता माओवादीले दाङ, सल्यान र सोलुखुम्बू जिल्ला आक्रमण गरेपछि देशमा मङ्सिर ११ गतेदेखि सङ्कटकाल लागू भई अभिव्यक्तिस्वतन्त्रता, प्रकाशन-प्रसारण संवैधानिक स्वतन्त्रता निलम्बित गरिएकै चुनौतीपूर्ण अवस्थामा नागार्जुन साहित्यिक प्रतिष्ठान नामक संस्था दर्ता भई त्यही संस्थाकै मुखपत्रका रूपमा साहित्यिक पत्रपत्रिकाप्रकाशनको लहरमा gfufh'{g साहित्यिक त्रैमासिक पत्रिकाको प्रकाशन सुरु भएको हो। यो साहित्यको बहुआयामिक क्षेत्रको विकास गर्दै नेपाली साहित्यिक पत्रकारिताको क्षेत्रमा इतिहास बनाउनलाई अग्रसर हुँदै आएको देखिन्छ।

परिच्छेद ३

# 'नागार्जुन' पत्रिकामा प्रकाशित सामग्रीहरूको विधागत रूपमा विवरणात्मक सूची

## ३.१ कविता

| *रचनाकार* | *शीर्षक* | *वर्ष* | *अङ्क* | *पूर्णाङ्क* | *महिना* | *साल* | *पृष्ठ* |
|---|---|---|---|---|---|---|---|
| १. प्रदीप गिरी | आमा | १ | १ | १ | का-पु | २०५८ | २ |
| २. मित्रलाल पंज्ञानी | आमा | १ | १ | १ | का-पु | २०५८ | ९ |
| | भविष्यको चित्र | २ | ४ | ८ | पु-फा | २०६० | १५ |
| | मुक्तिको उद्गमस्थल | ५ | १ | १४/१५ | मा-चै/वै-अ | २०६२/६३ | १३ |
| ३. अच्युतरमण अधिकारी | पानी झर्झराउँछ (गीत) | १ | १ | १ | का-पु | २०५८ | १० |
| ४. पुष्करराज बुढाथोकी (साउतेली) | गीत | १ | १ | १ | का-पु | २०५८ | १० |
| ५. ख्यालमान राई | जीवनको परिभाषामा बाँचेका तिमी | १ | १ | १ | का-पु | २०५८ | २९ |
| ६. नारायण श्रेष्ठ | दुवाली थुनेर मुहानमा | १ | १ | १ | का-पु | २०५८ | २९ |
| | सधैं हिँडिरहने सडकमा | २ | ३ | ७ | अ-पु | २०६० | २३, २४ |
| | पर्खालको रात | १ | १ | २० | फा-वै | २०६४/६५ | १७, १८ |
| | फूलको थुँगा | २ | ४ | ८ | पु-फा | २०६० | १८ |
| ७. नवराज रिजाल | पाँच टुक्रा (मुक्तक) | १ | १ | १ | का-पु | २०५८ | ३१ |
| ८. श्रीवत्स अधिकारी | आ[illegible]नै गोलार्द्धमा | १ | १ | १ | का-पु | २०५८ | ३४ |
| ९. धीरज गिरी 'कल्पित' | पानीको रङ्ग | १ | १ | १ | का-पु | २०५८ | ३४ |
| | गजल | १ | ४ | ४ | श्रा-अ | २०५९ | ३९ |
| १०. उज्ज्वल न्यौपाने | मुक्तक | १ | १ | १ | का-पु | २०५८ | ३६ |
| ११. गोविन्द आचार्य | पहाडी जीवन | १ | १ | १ | का-पु | २०५८ | ३६ |
| | फागुन आइरहोस् | २ | ३ | ७ | अ-पु | २०६० | ३९ |
| **१२. अरविन्द खरेल** | **आजको शिक्षा (बालकविता)** | **१** | **१** | **१** | **का-पु** | **२०५८** | **३६** |
| **१३. भक्तराज न्यौपाने** | **समय** | **१** | **१** | **१** | **का-पु** | **२०५८** | **३७** |
| **१४. टङ्क उप्रेती** | **बाढीमा** | **१** | **१** | **१** | **का-पु** | **२०५८** | **३७** |
| | **ध्वनि** | **१** | **३** | **३** | **वै-अ** | **२०५९** | **१२** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५. प्रेम सिलवाल | बङ्गला र घरहरू | १ | १ | १ | का-पु | २०५८ | ३८ |
| | गोरु र गोरुहरू | १ | ३ | ३ | वै-अ | २०५९ | ३८ |
| १६. झङ्कप्रसाद सिटौला | म त पछारिएको मान्छे | १ | १ | १ | का-पु | २०५८ | ३८ |
| | पीडैपीडामा बाँचिरहेको छु | १ | ३ | ३ | वै-अ | २०५९ | ३६ |
| | लौन के भो | ४ | ३ | १३ | का-पु | २०६२ | ४२ |
| १७. नारायण गोदारे | हाम्रो परम्परामा सिद्धिचरण | १ | १ | १ | का-पु | २०५८ | ३९ |
| | वर्ष नयाँ आउँदा | १ | ३ | ३ | वै-अ | २०५९ | ३३ |
| १८. नरेन्द्र घिमिरे | इतिहास ब्युँझाएर वर्तमानमा | १ | १ | १ | का-पु | २०५८ | ४० |
| १९. प्रकाश गुरागाईं | भरिया, भारी र मूल्य | १ | १ | १ | का-पु | २०५८ | ४० |
| | परिवेश र म | १ | ४ | ४ | श्रा-अ | २०५९ | ४१ |
| २०. बी. के. पाल्पाली | मार्चपासको पाइला | १ | १ | १ | का-पु | २०५८ | ४२ |
| २१. पदम गौतम | गजल | १ | २ | २ | मा-चै | २०५८ | १३ |
| | गाउँखाने कविता | १ | ४ | ४ | श्रा-अ | २०५९ | ४५ |
| | आयो लामखुट्टे | २ | ४ | ८ | पु-फा | २०६० | १६ |
| | मैले रोजेको | ५ | १ | १४/१५ | मा-चै/ वै-अ | २०६२/ ६३ | २८ |
| २२. सुस्मिता नेपाल | ताल : अठार | १ | २ | २ | मा-चै | २०५८ | १४ |
| २३. देवकी आचार्य | हिंसाको अवसान | १ | २ | २ | मा-चै | २०५८ | १५ |
| २४. माधव निर्दोष | गजल | १ | २ | २ | मा-चै | २०५८ | १६ |
| | गजल | ४ | ३ | १३ | का-पु | २०६२ | ५७ |
| | मानवजीवन र चराहरू | ६ | ३ | १९ | का-पु | २०६४ | ६३, ६४ |
| २५. टहल नवकिरण | मन | १ | २ | २ | मा-चै | २०५८ | १८ |
| २६. सुवासचन्द्र अजित | गीत | १ | २ | २ | मा-चै | २०५८ | २१ |
| २७. के. आर. थापा | देश रोइरहेछ | १ | २ | २ | मा-चै | २०५८ | २१ |
| २८. नारायण खकुरेल आस्तिक | हामी गोरु हौँ, हामी बुद्धू हौँ/ | १ | २ | २ | मा-चै | २०५८ | २३ |
| २९. राजकुमार बगर | घाम अर्थात् मेरो ईश्वर | १ | २ | २ | मा-चै | २०५८ | २४ |
| ३०. यादव थपलिया | गोधूलि सन्ध्याको अस्तित्व खोज्न | १ | २ | २ | मा-चै | २०५८ | २६ |
| | जुनू भन्छिन् | २ | ४ | ८ | पु-फा | २०६० | १७ |
| ३१. अनमोलमणि पौडयाल | गजल | १ | २ | २ | मा-चै | २०५८ | २७ |
| | डुक्री साँढे, डुक्री | ४ | ३ | १३ | का-पु | २०६२ | ८१ |
| | घुम्ती छेलिएपछि | १ | १ | २१ | फा-वै | २०६४ /६५ | २८ |
| ३२. रमेश कुँवर | त्यस्तो नहोस् | १ | २ | २ | मा-चै | २०५८ | २८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३३. चङ्की श्रेष्ठ | झूटको प्रदर्शनीमा सत्य | १ | २ | २ | मा-चै | २०५८ | २८ |
| | चराको सङ्गीत | १ | २ | २१ | सा-का | २०६५ | ३६ |
| | हतियार | ६ | ३ | १९ | का-पु | २०६४ | २६–२७ |
| ३४. मणि लोहनी | किचकन्नीहरू | १ | २ | २ | मा-चै | २०५८ | ३० |
| ३५. दुर्गा खतिवडा | गजल | १ | २ | २ | मा-चै | २०५८ | ३० |
| ३६. सिर्जना दुवाल | गजल | १ | २ | २ | मा-चै | २०५८ | ३० |
| ३७. लक्ष्मण ढुङ्गेल | हातमा सुनगाभा लिएर | १ | २ | २ | मा-चै | २०५८ | ३२ |
| ३८. शम्भुकुमार मिलन | गजल | १ | २ | २ | मा-चै | २०५८ | ३२ |
| ३९. नवीन खड्का | विरोधाभास | १ | २ | २ | मा-चै | २०५८ | ३२ |
| ४०. देवबहादुर कुँवर | देउडा गीत | १ | २ | २ | मा-चै | २०५८ | ३७ |
| ४१. गोवर्द्धन पूजा | समयचक्र | १ | २ | २ | मा-चै | २०५८ | ३७ |
| | गजल | १ | २ | २ | मा-चै | २०५८ | ३७ |
| ४२. रामेश्वर राउत मातृदास | फूलको रुमाल | १ | २ | २ | मा-चै | २०५८ | ३७ |
| ४३. सूर्यविनोद कुइँकेल | सूर्यास्त | १ | २ | २ | मा-चै | २०५८ | ३८ |
| | पीडाबोध | १ | ४ | ४ | श्रा-अ | २०५९ | ४२ |
| ४४. खिमानन्द पोखरेल | जिन्दगी | १ | २ | २ | मा-चै | २०५८ | ३८ |
| ४५. एकराज सुवेदी | मेरो गाउँ | १ | २ | २ | मा-चै | २०५८ | ३९ |
| ४६. भारद्वाज मित्र | बालगीत | १ | २ | २ | मा-चै | २०५८ | ३९ |
| | आउने सत्ययुगमा | ६ | ३ | १९ | का-पु | २०६४ | २९–३० |
| | आमा | ६ | ३ | १९ | का-पु | २०६४ | ७० |
| ४७. व्याकुल पाठक | गजल | १ | २ | २ | मा-चै | २०५८ | ३९ |
| ४८. हेमराज अधिकारी | नेपाल हाम्रो घर | १ | ३ | ३ | वै-अ | २०५९ | २३ |
| ४९. उमा खत्री | मुक्तक | १ | ३ | ३ | वै-अ | २०५९ | २३ |
| ५०. रमेश धमला | मान्छेको व्यवहार | १ | ३ | ३ | वै-अ | २०५९ | २३ |
| ५१. हरि घिमिरे | पूर्णता पुरिँदै छ | १ | ३ | ३ | वै-अ | २०५९ | २८ |
| ५२. शर्मिला पोखरेल | दन्त्यकथा | १ | ३ | ३ | वै-अ | २०५९ | २९ |
| ५३. नारायण गौतम | शिवपुरीको लेकबाट काठमाडौँ | १ | ३ | ३ | वै-अ | २०५९ | ३० |
| ५४. मेदिनीकुमार केवल | जीवनसङ्घर्ष | १ | ३ | ३ | वै-अ | २०५९ | ३१ |
| ५५. लक्ष्मी का[illegible]ले | रेसुङ्गा | १ | ३ | ३ | वै-अ | २०५९ | ३१ |
| ५६. ठाकुर बेलबासे | विश्वास जम्दा र पग्लँदा | १ | ३ | ३ | वै-अ | २०५९ | ३२ |
| ५७. रेवतीकुमार सुवेदी | माया | १ | ३ | ३ | वै-अ | २०५९ | ३३ |
| ५८. पुण्यनाथ शर्मा | मुटुको धडकन | १ | ३ | ३ | वै-अ | २०५९ | ३४ |
| ५९. लक्ष्मण सिटौला | गीत | १ | ३ | ३ | वै-अ | २०५९ | ३४ |
| | गीत | २ | १ | ५ | का-पु | २०५९ | ३६ |
| ६०. पुण्या पौडयाल | गीत | १ | ३ | ३ | वै-अ | २०५९ | ३४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६१. चन्द्रमान माली | गीत | १ | ३ | ३ | वै-अ | २०५९ | ३४ |
| ६२. सनमान चेमजोङ 'स्वप्निल' | वसन्त | १ | ३ | ३ | वै-अ | २०५९ | ३५ |
| | ख्वामित | ४ | ३ | १३ | का-पु | २०६२ | ४१–४२ |
| | गजल | २ | १ | ५ | का-पु | २०५९ | १८ |
| ६३. नरहरि प्रेमी | गजल | १ | ३ | ३ | वै-अ | २०५९ | ३५ |
| ६४. शान्ति नेउपाने | आफन्तको खुट्टा | १ | ३ | ३ | वै-अ | २०५९ | ३५ |
| | दोष | २ | १ | ५ | का-पु | २०५९ | २४ |
| ६५. रुगमबहादुर कँवर | प्रतीक्षा | १ | ३ | ३ | वै-अ | २०५९ | ३६ |
| ६६. सुदीपभद्र खनाल | चमेराहरू | १ | ३ | ३ | वै-अ | २०५९ | ३७ |
| ६७. सुवर्ण विष्ट | भाग्यले ठगिरहेछ | १ | ३ | ३ | वै-अ | २०५९ | ३७ |
| | आफैँभित्र हामी हेर्नू | २ | १ | ५ | का-पु | २०५९ | १७ |
| ६८. रेणुका भट्टराई | गोरेटो हेरिरहेछ | १ | ३ | ३ | वै-अ | २०५९ | ३८ |
| | केही हाइकू | २ | १ | ५ | का-पु | २०५९ | ३६ |
| ६९. राजु सापकोटा | राष्ट्र बनाऔँ ( बालकविता) | १ | ३ | ३ | वै-अ | २०५९ | ३८ |
| | शान्तिको सुवास | २ | ४ | ८ | पु-फा | २०६० | १५ |
| ७०. माधव घिमिरे | गीत | १ | ४ | ४ | सा-अ | २०५९ | १ |
| ७१. महेश प्रसाई | सूर्यदाह | १ | ३ | ३ | वै-अ | २०५९ | ४१ |
| रामप्रसाद ज्ञवाली | प्रेम ? धेरै फरक पो छ त / | १ | ३ | ३ | वै-अ | २०५९ | ४२ |
| | बाँकी त्यै गणतन्त्र छ | ४ | ३ | १३ | का-पु | २०६२ | ४५ |
| ७२. वासु पासा | मलिलो | १ | ४ | ४ | सा-अ | २०५९ | ४ |
| ७३. अर्जुन पराजुली | प्रश्न | १ | ४ | ४ | सा-अ | २०५९ | ४ |
| | लौ, अब पिङ खेल | ४ | ३ | १३ | का-पु | २०६२ | ६२ |
| ७४. चेतनाथ धमला | पाँच हाइकु | १ | ४ | ४ | सा-अ | २०५९ | ६ |
| | पाँच हाइकु | ४ | ३ | १३ | का-पु | २०६२ | १५ |
| | हाइकु | ६ | ३ | १९ | का-पु | २०६४ | ४६ |
| | तीन हाइकु | १ | १ | २१ | फा-चै | २०६४ /६५ | २७ |
| ७५. दुर्गाप्रसाद दाहाल | काव्यसमीक्षा | १ | ४ | ४ | सा-अ | २०५९ | ७ |
| ७६. अञ्जना पौडेल | शिशिर-वसन्त अनुराग | १ | ४ | ४ | सा-अ | २०५९ | ३९ |
| ७७. रामकुमार दुलाल | गीत | १ | ४ | ४ | सा-अ | २०५९ | ३९ |
| ७८. कमला थापा | बगिरहन दिनु उसलाई | १ | ४ | ४ | सा-अ | २०५९ | ४० |
| ७९. रमेश बस्नेत | गजल | १ | ४ | ४ | सा-अ | २०५९ | ४० |
| ८०. लक्ष्मीप्रसाद अधिकारी | गजल | १ | ४ | ४ | सा-अ | २०५९ | ४० |
| ८१. अञ्जना रिमाल | नेपाल आमा | १ | ४ | ४ | सा-अ | २०५९ | ४१ |
| ८२. विकास शाह 'असफल' | एक थोपा मसी | १ | ४ | ४ | सा-अ | २०५९ | ४२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८३. चन्द्रलाल ढकाल | गीत | १ | ४ | ४ | सा-अ | २०५९ | ४४ |
| ८४. प्रमोद स्नेही | प्रिय बन्दै गएको दु:ख | १ | ४ | ४ | सा-अ | २०५९ | ४६ |
| | रैबारे घाम | १ | ४ | ४ | सा-अ | २०५९ | ४६ |
| ८५. अस्मिता भण्डारी | गजल | १ | ४ | ४ | सा-अ | २०५९ | ४६ |
| ८६. माया मुल्मी | निरन्तर प्रश्न | १ | ४ | ४ | सा-अ | २०५९ | ४६ |
| | अदृश्य छालहरू | २ | ३ | ७ | अ-पु | २०६० | ५६ |
| ८७. प्रतिरोध कार्की | खिन्न मनका दुई कविता (१ र २) | १ | ४ | ४ | सा-अ | २०५९ | ४८ |
| ८८. सुशीला शर्मा | गीत | १ | ४ | ४ | सा-अ | २०५९ | ४९ |
| | मान हाम्रो जगाऊ | ४ | ३ | १३ | का-पु | २०६२ | ८२, ८३ |
| | सन्देश | ५ | १ | १४/१५ | मा-चै/ वै-अ | २०६२/ ६३ | २६ |
| | आमालाई पत्र | ६ | ३ | १९ | का-पु | २०६४ | ५० |
| ८९. पुष्पलता आचार्य | म के गरूँ ? | २ | १ | ५ | का-पु | २०५९ | १५ |
| ९०. प्रकाश सिलवाल | पहिलो किस्ता | २ | १ | ५ | का-पु | २०५९ | १६ |
| | अब चाँडै उठ्छु | २ | ४ | ८ | पु-फा | २०६० | ५१ |
| | विचारका देवल | ३ | १ | ९ | सा-अ | २०६१ | ३ |
| | बस्दैन, झुक्दैन है | ५ | १ | १४/१५ | मा-चै/ वै-अ | २०६२/ ६३ | २१ |
| | उत्सवपूर्व | ६ | ३ | १९ | का-पु | २०६४ | २८ |
| ९१. उमेश पाण्डे | मलाई मन लाग्छ | २ | १ | ५ | का-पु | २०५९ | १७ |
| ९२. सावित्री राना मगर | गजल | २ | १ | ५ | का-पु | २०५९ | १८ |
| ९३. गोपीकृष्ण ढुङ्गाना | गजल | २ | १ | ५ | का-पु | २०५९ | २४ |
| | साना-साना | २ | ४ | ८ | पु-फा | २०६० | १८ |
| ९४. बुद्धिसागर चपाई | गजल | २ | १ | ५ | का-पु | २०५९ | २४ |
| | काठमान्डूमा | १ | १ | २० | फा-वै | २०६४ /६५ | ३०, ३१ |
| ९५. प्रभाती किरण | नग्न अवशेष | २ | १ | ५ | का-पु | २०५९ | २५ |
| | अब ढल्छ त्यो | ५ | १ | १४/१५ | मा-चै/ वै-अ | २०६२/ ६३ | ३३ |
| ९६. ब्रह्मप्रिय प्रेमस्वरूप | हातहरू | २ | १ | ५ | का-पु | २०५९ | २५ |
| ९७. अविपरायण विनोदविक्रम | ऊ = म = तिमी = हामी हिँड्दै-सोच्दै, सोच्दै-हिँड्दै | २ | १ | ५ | का-पु | २०५९ | ३५ |
| ९८. पुण्यप्रसाद सिलवाल | तिम्रा आँसुका थोपाहरू | २ | २ | ६ | मा-चै/ वै-अ | २०५९ /६० | ४, ५ |
| | चम्क/ चम्क/ नेपाली// | २ | २ | ६ | ,, | ,, | ५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | यौवनपूर्ण अकेली ( गीत) | २ | २ | ६ | ,, | ,, | ६ |
| | पर्ख न पर्ख (गीत) | २ | २ | ६ | ,, | ,, | ६ |
| | निराशा (गीत) | २ | २ | ६ | ,, | ,, | ६ |
| | नमेटिने चित्र | २ | २ | ६ | ,, | ,, | ७, ८ |
| | मन नपरेको कुरा | २ | २ | ६ | ,, | ,, | ८ |
| | कवि भानुभक्त | २ | २ | ६ | ,, | ,, | ९ |
| | आमा के भन्छिन् | २ | २ | ६ | ,, | ,, | ९, १० |
| | गरिब ठाक्रे | २ | २ | ६ | ,, | ,, | ११ |
| | हाम्रो प्रार्थना | २ | २ | ६ | ,, | ,, | ११ |
| | नबिर्स | २ | २ | ६ | ,, | ,, | १२ |
| | हाँसिदेऊ | २ | २ | ६ | ,, | ,, | १२ |
| ९९. कमलप्रसाद फुयाँल | अन्तरका उद्गार | २ | २ | ६ | मा-चै/ वै-अ | २०५९ /६० | ५७ |
| १००. पूर्णविराम | हामीहरूले उसको तस्बिर हेर्न पाउनुपर्छ | २ | ३ | ७ | अ-पु | २०६० | १३–१५ |
| | सहरमा एउटा कवि | ६ | ३ | १९ | का-पु | २०६४ | १८ |
| १०१. वैरागी जेठा | माकुराले जाल बुनेझैं | २ | ३ | ७ | अ-पु | २०६० | २४ |
| | छोरीहरू उठ | २ | ४ | ८ | पु-फा | २०६० | ५२ |
| १०२. मुक्तिनाथ शर्मा | शुभकामना | २ | ३ | ७ | अ-पु | २०६० | ३८ |
| | बालगीत | २ | ४ | ८ | पु-फा | २०६० | २० |
| १०३. रामगोपाल 'आशुतोष' | गीत | २ | ३ | ७ | अ-पु | २०६० | ४० |
| | ईश्वर, गिद्ध, चील र बाजविरुद्ध चराहरू | १ | २ | २१ | सा-का | २०६५ | ३४–३६ |
| १०४. गमला लुइँटेल | आकाशको जवाफ | २ | ३ | ७ | अ-पु | २०६० | ४६ |
| १०५. मायामितु न्यौपाने | सडक | २ | ३ | ७ | अ-पु | २०६० | ४७ |
| | जीवनयात्रा | ५ | १ | १४/१५ | मा-चै/ वै-अ | २०६२/ ६३ | ४० |
| १०६. गोमा सापकोटा | देशको पीडा | २ | ३ | ७ | अ-पु | २०६० | ४८ |
| १०७. राज्य कार्की | टेन्सन | २ | ३ | ७ | अ-पु | २०६० | ४९ |
| | एक प्रसङ्ग, एक प्रश्न, एक कविता | १ | १ | २१ | फा-वै | २०६४ /६५ | २९ |
| | प्रेम : एक पाक कविता | ६ | ३ | १९ | का-पु | २०६४ | ४८ |
| १०८. हृषीकेश शर्मा | राष्ट्रिय ध्वजाको गौरव | २ | ३ | ७ | अ-पु | २०६० | ५२–५३ |
| १०९. रमेशजङ्ग सिजापति | गीत | २ | ३ | ७ | अ-पु | २०६० | ५३ |
| ११०. नम्रता भण्डारी | असुरक्षित रात | २ | ३ | ७ | अ-पु | २०६० | ५४ |
| १११. ऋचा ढुङ्गेल | देश | २ | ३ | ७ | अ-पु | २०६० | ५५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११२. केशव प्रधान | मर्न चर्मरायो | २ | ३ | ७ | अ-पु | २०६० | ५७ |
| ११३. गोपीराज धमला | स्वागत | २ | ३ | ७ | अ-पु | २०६० | ५७ |
| ११४. मोहनकुमार श्रेष्ठ | जमात | २ | ३ | ७ | अ-पु | २०६० | ५८ |
| ११५. मोदनाथ प्रश्रित | यस्तोउस्तो नाक | २ | ४ | ८ | पु-फा | २०६० | १३ |
| ११६. मञ्जुल | साना-साना केटाकेटी | २ | ४ | ८ | पु-फा | २०६० | १३ |
| | चरा र कविता | १ | २ | २१ | सा-का | २०६५ | ३३ |
| ११७. दधिबन्धु घर्ती मगर | सुन-सुन नानीहो | २ | ४ | ८ | पु-फा | २०६० | १३ |
| ११८. लेखनाथ भण्डारी | आँसु | २ | ४ | ८ | पु-फा | २०६० | १३ |
| ११९. रामेश | मेरो जन्मदिन | २ | ४ | ८ | पु-फा | २०६० | १४ |
| १२०. दाहाल यज्ञनिधि | बालकलाई प्रौढको कविता | २ | ४ | ८ | पु-फा | २०६० | १४ |
| | पानी-पानी | ५ | १ | १४/१५ | मा-चै/ वै-अ | २०६२/ ६३ | १२ |
| | मेरी आमा र म | ६ | ३ | १९ | का-पु | २०६४ | ७६, ७७ |
| १२१. ललिता दोषी | मिहिनेती | २ | ४ | ८ | पु-फा | २०६० | १४ |
| १२२. नन्दु उप्रेती | सबैभन्दा प्यारो | २ | ४ | ८ | पु-फा | २०६० | १५ |
| १२३. नर्मदेश्वरी सत्याल | भँगेरो र गौंथली | २ | ४ | ८ | पु-फा | २०६० | १५ |
| | आमा हुँ | ६ | ३ | १९ | का-पु | २०६४ | ७३, ७४ |
| १२४. ललित बस्नेत 'भिमाली' | नहोस् यहाँ जाँच | २ | ४ | ८ | पु-फा | २०६० | १६ |
| १२५. पुण्य कार्की | मेरी आमा | २ | ४ | ८ | पु-फा | २०६० | १६ |
| | केवलपुरे किसान | ३ | १ | ९ | सा-आ | २०६१ | ५६ |
| | गर्भाधान | ४ | ३ | १३ | का-पु | २०६२ | ७८ |
| १२६. प्रशान्त उपाध्याय | किताब | २ | ४ | ८ | पु-फा | २०६० | १६ |
| १२७. छत्र क्षितिज | घाम पनि राम्रो हुन्छ | २ | ४ | ८ | पु-फा | २०६० | १७ |
| १२८. जयन्ती स्पन्दन | भत्काउँदिन... | २ | ४ | ८ | पु-फा | २०६० | १७ |
| १२९. घनेन्द्र ओझा | खोजी हेर | २ | ४ | ८ | पु-फा | २०६० | १७ |
| | धरती उचालौँ | ५ | १ | १३/१४ | मा-चै/ वै-अ | २०६२/ ६३ | २५ |
| १३०. भोजराज आचार्य | जून आमा | २ | ४ | ८ | पु-फा | २०६० | १८ |
| १३१. गोविन्द विकल | कविता | २ | ४ | ८ | पु-फा | २०६० | १८ |
| १३२. मणि नेपाली | म त हजुर | २ | ४ | ८ | पु-फा | २०६० | १९ |
| १३३. मुस्कान | एक्काइसौं शताब्दीका मूर्खहरू | २ | ४ | ८ | पु-फा | २०६० | १९ |
| १३४. सहदेव श्रेष्ठ | हाइकु | २ | ४ | ८ | पु-फा | २०६० | १९ |
| १३५. कमला अत्रि | हाइकु | २ | ४ | ८ | पु-फा | २०६० | १९ |
| १३६. उदय जी. एम. | खोज्दी होलिन् | २ | ४ | ८ | पु-फा | २०६० | २० |
| १३७. इन्द्रविवश डी. सी. | बत्ती बलिरहेको साँझ | २ | ४ | ८ | पु-फा | २०६० | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३८. अनिल पौडेल | बाबाले कलम दिनुभो | २ | ४ | ८ | पु-फा | २०६० | ५९ |
| १३९. देवी नेपाल | बालगीत | २ | ४ | ८ | पु-फा | २०६० | ५१ |
| | आमा | ६ | ३ | १९ | का-पु | २०६४ | ७२–७३ |
| १४०. केवलपुरे किसान | छोटो मीठो | ३ | १ | ९ | सा-अ | २०६१ | ४, ५ |
| | झन् छोटो मीठो | ३ | १ | ९ | ,, | ,, | ६, ७ |
| | छोरीलाई भात ख्वाउँदा | ३ | १ | ९ | ,, | ,, | ३३, ३५ |
| | छोरीसित गन्थन | ३ | १ | ९ | ,, | ,, | ३६–४१ |
| | बालगीत | ३ | १ | ९ | ,, | ,, | ४२, ४३ |
| | छोरी फुल्याउँदा | ३ | १ | ९ | ,, | ,, | ४४–४६ |
| | थोरै सम्झौं | ४ | १ | ११ | – | २०६२ | १२४, १२५ |
| १४१. प्रभात सापकोटा | मुक्ति आदर्श देऊ | ४ | १ | ११ | – | २०६२ | १२६ |
| १४२. श्यामप्रसाद शर्मा | शान्ति र केटाकेटी | ४ | १ | ११ | – | २०६२ | १२८ |
| १४३. श्रवण मुकारुङ | बिसे नगर्चीको बयान | ४ | २ | १२ | श्रावण | २०६२ | ४१–४३ |
| | जनता | ६ | ३ | १९ | का-पु | २०६४ | १६ |
प्रकाशित कवितामा हामी सबैले भोग्ने व्यक्तिगत तथा सामाजिक पीडा, कुण्ठा, गरिबी, छटपटी, निराशापूर्ण व्यथा आदिलाई कवितात्मक विषयवस्तु बनाइएको पाइन्छ। यस्ता कविताहरूमा प्रकाश गुरागाईंको 'भरिया, भारी र मूल्य' (पूर्णाङ्क १), नरेन्द्र घिमिरेको 'इतिहास ब्युँझाएर वर्तमानमा' (पूर्णाङ्क १), झङ्कप्रसाद सिटौलाका 'म त पछारिएको मान्छे' (पूर्णाङ्क १) र 'पीडैपीडामा बाँचिरहेको छु' (पूर्णाङ्क ३), मणि लोहनीको 'किचकन्नीहरू' (पूर्णाङ्क २), रमेश धमलाको 'मान्छेको व्यवहार' (पूर्णाङ्क ३), वासु पासाको 'मलिलो' (पूर्णाङ्क ४), सूर्यविनोद कुइँकेलको 'पीडाबोध' (पूर्णाङ्क ४), प्रमोद स्नेहीको 'प्रिय बन्दै गएको दुःख' (पूर्णाङ्क ४), प्रतिरोध कार्कीको 'खिन्न मनका दुई कविता' (पूर्णाङ्क ४), पुष्पलता आचार्यको 'म के गरूँ' (पूर्णाङ्क ५), पुण्यप्रसाद सिलवालका 'निराशा' (पूर्णाङ्क ६)

र ˘गरिब ढाक्रे’ (पूर्णाङ्क ६), नारायण श्रेष्ठको ˘सधैँ हिँडिरहने सडकमा’ (पूर्णाङ्क ७), राज्य कार्कीको ˘टेन्सन’ (पूर्णाङ्क ७), नम्रता भण्डारीको ˘असुरक्षित रात’ (पूर्णाङ्क ७), माया मुल्मीको ˘अदृश्य छालहरू’ (पूर्णाङ्क ७), मित्रलाल पंज्ञानीको ˘मुक्तिको उद्‌गमस्थल’ ( पूर्णाङ्क १४/१५), रेणुका भट्टको ˘समय’ (पूर्णाङ्क १४/१५), प्रह्लाद पोखरेलको ˘जीवन’ ( पूर्णाङ्क १४/१५), भरतराज पीडितको ˘तर्सन्न क्वै मानिस’ (पूर्णाङ्क १४/१५), अनमोलमणिको ˘घुम्ती छेलिएपछि’ (पूर्णाङ्क २१), युवराज का□ले ˘नास्तिक’ को ˘स्तन खोल्न पल्केको सभ्यता’ (पूर्णाङ्क २१) आदिलाई उदाहरणका रूपमा लिन सकिन्छ।

प्रकाश गुरागाईंको ˘भरिया, भारी र मूल्य’ कवितामा गरिब र दीनहीनहरूले काम गरी बल्लतल्ल गुजारा गर्नुपर्ने विवशता/पीडाको अभिव्यक्ति, नरेन्द्र घिमिरेको ˘इतिहास ब्युँझाएर वर्तमानमा’’ मा असन्तुष्टि र कुण्ठा पालेर वर्तमान समय घस्रिरहेको भावाभिव्यक्ति रहेको छ। झङ्कप्रसाद सिटौलाको ˘म त पछारिएको मान्छे’ मा निराशा र अन्तिममा अस्तित्वको आस गरिएको, उनकै ˘पीडैपीडामा बाँचिरहेको छु’ मा व्यक्तिगत तथा सामाजिक पीडा, व्यथा र क्रन्दनका आवाजहरूको भावाभिव्यक्ति गरिएको छ। मणि लोहनीको ˘किचकन्नीहरू’ मा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा रहेका बेथिति, बेसंस्कार र नराम्रा मानवव्यवहारलाई चित्रण गरिएको, रमेश धमलाको ˘मान्छेको व्यवहार’ मा मान्छेलाई असल र खराब दुवै व्यवहार देखाउने र गर्ने स्वभावको भाव व्यक्त गरिएको छ। वासु पासाको ‘मलिलो’ मा दुःखबाट सङ्घर्ष, सङ्घर्षबाट सिर्जना र सिर्जनाले सार्थक जीवन हुने कुराको उद्‌बोध गरिएको पाइन्छ। सूर्यविनोद कुइँकेलको ‘पीडाबोध’ मा पीडा र कुण्ठा, प्रमोद स्नेहीको ‘प्रिय बन्दै गइरहेको दुःख’ मा दुःखको चित्रण, प्रतिरोध कार्कीको ‘खिन्न मनका दुई कविता’ मा निराशाको भाव, पुष्पलता आचार्यको ‘म के गरूँ’ मा पीडा, छटपटी र चिन्ता, पुण्यप्रसाद सिलवालको ‘निराशा’ मा निराशा र व्यथाहरू र ‘गरिब ढाक्रे’ मा गरिब र दीनहीनको दुःखलाई अभिव्यञ्जित गरिएको छ। नारायण श्रेष्ठको ‘सधैँ सडकमा हिँडिरहने सडकमा’ दैनन्दिनका कथा, व्यथा र नियतिहरू, राज्य कार्कीको ‘टेन्सन’ मा संसारका बग्रेल्ती समस्याहरूबाट सिर्जना भएको मानसिक तनावको चित्रण, नम्रता भण्डारीको ‘असुरक्षित रात’ मा अस्तव्यस्त र असुरक्षित अवस्थाको वर्णन, माया मुल्मीको ‘अदृश्य छालहरू’ मा सङ्घर्ष गरेको भावाभिव्यक्ति, मित्रलाल पंज्ञानीको ‘मुक्तिको उद्‌गमस्थल’ मा व्यक्तिगत/सामाजिक पीडा, रेणुका भट्टको ‘समय’ मा पीडा र कुण्ठा, प्रह्लाद पोखरेलको ‘जीवन’ मा विकृति, विसङ्गति र निराशाको चित्रण, भरतराज पीडितको ‘तर्सन्न क्वै मानिस’ मा सामाजिक अन्यायविरुद्धको आक्रोश, अनमोलमणिको ‘घुम्ती छेलिएपछि’ मा अल्छी र आलस्यले सताउने पो हो कि भन्ने चिन्ता र युवराज का□ले ‘नास्तिक’ को ‘स्तन खोल्न पल्केको सभ्यता’ मा छाडापनको चित्रण भावाभिव्यञ्जित भएको पाइन्छ।

gfufh'{g पत्रिकामा प्रकाशित कविताहरूमा सहरिया जीवनका विसङ्गति र विकृतिहरू, हिंसा, आतङ्क र आशान्ति, युद्ध र सन्त्रस्त अवस्था, नारी-उत्पीडन, स्वतन्त्रता र मुक्तिको चाहना, माया र प्रेमका कुराहरू, प्राकृतिक मनोरम अवस्थाको वर्णन, मातृभूमिप्रतिको

माया-मोह, राष्ट्रभक्ति र मानवताजस्ता कुराहरूलाई पनि विषयवस्तु बनाएर कविता सिर्जना गरिएको पाइन्छ। उदाहरणका रूपमा अच्युतरमण अधिकारीको 'पानी झर्झराउँछ' (पूर्णाङ्क १), प्रेम सिलवालको 'बङ्गला र घरहरू' (पूर्णाङ्क १), बी. के. पाल्पालीको 'मार्चपासको पाइला' (पूर्णाङ्क १), देवकी आचार्यको 'हिंसाको अवसान' (पूर्णाङ्क २), के. आर. थापाको 'देश रोइरहेछ' (पूर्णाङ्क २), लक्ष्मण ढुङ्गेलको 'हातमा सुनगाभा लिएर' (पूर्णाङ्क २), एकराज सुवेदीको 'मेरो गाउँ' (पूर्णाङ्क २), हेमराज अधिकारीको 'नेपाल हाम्रो घर' (पूर्णाङ्क ३), नारायण गौतमको 'शिवपुरी लेकबाट काठमाडौँ' (पूर्णाङ्क ३), लक्ष्मी का□लेको 'रेसुङ्गा' (पूर्णाङ्क ३), ठाकुर बेलबासेको 'विश्वास जम्दा र पग्लँदा' (पूर्णाङ्क ३), रेवतीकुमार सुवेदीको 'माया' (पूर्णाङ्क ३), सनमान चेमजोङ 'स्वप्निल' को 'वसन्त' (पूर्णाङ्क ३), शान्ति नेउपानेको 'आफन्तको खुट्टा' (पूर्णाङ्क ३), प्रकाश सिलवालका 'पहिलो किस्ता' ( पूर्णाङ्क ५) र 'बस्दैन, झुक्दैन है' (पूर्णाङ्क १४/१५), प्रभाती किरणको 'नग्न अवशेष' ( पूर्णाङ्क ५), मुक्तिनाथ शर्माको 'शुभकामना' (पूर्णाङ्क ७), गोविन्द आचार्यको 'फागुन आइरहोस्' (पूर्णाङ्क ७), गोमा सापकोटाको 'देशको पीडा' (पूर्णाङ्क ७), हृषीकेश शर्माको 'राष्ट्रिय ध्वजाको गौरव' (पूर्णाङ्क ७), ऋचा ढुङ्गेलको 'देश' (पूर्णाङ्क ७), मोहनकुमार श्रेष्ठको 'जमात' (पूर्णाङ्क ७) रहेका छन् । यस्तै घनश्याम शर्माको 'सोच्दै छु एउटा कुनामा बसेर' (पूर्णाङ्क १३), बलभद्र भारतीको 'आ□नो कथा' (पूर्णाङ्क १३), कृष्ण धरावासीको 'जन्मँदै कालोमा' (पूर्णाङ्क १३), सुशीला शर्माका 'मान हाम्रो जगाऊ' (पूर्णाङ्क १३) र 'आमालाई पत्र' (पूर्णाङ्क १९), बालकृष्ण लामिछानेको 'केही प्रश्न' (पूर्णाङ्क १४/१५), घनेन्द्र ओझाको 'धर्ती उचालौँ' (पूर्णाङ्क १४/१५), श्यामकृष्ण खुलिमुलीको 'गीत स्वतन्त्रताको' (पूर्णाङ्क १४/१५), पदम गौतमको 'मैले रोजेको' (पूर्णाङ्क १४/१५), डा. जया सत्यालको 'जताततै उठे सबै' (पूर्णाङ्क १४/१५), निश्चल अधिकारी 'चञ्चल' को 'क्रान्तिको कल्पनामा' (पूर्णाङ्क १४/१५), ज्ञानू विद्रोहीको 'युग आह्वान' (पूर्णाङ्क १४/१५), जय गौडेलको 'कवि भन्दछन्' (पूर्णाङ्क १४/१५), विष्णु ज्ञवालीको 'हे प्रियतमा/ ' (पूर्णाङ्क १४/१५), उमेश पाण्डेको 'ए वृक्ष, बाँच्न सिकाइदे' (पूर्णाङ्क १४/१५), डा. सत्यराज थपलियाको 'नेपालकी अप्सरा' (पूर्णाङ्क १४/१५), मायामितु न्यौपानेको 'जीवनयात्रा' (पूर्णाङ्क १४/१५), नेत्रप्रसाद न्यौपानेको 'मेरी प्रियसी' (पूर्णाङ्क १४/१५), चन्द्रप्रसाद न्यौपानेको 'आजको सन्दर्भ' (पूर्णाङ्क १४/१५), वैरागी काइँलाको 'म : लगातार निर्वासन' (पूर्णाङ्क १९), पूर्णबहादुर वैद्यको 'सहरको मेलामा' (पूर्णाङ्क १९), पूर्णविरामको 'सहरमा एउटा कवि' (पूर्णाङ्क १९), श्यामलको 'लुतो' (पूर्णाङ्क १९), विप्लव ढकालको 'एउटा पृथिवी ढल्नुअघि' (पूर्णाङ्क १९), विनोदविक्रम के. सी. को 'श्री सडकछाप : नयाँ नेपालको पहिलो राष्ट्रपति' (पूर्णाङ्क १९), यशोदा अधिकारीको 'म नारी' (पूर्णाङ्क १९), देवकुमारी लुइँटेलको 'यो विश्व जित्छौँ छिटै' (पूर्णाङ्क १९), आर. एम. डङ्गोलको 'अखबारको मूल्य' (पूर्णाङ्क २१), मिलन ज्ञवालीको 'फेरि सुस्ता रोएछ' (पूर्णाङ्क २१), खुमबहादुर सुवेदीको 'जन्मभूमिले बोलाउँदा' (पूर्णाङ्क २१) आदिलाई लिन सकिन्छ।

अच्युतरमण अधिकारीको 'पानी झर्झराउँछ' मा पानी पर्दाको र पर्नुको प्राकृतिक मनोरमतालाई उद्घाटित गरिएको, प्रेम सिलवालको 'बङ्गला र घरहरू' मा सहरिया विकृति-विसङ्गतिको चित्रण र गाउँको मनोरम प्रकृतिको वर्णन, बी. के. पाल्पालीको 'मार्चपासको पाइला' मा क्रान्तिले सिर्जना जन्माउने र सद्गति ल्याउने भाव व्यक्त भएको, देवी आचार्यको 'हिंसाको अवसान' मा हिंसा, हत्या, आतङ्क र त्यसको समाप्तिको चाहना गरिएको छ । के. आर. थापाको 'देश रोइरहेछ' मा देशभक्तिको आवाजलाई उठान गरिएको, लक्ष्मण ढुङ्गेलको 'हातमा सुनगाभा लिएर' मा राष्ट्रियताको भाव, एकराज सुवेदीको 'मेरो गाउँ' मा मातृभूमिप्रतिको माया र प्राकृतिक कुराहरूको वर्णन, हेमराज अधिकारीको 'नेपाल हाम्रो घर' मा प्राकृतिक वर्णन, नारायण गौतमको 'शिवपुरीको लेकबाट काठमाडौँ' मा काठमाडौँ सहरका विकृति, असभ्यता र अस्तव्यस्तताको वर्णन, लक्ष्मी का□लेको 'रेसुङ्गा' मा प्राकृतिक छटाले युक्त रेसुङ्गा स्थानको वर्णन, ठाकुर बेलबासेको 'विश्वास जम्दा र पग्लँदा' मा विश्वासलाई सिर्जना र विध्वंसक दुवैका रूपमा चित्रण, रेवतीकुमार सुवेदीको 'माया' मा मायालाई सिर्जना र सिर्जनालाई शिव/ईश्वरका रूपमा व्यक्त गरिएको छ। सनमान चेमजोङ 'स्वप्निल' को 'वसन्त' मा वसन्तको सौन्दर्यभित्र अमानवीयता, असभ्यता, कुसंस्कार र कुव्यवहार बढ्दै गइरहेको कुराको चित्रण गरिएको छ। शान्ति नेउपानेको 'आफन्तको खुट्टा' मा एउटाले अर्काको प्रगतिमा बाधा-व्यवधान खडा गर्ने विकृत परम्परालाई चित्रण गरिएको, प्रकाश सिलवालको 'पहिलो किस्ता' मा द्वन्द्वात्मक परिवेश र स्थितिको चित्रण, उनकै 'बस्दैन, झुक्दैन है' मा अधिकार, स्वतन्त्रता र अस्तित्वको खोजीको चित्रण गरिएको छ। प्रभाती किरणको 'नग्न अवशेष' मा कुरूप र हिंस्रक मन तथा सोच-विचारलाई अभिव्यक्त गरिएको छ। मुक्तिनाथ शर्माको 'शुभकामना' मा नराम्रा काम, व्यवहार र हिंसा र आतङ्क नहोस् भन्ने कामना, गोविन्द आचार्यको 'फागुन आइरहोस्' मा फागुन महिनाको प्राकृतिक सौन्दर्यको मनमोहकतासँगको मानवीय तादात्म्यको वर्णन, गोमा सापकोटाको 'देशको पीडा' मा देशमा भएको हिंसा-आतङ्कको चित्रण र शान्तिको चाहना, हृषीकेश शर्माको 'राष्ट्रिय ध्वजाको गौरव' मा राष्ट्र, राष्ट्रियता, भक्तिभाव र मोह, ॠचा ढुङ्गेलको 'देश' मा देश र राष्ट्रभक्ति, मोहनकुमार श्रेष्ठको 'जमात' मा विवेक भईकन अविवेक प्रयोग गर्ने सर्वश्रेष्ठ प्राणी मानिसको वर्णन गरिएको छ । घनश्याम शर्माको 'सोच्दै छु एउटा कुनामा बसेर' मा युद्ध, हिंसा, काटमार र सन्त्रासजन्य शासनव्यवस्थाको चित्रण, बलभद्र भारतीको 'आ□नो कथा' मा स्वतन्त्रता र उन्मुक्तिको उत्कट चाहना, कृष्ण धरावासीको 'जन्मँदै कालोमा' मा स्वतन्त्रता र मुक्तिको खोजीको चित्रण पाइन्छ । सुशीला शर्माको 'मान हाम्रो जगाऊ' मा देशको सान, मान र स्वाभिमान जोगाउनुपर्छ भन्ने भावको चित्रण, उनकै 'आमाको पत्र' मा शान्ति र विकासको लहरले ल्याएको खुसीको चित्रण, बालकृष्ण लामिछानेको 'केही प्रश्न' मा विकृति-विसङ्गति र अमानवीयताको चित्रण, घनेन्द्र ओझाको 'धर्ती उचालौँ' मा मानिसमा रहेको द्वेष र ईर्ष्या त्यागेर अघि बढौँ भन्ने सन्देश, श्यामकृष्ण खुलिमुलीको 'गीत स्वतन्त्रताको' मा उन्मुक्ति र स्वतन्त्रताको बुलन्द गायन, पदम गौतमको 'मैले रोजेको' मा युद्ध, पीडा र कुण्ठाबाट

पिल्सिएको नेपालको मुक्तिको चाहना गरी देशभक्तिको चित्रण, डा. जया सत्यालको 'जतातते उठे सबै' मा स्वतन्त्रता तथा उन्मुक्तिको कामना, निश्चल अधिकारी 'चञ्चल' को 'क्रान्तिको कल्पना' मा अन्याय र अत्याचारविरुद्ध लड्न वा क्रान्ति गर्न आह्वान गरेको पाइन्छ । ज्ञानू विद्रोहीको 'युग आह्वान' मा नयाँ युगको चाहना वा आह्वान, विष्णु ज्ञवालीको 'हे प्रियतमा' मा प्रेम र रतिरागका कुराहरूको चित्रण, उमेश पाण्डेको 'ए वृक्ष, बाँच्न सिकाइदे' मा देशभक्तिको वकालत, डा. सत्यराज थपलियाको 'नेपालकी अप्सरा' मा नेपालमा रहेको रारा वा महेन्द्र तालको प्राकृतिक छटाको मनमोहक वर्णन, मायामितु न्यौपानेको 'जीवनयात्रा' मा जीवनयात्राको बाटो नै माया-प्रेम हो भन्ने भाव, नेत्रप्रसाद न्यौपानेको 'मेरी प्रियसी' मा प्रेमाभावको चित्रण, चन्द्रप्रसाद न्यौपानेको 'आजको सन्दर्भ' मा स्वतन्त्रता र हक-अधिकारप्राप्तिका खातिर सबै मिलेर झगडा नगरी अघि बढ्नुपर्छ भन्ने भावाभिव्यक्ति पाइन्छ। वैरागी काइँलाको 'म : लगातार निर्वासन' मा विशृङ्खलित, विकृत, विसङ्गत, असमञ्जस/असमन्वित र अस्तव्यस्त अवस्थाको चित्रण, पूर्णविरामको 'सहरमा एउटा कवि' मा सहरिया सिर्जनाको नराम्रो संस्कारको चित्रण, श्यामलको 'लुतो' मा लुतोरूपी दूषित विचारले मानिसलाई अविवेकी, हिंसक र अत्याचारी बनाई ध्वंस गर्छ भन्ने भावको चित्रण गरिएको पाइन्छ । विप्लव ढकालको 'एउटा पृथिवी ढल्नुअघि' मा सभ्यताहीन, मानवताहीन, अत्याचारी, अन्यायी जालमा परेको, फसेको, लुछिएको र चुँडिएको वर्तमानको चित्रण, विनोदविक्रम के. सी. को 'श्री सडकछाप : नयाँ नेपालको पहिलो राष्ट्रपति' मा राष्ट्र र राष्ट्रियताको भावले ओतप्रोत भएर कविता रचना भएको छ। त्यस्तै यशोदा अधिकारीको 'म नारी' मा नारीशोषण र उत्पीडनको चित्रण, राधिका पन्तको 'नपरोस्' मा नारीमुक्तिको चाहना, देवकुमारी लुइँटेलको 'यो विश्व जित्छौँ छिटै' मा नारी एक भएर विश्व जित्ने आँट र दृढता व्यक्त, बुद्धिसागर चपाईको 'काठमाडौँ' मा हरेक क्षेत्रको अस्तव्यस्तता, विसङ्गति र विकृतिको केन्द्र काठमाडौँको चित्रण, आर. एम. डङ्गोलको 'अखबारको मूल्य' मा विकृति र विसङ्गतिको चित्रण, मिलन ज्ञवालीको 'फेरि सुस्ता रोएछ' मा सिमाना मिचिएको चित्रण गरी देशभक्ति प्रकट भएको र खुमबहादुर सुवेदीको 'जन्मभूमिले बोलाउँदा' मा जन्मभूमिप्रतिको माया-मोह प्रकट गरिएको पाइन्छ।

यसरी अधिकांश कवितामा सहरिया विसङ्गति, विकृति, अस्तव्यस्तता, विभिन्न सङ्घर्षहरू, हराउँदै गएको मानवता, वृद्धि हुँदै गएको आतङ्क, हिंसा र अशान्ति, जीवनका समस्या र विवशता, युद्ध र हिंसाले सिर्जित सन्त्रासमय वातावरणको चित्रण गरिएको पाइन्छ । अर्कातिर कवितामा राष्ट्र, राष्ट्रियता र जन्मभूमिप्रतिको माया-मोह, एकअर्काप्रतिको रतिराग, प्रेमभाव र सिर्जनात्मक प्रेमजस्ता कुराहरूको अभिव्यक्ति भएको भेटिन्छ। त्यस्तै नारीशोषण, उत्पीडन र मुक्तिका कुरा, देशमा स्वतन्त्रता र हक-अधिकार प्रयोगको अवस्था र चाहना, मानिसमा रहेको मानवता र दानवताजस्ता कुराहरू पनि कवितामा अभिव्यञ्जित छन्।

यस पत्रिकामा प्रकाशित कविताहरू अन्याय, अत्याचार, शोषण, उत्पीडन, छलकपट, जालझेल, षड्यन्त्र, भेदभाव र छुवाछुतका विरुद्ध बुलन्द आवाज निकाल्दै स्वतन्त्रता, न्याय,

सदाचार, सद्भाव र विश्वबन्धुत्व, समानता र भेदभावरहित अवस्थाको आह्वान गर्दै कविता सिर्जना गरिएका छन्। त्यस्तै अग्रगामी सोच-विचार र चिन्तनलाई सिर्जनाको वाहकका रूपमा राखेर कविता सम्प्रेषण वा रचना गरिएको पाइन्छ। अग्रगामी सोच-विचार र चिन्तनले सिर्जना हुने र सिर्जनाले अस्तित्वको खोजी र रक्षा गर्ने कुराको भावाभिव्यक्ति पनि कवितामा भएको देखिन्छ। उदाहरणका रूपमा यादव थपलियाको 'गोधूलि सन्ध्याको अस्तित्व खोज्न' (पूर्णाङ्क २), रमेश कुँवरको 'त्यस्तो नहोस्' (पूर्णाङ्क २), कमला थापाको 'बगिरहन दिनु उसलाई' ( पूर्णाङ्क ४), विकास शाह 'असफल' को 'एक थोपा मसी' (पूर्णाङ्क ४), उमेश पाण्डेको 'मलाई मन लाग्छ' (पूर्णाङ्क ५), ब्रह्मप्रिय प्रेमस्वरूपको 'हातहरू' (पूर्णाङ्क ५), पूर्णविरामको 'हामीहरूले उसको तस्बिर हेर्न पाउनुपर्छ' (पूर्णाङ्क ७), स्व. कृष्ण सेन 'इच्छुक' का 'प्रतिबन्ध' (पूर्णाङ्क १३) र 'अजम्बरी सपना' (पूर्णाङ्क १९), झमक घिमिरेको 'बिटुलो जात' (पूर्णाङ्क १३), यज्ञराज प्रसाईंको 'सजधज मञ्चमा आसीन स्रष्टासँग एकछिन' (पूर्णाङ्क १३), भवानी छेत्रीको 'समयले प्रगति चाहन्छ' (पूर्णाङ्क १३), अर्जुन पराजुलीको 'लौ, अब पिङ खेल' (पूर्णाङ्क १३), रमेश पोखरेलको 'होली खेल्छौँ हामी' (पूर्णाङ्क १३), वासुदेव अधिकारीको 'कविहरूलाई' (पूर्णाङ्क १३), रोजन राईको 'गर्भाधान' (पूर्णाङ्क १३), प्रभाती किरणको 'अब ढल्छ त्यो' (पूर्णाङ्क १४/१५) आदि कविता छन् । त्यस्तै पारिजातको 'तँलाई आशिष्' (पूर्णाङ्क १९), श्रवण मुकारुङको 'जनता' (पूर्णाङ्क १९), गोविन्द वर्तमानको 'अस्तित्व सोच' (पूर्णाङ्क १९), चङ्की श्रेष्ठको 'हतियार' (पूर्णाङ्क १९), प्रकाश सिलवालको 'उत्सवपूर्व' (पूर्णाङ्क १९), भारद्वाज मित्रको 'आउने सत्य युगमा' (पूर्णाङ्क १९), रमेश शुभेच्छुको 'जाऊ नयाँ क्षेत्रमा' (पूर्णाङ्क १९), द्रोणाचार्यको 'अपुरो सपना' (पूर्णाङ्क १९), दिल पौडेलको 'भक्तपुर' (पूर्णाङ्क १९), संसार लुइँटेलको 'लेख्दा मात्र कविता हुने भए' ( पूर्णाङ्क १९), नारायण श्रेष्ठको 'पर्खालको रात' (पूर्णाङ्क २०), विश्व सिग्देलको 'पाखुरीहीन हुँदै गएको हेलम्बूलाई' (पूर्णाङ्क २०), विष्णु सुवेदीको 'हामी नागरिक बोलिरहेछौँ' (पूर्णाङ्क २०), लक्ष्मी मालीको 'यस पालि साँच्चै आउनुपर्छ' (पूर्णाङ्क २०) आदि कवितालाई लिन सकिन्छ।

यादव थपलियाको 'गोधूलि सन्ध्याको अस्तित्व खोज्न' मा विकृति, बेथिति, विसङ्गति र अस्तव्यस्तताबाट अस्तित्वको खोज गर्न शिक्षाका माध्यमबाट ज्ञान प्राप्त गरी अघि बढ्नुपर्ने कुराको चित्रण, रमेश कुँवरको 'त्यस्तो नहोस्' मा अमूल्य जीवनलाई सिर्जनामा लगाउनुपर्ने कुराको भाव, कमला थापाको 'बगिरहन दिनु उसलाई' मा राम्रा प्रकारका आकाङ्क्षा र चाहनालाई फस्टाउन दिनुपर्छ भन्ने कुराको चित्रण पाइन्छ । विकास शाह 'असफल' को 'एक थोपा मसी' मा नकारात्मक कामकुराभन्दा सकारात्मक कामकुराको माग/इच्छा, उमेश पाण्डेको 'मलाई मन लाग्छ' मा ज्ञानप्राप्तिको चाहना, ब्रह्मप्रिय प्रेमस्वरूपको 'हातहरू' मा हातहरूलाई विनाश, ठगी र हिंसा-हत्यातिर नलगाई मानवकल्याण हुने सिर्जनातिर लगाऔँ भन्ने भाव अभिव्यक्त भएको छ। त्यस्तै पूर्णविरामको 'हामीहरूले उसको तस्बिर हेर्न पाउनुपर्छ' मा अन्याय, अत्याचार, शोषण, पीडा र कुरीतिका विरुद्ध विद्रोह र विरोध गर्न पाउनुपर्छ भन्ने भाव रहेको पाइन्छ । कृष्ण सेन 'इच्छुक' को 'प्रतिबन्ध' मा नियम, कानुन, सोच, चिन्तन,

देखावटी काम, अन्याय र अत्याचारविरुद्ध विद्रोहको मुठी उठाएर आवाज बुलन्द गर्दै विजयप्राप्ति नभएसम्म युद्ध लडिरहन्छौँ भन्ने भाव, उनकै 'अजम्बरी सपना' मा आस्था, चिन्तन र सोच-विचारलाई कसैले कहिल्यै मार्न सक्दैन भन्ने भाव, झमक घिमिरेको 'बिटुलो जात' मा भेदभाव र छुवाछुतको परम्पराको प्रताडनामा पिल्सिएका घाउहरूको भावाभिव्यक्ति, यज्ञराज प्रसाईंको 'सजधज मञ्चमा आसीन स्रष्टासँग एकछिन' मा सत्यभन्दा असत्य, अन्याय, अत्याचार र नराम्रा कुराहरू मौलाएकोप्रति चिन्ताको अभिव्यक्ति पाइन्छ । अर्जुन पराजुलीको 'लौ, अब पिङ खेल' मा अन्याय, अत्याचार, शोषण तथा उत्पीडनको प्रतीक राज्यको शासनव्यवस्थाको चित्रण, रमेश पोखरेलको 'होली खेल्छौँ हामी' मा अन्याय, अत्याचार, शोषण र दुराचार समाप्त पार्न रगतकै होली खेलेर भए पनि विजयी हुने चाहना, वासुदेव अधिकारीको 'कविहरूलाई' हिंसक, अन्यायी, अत्याचारी शासनशैलीको गुणगान नगाई शान्ति, न्याय, विश्वास र इमानको गुणगान गर्नुपर्ने कुराको चित्रण गरिएको पाइन्छ । रोजन राईको 'गर्भाधान' मा नयाँ संस्कृति, सोच, चेतना, विधि, नियम र परिपाटीको गर्भाधान गरी जन्माउनुपर्ने कुराको चित्रण, प्रभाती किरणको 'अब ढल्छ त्यो' मा नराम्रा प्रवृत्ति, व्यवहार र संस्कार ढलेर नयाँ सिर्जनाको सुरुवात हुनुपर्ने भाव, पारिजातको 'तँलाई आशिष्' मा अन्याय, अत्याचार, शोषण, उत्पीडन दिनेहरूलाई त्यस्तामा परेकाहरूको प्रेतात्माले सताइरहोस् भन्ने आशिष्को चित्रण, श्रवण मुकारुङको 'जनता' मा स्वतन्त्रताहीन मानिसको आवाजलाई अभिव्यञ्जित गरिएको छ। त्यस्तै गोविन्द वर्तमानको 'अस्तित्व सोच' मा अस्तित्वको सोच-चिन्तनले नै अन्याय, अत्याचार र शोषणविरुद्ध लडेर समानता, सदाचार र न्याय पाइने भाव, चङ्की श्रेष्ठको 'हतियार' कवितामा अन्याय, अत्याचार, शोषण र दमनमा परेकाहरूको विरोध गर्ने र विरोधमा लड्ने आधार नै हतियार हो भन्ने भाव, प्रकाश सिलवालको 'उत्सवपूर्व' मा यथास्थितिबाट अगाडि बढ्ने कुराको चित्रण, भारद्वाज मित्रको 'आउने सत्ययुगमा' मा अग्रगामी तथा नयाँ सोच-विचार र चिन्तन-मननले मानिसलाई हरेक जन्जालबाट मुक्ति दिलाई जीवनमूल्यबोधसहितको जीवन व्यतीत गर्न सहयोग गर्छ भन्ने भावाभिव्यक्ति पाइन्छ । रमेश शुभेच्छुको 'जाऊ नयाँ क्षेत्रमा' मा राम्रा-राम्रा सिर्जना गर्न अघि बढ भन्ने भावाभिव्यक्ति, द्रोणाचार्यको 'अपुरो सपना' मा उत्पीडन, शोषण, अन्याय र अत्याचारबाट उन्मुक्ति पाउने सपना व्यक्त गरिएको छ। त्यस्तै दिल पौडेलको 'भक्तपुर' मा पुरातन मूल्य-मान्यता, सोच-विचार, संस्कृति र संस्कार भक्तपुरले फाल्नुपर्ने कुराको अभिव्यक्ति, संसार लुइँटेलको 'लेख्दा मात्र कविता हुने भए' मा कवितासिर्जनासम्बन्धी चिन्तन व्यक्त गरिएको छ। नारायण श्रेष्ठको 'पर्खालको रात' मा हरेक क्षेत्र र कामकुरामा बाधा-अवरोधका पर्खालहरूले अगाडि जानबाट रोकिरहेका छन् भन्ने भावाभिव्यक्ति, विश्व सिग्देलको 'पाखुरीहीन हुँदै गएको हेलम्बू' मा लोप हुँदै/हराउँदै जान थालेको संस्कार र संस्कृतिसम्बन्धी चिन्ता, विष्णु सुवेदीको 'हामी नागरिक बोलिरहेछौँ' मा अन्याय, अत्याचार र शोषणमा नरही/नगरी न्याय, सदाचार, स्वतन्त्रता र समानतासहितको शासनव्यवस्थाको चाहना र लक्ष्मी मालीको 'यस पालि साँच्चै आउनुपर्छ' कवितामा हरेक कुरा नयाँ, राम्रा र असल आउनुपर्छ भन्ने इच्छा व्यक्त गरिएको छ।

**यस पत्रिकामा प्रकाशित कविताहरूमा अर्ती र सदुपदेशका भावहरू पनि अभिव्यञ्जित छन्। ती कवितामध्ये सुशीला शर्माको ‘सन्देश (पूर्णाङ्क १४/१५) मा सद्‌बुद्धि, अर्ती, उपदेशका कुराहरू व्यक्त भएका छन्। त्यस्तै नवराज लम्सालको ‘ज्ञान तिर्खा’ (पूर्णाङ्क १४/१५) मा नैतिकता सिकेर अघि बढ्नुपर्ने कुराको चित्रण गरिएको छ।**

**यस पत्रिकामा प्रकाशित कविताहरूमा राजनीतिक अवस्थाको परिवेशमा सिर्जना भएका कविताहरूको बाहुल्य रहेको छ जुन परिवेशमा देशमा निरङ्कुश सामन्तवादी राजतन्त्रले राज्यशासन गरिएको थियो। प्रजातान्त्रिक व्यवस्था अपहरण भएको थियो। जनताको शासन थिएन। जनताको स्वतन्त्रता कुण्ठित अवस्थामा रहेको थियो। मौलिक हक-अधिकारको प्रयोग** गर्न पाइँदैनथ्यो। मुखमा ताल्चा लगाइएको थियो। कलम चोबेर चेतना बाँड्न अघोषित प्रतिबन्ध लगाइएको थियो। जनताहरू निरङ्कुश सामन्ती राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्रदेखि जनगणतन्त्रसम्मको माग गरिरहेका थिए। यिनै कुराहरूलाई विषयवस्तु बनाएर सिर्जित कविताहरू प्रकाशित भएका छन्। पत्रिकाको अङ्क १३ लाई लोकतान्त्रिक साहित्य विशेषाङ्ककै रूपमा प्रकाशित गरिएको छ। समग्रमा भन्दा निरङ्कुश सामन्तवादी राजतन्त्रको समाप्तिका लागि र लोकतान्त्रिक प्रजातन्त्र र गणतन्त्रप्राप्तिका लागि समर्पित गरी आ□नो परिचय बनाउन सफल भएको पाइन्छ नागार्जुन पत्रिका। यस प्रकारका कविताहरूमा आहुतिको ‘गणतन्त्रको क्षेत्रफल’ (पूर्णाङ्क १३), कुसुम ज्ञवालीका ‘साँढे’ (गजल, पूर्णाङ्क १३) र ‘जो हुकुम/ जो निगाह/ ’ (पूर्णाङ्क १९), मातृका पोखरेलको ‘टोप आतङ्क’ (पूर्णाङ्क १३), केशवराज सिलवालको ‘नयाँ सङ्ग्रहालय’ (पूर्णाङ्क १९), रमेश शुभेच्छु लुइँटेलको ‘साँढे छन् नि जताततै’ (पूर्णाङ्क १३), स्वप्निल स्मृतिको ‘ख्वामित’ ( पूर्णाङ्क १३), प्रेम सिलवालको ‘लौन के भो/ ’ (पूर्णाङ्क १३), लीला उदासीको ‘समय’ ( पूर्णाङ्क १३), मोहन दुवालको ‘हुकुमी प्रजातन्त्र’ (पूर्णाङ्क १३), अनिल शर्माको ‘निर्वस्त्र तस्बिर र बादशाह’ (पूर्णाङ्क १३), लक्ष्मी मालीको ‘विषाक्त पोखरी’ (पूर्णाङ्क १३), डा. जगदीशचन्द्र भण्डारीको ‘ओ म्युजियमका पात्र’ (पूर्णाङ्क १३), मुरारि पराजुलीको ‘मेरी आमाको दाइजो’ (पूर्णाङ्क १३), रामप्रसाद ज्ञवालीको ‘बाँकी त्यै गणतन्त्र छ’ (पूर्णाङ्क १३), विक्रम सुब्बाको ‘एक दन्त्यकथा’ (पूर्णाङ्क १३) प्रकाशित छन् । राम विनयको ‘जय शम्भो/ जय गुरु गणेश भन्दै’ (पूर्णाङ्क १३), विनोदविक्रम के. सी. को ‘सारेगम : राग असहमति’ ( पूर्णाङ्क १३), यम बाँस्तोलाको ‘धूवाँको आकृति ३’ (पूर्णाङ्क १३), लिखत पाण्डेको ‘आँधी र बादशाह’ (पूर्णाङ्क १३), विवश वस्तीको ‘बकुल्लाहरू उदास हुन्छन् सधैँ’ (पूर्णाङ्क १३), यादव थपलियाको ‘डुक्री साँढे, डुक्री’ (पूर्णाङ्क १३), श्यामकृष्ण खुलिमुलीका ‘त्यो त्यही स्याल हो’ ( पूर्णाङ्क १३) र ‘नदेखिने राजा’ (पूर्णाङ्क १४/१५), प्रोल्लास सिन्धुलीयको ‘ढुङ्गाको सालिक’ (पूर्णाङ्क १४/१५), रश्मि असफलको ‘युद्धमैदानबाट’ (पूर्णाङ्क १४/१५), जनकराज पौडयालको ‘गाँस खोस्ने बिरालो’ (पूर्णाङ्क १४/१५) बलराम दाहालको ‘साँढे लडचो’ ( पूर्णाङ्क १४/१५), निभा शाहको ‘गर्भ’ (पूर्णाङ्क २०) आदिलाई लिन सकिन्छ।

आहुतिको ‘गणतन्त्रको क्षेत्रफल’ मा निरङ्कुश सामन्तवादी राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्र आउने चाहना, कुसुम ज्ञवालीको ‘साँढे’ मा प्रतीकात्मक रूपमा निरङ्कुश शासकलाई साँढे बनाई गजलको रचना, उनकै ‘जो हुकुम/ जो निगाह/ ’ मा शासनसत्ताको मालिकका अगाडि रैती दासहरूले देखाएको लाचारीलाई व्यङ्ग्य गरिएको छ। मातृका पोखरेलको ‘टोप आतङ्क’ मा निरङ्कुश शासकबाट सिर्जित डर, भय, त्रास, कोलाहल, अन्याय, अत्याचारको भावाभिव्यक्ति, केशवराज सिलवालको ‘नयाँ सङ्ग्रहालय’ मा राजतन्त्रको प्रतीक श्रीपेच सङ्ग्रहालयमा राखेर सजाएको हेर्ने कुराको चित्रण, रमेश शुभेच्छु लुइँटेलको ‘साँढे छन् नि जताततै’ मा निरङ्कुश सामन्ती राजतन्त्रका अनुयायी जो सामन्ती प्रवृत्तिका छन् तिनलाई प्रतीकात्मक रूपमा साँढे बनाई भावाभिव्यञ्जित गरिएको छ । स्वप्निल स्मृतिको ‘ख्वामित’ मा प्रतीकात्मक रूपमा निरङ्कुश सामन्ती शासक राजतन्त्रको चित्रण गरिएको छ भने प्रेम सिलवालको ‘लौन के भो/ ’ मा राजनीतिक फेरबदलको चित्रण, लीला उदासीको ‘समय’ मा समयले चेतना जन्माई निरङ्कुशता र सामन्तवादी शासनसत्ता समाप्त गर्छ भन्ने चित्रण, मोहन दुवालको ‘हुकुमी प्रजातन्त्र’ मा नियम, कानुन र परिपाटीबिना नै हुकुममा चलेको निरङ्कुश शासनव्यवस्थाको चित्रण, अनिल शर्माको ‘निर्वस्त्र तस्बिर र बादशाह’ मा खोक्रो, परम्परागत, पुरानो सोच-विचारअनुसारको शासनशैली र शासकको सजीव चित्रण गरिएको पाइन्छ । लक्ष्मी मालीको ‘विषाक्त पोखरी’ मा नियम, विधि र परिपाटीबिनाको शासनशैलीको चित्रण, डा. जगदीशचन्द्र भण्डारीको ‘ओ म्युजियमका पात्र’ मा निरङ्कुश सामन्ती राजतन्त्रका शासकलाई म्युजियममा थन्क्याएर नेपालमा जनगणतन्त्रको आह्वान गरेर लेखिएको कविता, मुरारि पराजुलीको ‘मेरी आमाको दाइजो’ मा देशमा दाइजोका रूपमा प्राप्त हात्तीरूपी राजतन्त्रको भीषण र भयानक आतङ्कको चित्रण पाइन्छ । रामप्रसाद ज्ञवालीको ‘बाँकी त्यै गणतन्त्र छ’ मा भेदभाव, विकृत र हिंसक शासनव्यवस्थाबाट मुक्त भई पूर्ण स्वतन्त्रता, न्याय, समानताको शासनव्यवस्था, गणतन्त्रको चाहना वा प्राप्तिको भावाभिव्यक्ति, विक्रम सुब्बाको ‘एक दन्त्यकथा’ मा राजतन्त्र र सामन्तवादको उदयको कवितात्मक अभिव्यक्ति भेटिन्छ । राम विनयको ‘जय शम्भो/ जय गुरु गणेश भन्दै’ मा उपद्रवी हात्तीरूपी राजा तानाशाहलाई जय शम्भो र जय गणेश कहिलेसम्म भनिरहने र देशको भार बनाइरहने भन्ने चित्रण गरिएको छ। त्यस्तै विनोदविक्रम के. सी. को ‘सारेगम : राग असहमति’ मा निरङ्कुश सामन्ती राजतन्त्र तथा शासनव्यवस्थाको गुणगान गर्ने कामविरुद्धको चेतनाको चित्रण, यम बाँस्तोलाको ‘धूवाँको आकृति ३’ मा निरङ्कुश सामन्ती राजतन्त्र शासनव्यवस्थाका विरुद्ध अनेक आन्दोलनका लहरहरूको चित्रण गरिएको पाइन्छ । लिखत पाण्डेको ‘आँधी र बादशाह’ मा बादशाह र निरङ्कुश सामन्तवादी शासनविरुद्धको बुलन्द आवाज हो आँधी भन्ने चित्रण गरिएको छ। विवश वस्तीको ‘बकुल्लाहरू उदास हुन्छन् सधैं’ मा अन्यायी, अत्याचारी बकुल्लारूपी शासकहरूको कुनै लक्ष्य/उद्देश्यविहीन रूपमा रहेका हुन्छन् भन्ने भाव व्यक्त, यादव थपलियाको ‘डुक्री साँढे, डुक्री’ मा निरङ्कुश सामन्ती राजतन्त्रविरुद्धको

बुलन्द आक्रोशको चित्रण गरिएको, गौरी दाहालको ‘रीत बदल्नु छ’ मा सामन्तवाद र निरङ्कुशतावादको प्रतीकका रूपमा रातको चित्रण र उज्यालो दिनप्राप्तिको चाहना, श्यामकृष्ण खुलिमुलीको ‘त्यो त्यही स्याल हो’ मा स्यालले शासनशक्तिमा रहँदा आफूलाई सिंह भएको सम्झी हरेक कुराको दुरुपयोग गरिरहेको चित्रण, प्रोल्लास सिन्धुलीयको ‘ढुङ्गाको सालिक’ मा खराब शासनप्रणालीको चित्रण, जनकराज पौडयालको ‘गाँस खोस्ने बिरालो’ मा नराम्रो प्रकारले शासन गर्ने बिरालोरूपी शासकबाट शासनसत्ता खोसी जनताले नै शासन वा राज्यव्यवस्था चलाउनुपर्ने कुराको चित्रण, बलराम दाहाल**को ‘साँढे लडचो’ मा लडाइँ र सङ्घर्षबाट निरङ्कुश र सामन्तवादी राजतन्त्रको अन्त्य गरी लोकतान्त्रिक गणतन्त्र ल्याउने दृढता व्यक्त गरिएको पाइन्छ। निभा शाहको ‘गर्भ’ मा राजतन्त्र समाप्त पारी साम्यवादोन्मुख जनगणतन्त्र जन्माउने गर्भको चाहनाको भावाभिव्यक्ति गरिएको पाइन्छ।**

यी विभिन्न विषयवस्तुका अतिरिक्त युवासुलभ प्रेम, राजनीतिक क्षेत्रमा देखिएका विकृतिहरू र कुरूपता, सदाचारका कुराहरू, विभिन्न चिन्तनका पक्षहरू, राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशका कुराहरू, बालकको मनोविज्ञानलाई आधार मानेर विभिन्न विषयवस्तुहरूमा पनि कविताहरू सिर्जना गरिएका छन्। समग्रमा नागार्जुन पत्रिकामा छापिएका कविताहरूले जीवन र जगत्का सूक्ष्मदेखि विस्तृत फाँटलाई विषयवस्तुका रूपमा लिएका छन्। अधिकांश कविताहरू देशमा स्वतन्त्रता, मानवअधिकार र प्रजातान्त्रिक परिपाटीका लागि बुलन्द आवाज निकाल्दै अभिव्यक्त छन् भने मानवजीवनका हरेक प्रकारका बाधा, अडचन र समस्यामा पनि केन्द्रित रहेका छन्।

यसमा प्रकाशित कविताहरूलाई शिल्पतत्त्वका दृष्टिले हेर्दा धेरैजसो रचनाहरूमा कविहरूले विम्ब र प्रतीकको प्रयोग गरेकै देखिन्छ। केही कविताहरूमा जटिल विम्ब र प्रतीकहरूको प्रयोगले गर्दा कविताहरू सम्प्रेषणीयताको हिसाबले दुरूह बनेका छन् भने धेरैजसो कवितामा सरल र सबैले बुझ्ने विम्ब र प्रतीकको प्रयोगले कविता सरल, सहज र सम्प्रेषणीय नै रहेका छन्। केही उदाहरण तल दिइएको छ–

रक्तधाराले लेखेर स्वागतम्
नयाँ युगलाई डाकिरहेको रक्ताम्मे सडक
यो दृश्य फगत बालरहर ठानिनेछन् बूढा आँखाहरू
तर जीवनको प्रत्येक कण-कणमा
गुन्जिरहेछ, प्रौढहरूको बासी थर्काइलाई लछारेर
शिशुहरूको निमन्त्रणाको नयाँ गीत । (आहुति, ‘गणतन्त्रको क्षेत्रफल’, पू. १३, पृ. १७)

वंशले, जातले, त्यस्तै धर्मले लिङ्गले अब
एक्काइस शताब्दीमा कोही हुँदैन शासक
अब नेपालका निम्ति एउटै मूलमन्त्र छ
जनताको जिन्दगी फेर्ने मात्र त्यै गणतन्त्र छ ।

(रामप्रसाद ज्ञवाली, ‘बाँकी त्यै गणतन्त्र छ’, पू. १३, पृ. ६५)

ज्यासलभित्र चिच्याउँछ बाहिरकोले भेट्नु मान्छे
हरेक विजयमा भाले पराजयको सिउर उठाएर बास्दैन जिन्दगी
यो शताब्दी घचघच्याउन बिहानले बिहान
व्यर्थ छन् उपलब्धिहरू
सम्पूर्ण गर्भ हल्लाएको छ भुइँचालोले चेष्टा कौमार्य मन्साइदेऊ
सृष्टि गुहुमुतको कथा छ स्वास्नी वमन गराउने उस्तै खबर-कागत
प्रत्येक सृष्टि अर्को छेकाबार बोकेर काँधमा थुनिन्छ
मन्साइदेऊ‘ । (वैरागी काइँला, ‘म : लगातार निर्वासन’, पू. १९, पृ. ११)

न्यायका पण्डितहरू नै जब बन्छन् न्यायका हत्यारा
न्यायबाट वञ्चित मानिसहरूका लागि
नग्नता पनि सशक्त हतियार हो
जसरी अत्याचारविरुद्ध
आत्मदाह पनि विद्रोहको हुँकार हो । (चङ्की श्रेष्ठ, ‘हतियार’, पू. १९, पृ. २७)

दम्भ पिटेर हिँड्नुपर्छ यो बाटो
कार्बनको कालो लेपन बोकेर बाँच्नुलाई
चौरस्तामा खुल्ला पर्खिरहेको हुन्छ दर्शनशास्त्रको सालिक
पटचारिला दारीहरू हुन् यी
आकाश चिर्ने आधुनिक निर्माणका टावरहरूमा
भाँच्चिएका छन् उचाइहरू । (नारायण श्रेष्ठ, ‘पर्खालको रात’, पू. २०, पृ. १७)

हो, म क्रान्ति जन्माउने गर्भ चाहन्छु
हो, म कम्युनार्ड जन्माउने गर्भ चाहन्छु । (निभा शाह, ‘गर्भ’, पू. २०, पृ. ६५)

निष्कर्षमा भन्नुपर्दा नागार्जुन पत्रिकामा प्रकाशित कविताहरू मानवजीवनका समस्या र जटिलताहरूमा केन्द्रित रहेका छन् भने अर्कातिर राजनीतिक रूपमा देखिएको निरङ्कुश सामन्तवादी राजतन्त्रात्मक राज्यप्रणालीका विरुद्ध स्वतन्त्रता, न्याय, समानता, मानवअधिकार तथा प्रजातान्त्रिक/लोकतान्त्रिक/गणतान्त्रिक परिपाटीको पक्षमा बुलन्द आवाजहरू अभिव्यक्त छन्। धेरै कविहरू गद्य कवितारचनातर्फ आकर्षित रहे। नागार्जुनको १४/१५ अङ्क पद्यविशेष भएकाले पद्य रचनाहरू प्रकाशित छन् भने अन्य अङ्कहरूमा कमै मात्रामा पद्य रचनाहरू भेटिन्छन्। समग्रमा आधुनिक कविताधाराका परिष्कारवादी, स्वच्छन्दतावादी, प्रयोगवादी, प्रगतिवादी र समसामयिक सबै धाराका कविताहरूको प्रतिनिधित्व भए पनि स्वच्छन्दतावादी-प्रगतिवादी र समसामयिक धाराका कविताहरूकै बाहुल्य रहेको छ भने आंशिक रूपमा प्रकाशित प्रयोगवादी धाराका कविताहरू सशक्त

सम्प्रेषणीय रहेका छन्। गीत, गजल, मुक्तक र हाइकू पनि प्रकाशित छन् र यसमा युवा प्रतिभाहरूकै बाहुल्य रहेको छ। यसरी नागार्जुन त्रैमासिक पत्रिकाले कवितासाहित्यमा देखा परेका समसामयिक प्रवृत्तिहरूलाई आत्मसात् गर्दै कविताको विधागत आयाम विस्तारमा आफूलाई नबिर्साई योगदान पुऱ्याउँदै आएको छ।

४.३ कथा

नागार्जुन त्रैमासिक पत्रिकाले प्रकाशनयात्राको थालनीदेखि हाल पूर्णाङ्क २१ सम्म नै कथाको विकासक्रममा झीनो मात्रामा भए पनि योगदान पुऱ्याउँदै आएको पाइन्छ। यसमा जम्मा २१ पूर्णाङ्कमध्ये पूर्णाङ्क १, २, ४, ५, ८, ९, २० र २१ गरी जम्मा आठ पूर्णाङ्कमा कथाहरू प्रकाशित गरिएको भेटिन्छ। यीमध्ये कथालाई विशेष अङ्कका रूपमा कुनैमा प्रकाशित गरिएको पाइँदैन। पत्रिकाको पूर्णाङ्क १ (२०५८ कार्तिक-पुस) देखि पूर्णाङ्क २१ (२०६५ साउन-कार्तिक) सम्ममा २६ जना कथासर्जकका २८ कथाहरू प्रकाशित भएका पाइन्छन्। यस सङ्ख्याभित्र लघुकथा, बालकथा र सचित्र जीवनीकथाहरू पनि समेटिएका छन्। यस पत्रिकामा केही स्थापित कथाकारहरू छन् भने धेरै नवोदित कथाकारहरू देखा परेका छन्। यस पत्रिकामा कथासाहित्यमा योगदान पुऱ्याउने स्थापित तथा नवोदित कथाकारहरूमा पुरुषोत्तम दाहाल, सुरेन उप्रेती, दीपक अपूर्ण, रोसन शेरचन, टोकराज पाण्डे, कार्तिकेय घिमिरे, पुरुषोत्तम अधिकारी, नारायण खकुरेल 'नास्तिक', प्रकाश बराल, विजय चालिसे, जनकप्रसाद हुमागाईं, राजेन्द्रकुमार आचार्य, सूर्य बी. सी., स्वागत नेपाल, विजयराज आचार्य, नवीन विभास, नवराज रिजाल, गङ्गा बी. सी., कृष्णराज सर्वहारी, कपिल लामिछाने, इस्माली, प्रदीप नेपाल, चङ्की श्रेष्ठ, राजकुमार के. सी., ममता शर्मा नेपाल र गायत्री विष्ट रहेका छन्। यी कथासर्जकहरूले समसामयिक कथापरम्परामा विभिन्न प्रवृत्तिका कथाहरू प्रकाशित गरी शैली, संरचना र विषयवस्तुहरूमा नयाँ उचाइ थप्ने गरेको देखिन्छ।

कथाहरूको विषयवस्तुमा विविधता छ, तैपनि धेरैजसो कथाहरू नेपाली समाजकै बेथिति, निम्नवर्गीय समाजका विवशता, व्यक्ति र समाजमा देखिएका विसङ्गति र विकृति, अन्धपरम्परामा फैलिएका गलत सामाजिक मूल्य-मान्यता र परिपाटीहरू, आर्थिक असमानता, निम्नवर्गीय समाजका समस्याग्रस्त भोगाइहरू र सहरिया संस्कृतिले विकृत पारेको मानसिकताको उद्घाटनलाई कथाले आ□नो विषयवस्तु बनाएका भेटिन्छन्। ती कथाहरूको सङ्क्षिप्त टिप्पणी निम्नअनुसार गरिएको पाइन्छ।

पुरुषोत्तम दाहालको नागार्जुन पत्रिकाको पूर्णाङ्क १ मा छापिएको कथा हो 'लिवा'। यस कथामा अस्पतालभित्र बिरामी कुर्दाको परिवेशलाई घटनाक्रम बनाइएको छ। यस कथाले अस्पताललाई मानिस जन्मिने, मृत्यु हुने र पुनर्जीवन पाउने स्टेसनका रूपमा उभ्याएको छ जहाँ जन्म र जीवन पाउँदा खुसी हुने र मृत्युमा दुःखी हुने मानिसहरूको अवस्था वर्णित छ। यहाँ एउटी नेदरल्यान्ड्सकी 'लिवा' भनने केटीको जीवनलाई प्रमुख कथ्यका रूपमा उभ्याइएको छ। लिवाको १४ वर्षको उमेरमै उसको बाबुले बलात्कार

गरेको, पछि नर्स हुँदा डाक्टरहरूले बलात्कार गरेको, त्यसलाई भुल्न अम्मल (ड्रग्स) प्रयोग गर्न थालेको र नेपालको पोखरा घुम्न आउँदा उसकै साथीहरूले बलात्कार गरेबाट मानसिक अवस्था विक्षिप्त भएको र उपचारका लागि मानसिक अस्पतालमा भर्ना भएकी र त्यहाँ हुँदा उसको विक्षिप्तताको पराकाष्ठाका घटनाहरूलाई अगाडि बढाई अस्पताललाई जन्मिने, मर्ने र पुनर्जीवन पाउनेहरूको त्रिवेणीका रूपमा स्थापित गरिएको पाइन्छ।

सुरेन उप्रेतीको ‘दौलत’ (पूर्णाङ्क १) लघुकथामा ज्ञानबहादुर भन्ने पात्रलाई उभ्याइएको छ। ऊ हुनेखाने र मान-सान दुवै भएको परिवारको सदस्य हो। ऊ चकचके, छुल्याहा र उटपटयाङ प्रवृत्तिको छ। कथामा उसले धेरैलाई दुःख दिने काम पनि गरेको छ। एक समयमा ऊबाहेक परिवारका सबै सदस्यहरूको हत्या हुन्छ। ऊ बिरामी पर्दै जान्छ। मानिस उसलाई रुङ्न आउँछन्। रुङ्न बसेको बेला उसले निद्रामा हुँदा धन-दौलतका लागि परिवारका सदस्य मारेकोमा पश्चात्ताप गरेको घटनामा कथा टुङ्ग्याइएको छ। यसबाट विकृत सामाजिक वातावरण र त्यसबाट क्रूर मानसिकताको विकास भई धन-दौलतका निम्ति मानवहत्या हुन्छ भन्ने कुराको चित्रण गरिएको छ।

दीपक अपूर्णको ‘नृपेशको चिठी’ (पूर्णाङ्क १) लघुकथामा म, नृपेश र नरेश तीन पात्रहरूले विवाह जिन्दगीभर नगर्ने र नगर्नेहरूको एउटा अविवाहित सङ्गठन खोल्ने वाचा गरेअनुसार नै काम गरे। कालान्तरमा म पात्र जागिरको सिलसिलामा विराटनगर रहेको बेला म पात्रका साथी नृपेश र नरेशले आ□नो उद्देश्य र वाचामा अड्न नसकी दुवैले काठमाडौँमा विवाह गरेको र म पात्रलाई पनि विवाह गर्न सल्लाह दिएर कथा टुङ्गिएको छ। यसमा गलत उद्देश्य र वाचा गरेर प्राकृतिक नियमलाई नै मिच्न खोज्दा हार खाइन्छ भन्ने कुरा देखाइएको छ।

रोसन शेरचनको ‘हिमाल र समाज’ (पूर्णाङ्क २) लघु आकारकै विचारात्मक कथावस्तुमा संरचित कथारचना हो। यसमा ‘म’ पात्रका माध्यमबाट ‘म’ पात्रलाई प्राकृतिक सौन्दर्यको हिमाल-मोहमा रमाएको र जिएको प्रस्तुत गरिएको छ जसलाई व्यावहारिक नभई भावनात्मक मोह भनिएको छ भने यथार्थमा जनता तथा समाजमा अन्तर्क्रियामार्फत जिएको जिन्दगी यथार्थपरक, वास्तविक र व्यावहारिक हुन्छ भन्ने विचार कथामा उनिएको छ।

टोकराज पाण्डेको ‘यात्राको संयोग’ (पूर्णाङ्क २) मा सजल भन्ने पात्रको यात्रा र दुर्घटनालाई विस्तार गरिएको छ जसमा उसको परिचय उसको यात्राको थालनी, बस दुर्घटनामा परेको, उसले हस्पिटलमा बस्दा एउटी नर्सबाट माया-स्नेह पाएको र हस्पिटलबाट डिस्चार्ज भएर बिदाइमा नर्सले एउटा चिटमा ‘जीवनमा दायाँ हातको जरुरत पर्‍यो भने मलाई सम्झनू, तपाईंकै लागि भनेर दायाँ हात जतन गरेर राख्नेछु’ लेखेर खल्तीमा राखेकी र आज घर जानुपर्ने बाध्यता र नर्सको चिटमा लेखिएको कुरा यी दुईबीचमा संयोगका रूपमा कथालाई टुङ्ग्याइएको छ। यस कथामा मानिसको माया-मोह, विवशता-बाध्यता र घटना-दुर्घटनालाई देखाइएको छ।

कार्तिकेय घिमिरेको 'प्रबीको सहरमा' (पूर्णाङ्क २) मा विवेक भन्ने केटा पात्रको प्रेम-सम्बन्धी मनोदशालाई उतारिएको छ। ऊ प्रबी भन्ने केटीप्रति आकर्षित भई एकोहोरो प्रेममा डुबेको छ र विवेकले प्रबीलाई भेट्टाएर कुरा गर्न खोज्दा 'तिमीजस्तो गरिब केटो मेरो पछि नलाग'' भन्ने प्रबीको वचनले विवेक विक्षिप्त भएको यस लघुकथामा चित्रण गरिएको छ।

पुरुषोत्तम अधिकारीको 'अपराधहीन अपराध' (पूर्णाङ्क २) लघुकथामा हर्के भन्ने पात्रलाई ज्यानमुद्दाको अभियोग लगाइएको छ। उसले अदालतमा आफू निर्दोष हुँदाहुँदै पनि साक्षी-प्रमाणहरू जुटाउन नसक्दा उसले हदैसम्मको सजाय हुने निर्णय भई जेल परेको छ। यस कथाबाट न्याय पनि टाठाबाठा र हुनेखानेहरूकै पक्षमा हुने रहेछ। निम्नवर्गीय मानिस वा गरिबगुरुवाहरू निरपराध हुँदाहुँदै पनि न्याय उनीहरूको पहुँचभित्र हुँदो रहेनछ भन्ने कुराको चित्रण यस कथाले गरेको छ।

नारायण खकुरेल 'नास्तिक' को 'किताबका कीरा : क्रिस्टो र जेनी' (पूर्णाङ्क ४) बालकथामा जेनी मुख्य पात्र र क्रिस्टो र ब्रायन सहायक पात्रहरू छन् जसमा जेनीको पढ्ने इच्छालाई उसको बाबु ब्रायनले रोक लगाउँदा ऊ साँच्चै बिरामी पर्न थालेकी र त्यसको समाधान जेनीको साथी क्रिस्टोले गरेपछि ऊ निको भएकी छ। यसबाट बालबालिकाको इच्छा, चाहना र रुचिमा अभिभावकहरूले हस्तक्षेप गरे भने नकारात्मक परिणाम हुँदो रहेछ, बरु उनीहरूको इच्छा ठीक छ-छैन भन्ने कुरा बुझेर अगाडि बढ्नुपर्छ भन्ने यस कथाले देखाउँछ।

प्रकाश बरालको 'मनभन्दा टाढा बसेर' (पूर्णाङ्क ५) कथामा 'म' र 'ऊ' दुई पात्रहरू छन् जसमा 'म' केटी पात्रले बस चढेर सिटमा बसेपछि कलेज पढ्दाको 'ऊ' केटा पात्रसँगको आत्मीयता, हिँडडुल गरेको, खाएको, खेलेको आदि विभिन्न घटना-परिघटनालाई स्मरण गरेर कथावस्तुलाई अगाडि बढाउने काम गरिएको छ।

विजय मल्लको 'जनताको दण्ड' (पूर्णाङ्क ८) कथामा पोखरेली साहूको खच्चरगोठ र त्यस नजिकैको गुफाको परिवेशमा कथा अघि बढेको छ जसमा अभिनव, सोमु, उनीहरूका बाबा-आमा, काकाहरू, अरू गाउँलेहरू, पोखरेली साहू र छ/सात जना डाकाहरू कथका पात्रहरू हुन् जसमा अभिनव र सोमुको मुख्य योजनामा सबै गाउँलेहरू मिलेर पोखरेली साहू र अरू डाकाहरूलाई गुफाबाट डाका गरेर र चोरेर ल्याएको सामान खच्चरगोठमा सार्दासार्दै अँध्यारोमा घेराउ गरी समात्छन्; पुलिसहरू पनि आइपुग्छन्। दुवै मिलेर सजाय गर्ने सहमतिअनुसार बाँधेर लडाउँछन्। यस्तो कुराको खोजी गरी बदमास, डाका र फटाहाहरू समात्न सघाउने अभिनव र सोमुको पनि प्रशंसा भई कथा टुङ्गिन्छ।

जनकप्रसाद हुमागाईंको 'विकृत ढोका' (पूर्णाङ्क ८) कथामा बिग्रिएको ढोका, बिग्रिएको नाउँ भनेर सहिदगेटलाई इङ्गित गर्दै हजुरआमा र नातिनातिना पात्रहरूको सहायताले उठान गरी भाषामा शब्दचयन र प्रयोग ठीक अर्थ लाग्ने र नेपाली संस्कति र मौलिकताअनुसार शुद्ध नेपाली नै प्रयोग गरिनुपर्ने कुरा कथावस्तुमा उभ्याइएको छ।

राजेन्द्रकुमार आचार्यको ‘भागाबर्जु’ (पूर्णाङ्क ८) कथामा जुम्लादेखि अर्घासम्मको परिवेशमा कथा रचना भएको छ। यस कथामा चामु ब्राह्मण र उनकी श्रीमती (भागाबर्जु) र अर्घाली राजा पात्रहरू छन्। चामु ब्राह्मण श्रीमतीको कचकचले गर्दा परिवार छोडी भागेर आई अर्घाली राजाकहाँ भान्छे बसे। श्रीमतीले आ□ना लालाबाला लिएर/खेदेर अर्घाको मखातको एक राम्रो ओढारमा आई बसिन्। त्यही छेउछाउका खोरिया फाँडेर कोदो, फापर र गोलभैँडा लगाइन्। एक दिन अर्घाली राजा सिकार खेली थाकेर उनी बसेकै ठाउँमा आउँदा उनले सत्कार गरी राखिन् र राजासँग जग्गा-जमिन मागिन्। उनले एक दिनमा हिँडेर घेर्नेजति जग्गामा खेती गर्न भने। यो हालको खनखन दहको सेरोफेरोको सबै जग्गा उनको बिर्ता पाइन्। जग्गा खनेर आबाद गरिन्। यसैले भागाबर्जुका सन्तानलाई ‘खन्याल’ भन्दै खनाल भन्न थालियो। उनले त्यस ठाउँमा पोखरी खनाएको, खनगुफाको स्थापना गरी योगीहरूको सम्मान र गुरुकुल चलाउने उनै भागाबर्जुका सन्तानहरू नै खनाल भएको यस ‘भागाबर्जु’ लोककथामा उद्धृत गरिएको पाइन्छ।

सूर्य बी. सी. ‘अपमान’ (पूर्णाङ्क ८) मा अञ्जु भन्ने पात्रको घरको परिवेश छ। यस कथामा अञ्जुले घरको सुरक्षाका लागि कुकुर र बिरालो दुई घरपालुवा जनावरहरू पालेकी थिइन्। अञ्जुका श्रीमान्-श्रीमती दुवै अफिस जान्थे, केटाकेटी स्कुल। उनीहरू नहुँदा कुकुरलाई घरको बाहिर र बिरालोलाई घरको भित्र सुरक्षा गर्ने जिम्मा दिइएको थियो। दिउसो खान राखिदिएको दूधभात कुकुरले बिरालोलाई डर, त्रास र धम्कीको भरमा आफूले मात्र खाने गर्नाले बिरालो दुब्लाउन थाल्यो। मुसा मार्न सकेन। मुसाले राखेका आलु सबै लग्यो, बिगाऱ्यो। अञ्जुले पनि बिरालोलाई खुब गाली गरी घर छोड्न भनिन्। बिरालोले पनि अपमान सहेर बस्नुभन्दा घर छोडेर हिँड्नु उचित ठानी निस्केर हिँड्यो। एक रात साथी सम्झेर कुकुरलाई भेट्न आउँदा कुकुरलाई बाघले खान आँटेको चाल पायो। खबर गर्न सकेन। बाघले कुकुरलाई खान झम्टेको थाहा पाएपछि गोठमा राखेको थोत्रो बाकसलाई खसाली तर्साएर बाघ लखेटी कुकुर साथीलाई बिरालोले बचाउन सफल भएको कुरा अञ्जु र कुकुरले पनि थाहा पाए। दुवैले वास्तविक कुरा थाहा पाई बिरालोसँग माफी मागी अझ घनिष्ठ साथी भएर बसे।

स्वागत नेपालको ‘विनीत’ (पूर्णाङ्क ८) कथामा स्कुलबाट साथीहरू र गुरुहरूका साथमा कुनै एउटा जङ्गलछेउको चउरमा वनभोज जाँदादेखि त्यही जङ्गलमा एक वर्ष बिताएको विनीत भन्ने पात्रका घटनालाई कथावस्तुमा समेटिएको छ। विनीत प्रकृतिप्रेमी, एकान्तप्रिय र भावुक भएका कारण वनभोजमा जाँदा ऊ अरू साथीसँग रम्न नसकी खोलाको किनार, जङ्गलको छेउ बसेर टोलाइरहेको थियो। यसै क्रममा जङ्गलतिर लाग्न खोज्दा अल्झेर खाल्डोमा परेका कारण उसलाई सरहरू र साथीहरूले नभेटी ऊ छुट्न पुग्छ। होसमा आएर हिँड्न लाग्दा हात्ती आउँछ। विनीत भाग्दै गएर रूखमा चढ्छ। आखिर हात्ती र अर्को बाँदरसँग पनि मित्रता हुन्छ र ती तीनै जङ्गलकै कन्दमूल र फलफूल खाई जङ्गली जीवन व्यतीत गर्छन्। घरमा आमा बिरामी हुन्छिन्। धेरै वर्षपछि त्यही ठाउँमा

फेरि त्यही स्कुलकै साथी र सरहरू वनभोज खान आउँछन्। विनीतले पनि आमाले रुँदै 'विनीत/ विनीत/ तिमी नआए म मर्छु' भनेको सपनामा देख्छ। उनले साथीहरू भेट्दा पनि बोल्न बिर्सिसकेका कारण बोलेनन्, तर हात हल्लाएर अभिवादन गरे र त्यही हात्तीमाथि चढी घर पुगी परिवारसँग मिलन हुँदा आमा-छोरा दुवैको बोली आयो भन्ने कुरालाई कथावस्तु बनाइएको छ।

विजयराज आचार्यको 'घरबेटी' (पूर्णाङ्क ८) कथामा बाबु र छोरा पात्रको बीचको कुराकानीबाट कथाको उठान र विस्तार भएको छ। यसमा डेरा/कोठा खोजेर बस्दाको दुःख, कष्ट, घरवालाले गर्ने अपमान, दुर्व्यवहार, भेदभाव र मानिसका विभिन्न प्रवृत्तिहरूलाई कथामा दुई पात्रको संवादात्मक अभिव्यक्तिबाट उनिएको छ।

विजयराज आचार्यकै अर्को 'केवलपुरे किसान' (पूर्णाङ्क ९) सचित्र जीवनीपरक बालकथा हो। यसलाई रामप्रसाद ज्ञवालीले सचित्र बालकथा नभएर जीवनीपरक उपन्यास भनेका छन्। नागार्जुनको पूर्णाङ्क १९ उन्नाइसमा। केवलपुरे किसान यस कथामा नायक हुन्। यिनैले आफूले बोलेको/भनेको ढाँचामा यसको कथानक अघि बढेको छ। उनको चार वर्षको उमेरमा पिताको मृत्यु, आठ वर्षको उमेरमा आमाबाट बिछोड भएपछि जेठा बा र जेठी आमाबाट हुर्किएको, दिनभरि गाईगोठालो, बिहान-बेलुका पढ्ने गरेको, पछि काठमाडौँ भागेर आएको, आन्दोलनमा देशनिकाला भएको, लक्ष्मीप्रसादसँग भेट भएर कवितालेखनमा सक्रिय भएको, पत्नीशोक परेको, देशका अधिकांश जिल्लामा जनपक्षीय गीत र कविता सुनाउँदै जनतामा प्रगतिशील चेतनाको अभिवृद्धि गर्ने काममा अगाडि बढ्दै गरेका किसानका विभिन्न दुःख-सुखका आरोह-अवरोहलाई यस कथामा उतारिएको छ।

नवीन विभासको 'टालेको कच्छा' (पूर्णाङ्क ८) कथामा रोल्पाको जैपा गाउँको सेरोफेरोमा एक निम्नवर्गीय परिवारको दयनीय अवस्थालाई लालबहादुर र आमा दिलसरा प्रमुख पात्रका माध्यमले आर्थिक विपन्नता, वर्गविभेदले निम्त्याएका दैनन्दिनका व्यवहारहरू, विद्यालयका शिक्षक र समाजका अरूहरूले गरेको अपमान, घृणा, परिवारको प्रमुख अभिभावकको अनुपस्थितिमा व्यवहारमा देखिएको उल्झनलाई कथामा उतारिएको छ। लालेको टालेको कट्टूले उसले हेलित, तिरस्कृत र अपमानित भएर स्कुल नै छाड्नुपरेका घटनाहरू यसमा वर्णित छन्।

नवराज रिजालको 'जङ्गल भ्रमण' (पूर्णाङ्क ८) कथामा जोखन चौधरीको परिवारका चार सदस्यहरू गरी पाँच पात्रहरू रहेका छन्– जोखन चौधरी, श्रीमती धीरवती, छोरा अजित र विजय र छोरी भद्री। यहाँ घरदेखि जङ्गलसम्मको परिवेशमा कथा वर्णित छ। छोराछोरीको चाहना र आकाङ्क्षाअनुसार जोखन चौधरीले आ ना दुई छोरा र एक छोरीलाई जङ्गल भ्रमण गराउँछन् र उनीहरूको जिज्ञासाअनुसार कपीमा पनि टिपाउँदै छघण्टे जङ्गलयात्रा सकेर घरमै आइपुग्छन्। यस कथाबाट छोराछोरीको अध्ययन-भ्रमणका इच्छा-आकाङ्क्षालाई नमारी उनीहरूलाई सुखी र खुसी तुल्याउन सक्नुपर्छ भन्ने कथाले बताउँछ।

गङ्गा बी. सी. को ‘हेलिकप्टर’ (पूर्णाङ्क ८) कथामा बाह्रवर्षे माओवादी जनयुद्धको बेला हेलिकप्टरको माध्यमबाट सेनाले गाउँमा रहेका सोझा-सिधा मानिसहरूलाई आतङ्ककारीको नामबाट मारेको घटनाले बालमनोविज्ञानलाई पनि नराम्रो असर पारेको कुरा कथाको बालक हर्के पात्रले सुतेको बखत हेलिकप्टरमा सेना आई आ□नो बाबुलाई देब्रे करङमा गोली हानेको सपना देखेर अतालिएको चित्रण गरिएको छ। हर्केले बाबुसँग लडाइँ किन हुन्छ र मान्छेले मान्छेलाई किन मार्छ भन्ने प्रश्न गरी बारम्बार सोधिरहन्थ्यो।

कृष्णराज सर्वहारीको ‘रुन्चे’ (पूर्णाङ्क ८) कथा काठमाडौँको होटेलको परिवेशमा विस्तार छ। यस कथामा रुन्चे (रोज्वना) थारू मुख्य पात्र हो। यसमा आर्थिक विपन्नताका कारण रुन्चेले काठमाडौँको बालाजूको एक होटेलमा भाँडा माझ्ने काम गरेर दिन गुजार्नुपरेको चित्रण गरिएको छ। पढाइदिने सर्तमा त्यहाँ काम गर्न बसेको भए पनि पढ्न पाएको छैन, राम्रो खान र राम्रो लाउन पाएको छैन। होटेल मालिक र मालिक्नीबाट शारीरिक यातना भोग्न बाध्य र विवश छ र आफूलाई त्यहाँबाट मुक्त गर्न उसले हजुरबालाई चिठी लेखेको छ। यसरी ‘रुन्चे’ कथामार्फत कथाकारले विपन्नताका कारण देश बनाउने कर्णधार बालकहरू सढिरहेको दयनीय स्थितिलाई कथामा चित्रण गरेका छन्।

कपिल लामिछानेको ‘कहीँ नभएको जात्रा’ (पूर्णाङ्क १३) लघुकथामा २०६२ सालको जनआन्दोलन, भाग २ भन्दा अगाडि ज्ञानेन्द्र शाहको निर्देशनमा नेपालको निरङ्कुश सामन्तवादी राज्यशासन चलिरहेको अवस्थामा त्यस बेलाका सूचना तथा सञ्चार मन्त्रीले सार्वजनिक स्थलमा ‘एफ. एम. रेडियोहरूले समाचार भन्न पाउने व्यवस्था विश्वमा कहीँ छैन’ भनेर प्रेस स्वतन्त्रताविरुद्ध बोलेको सानो घटनालाई विषयवस्तु बनाएर कथा अघि बढेको छ। कथामा घटनाक्रमको माध्यमले प्रेस स्वतन्त्रताको पक्षमा वकालत गरिएको भावचित्रण छ।

कपिलकै अर्को ‘गाई र वैतरणी’ (पूर्णाङ्क २१) कथामा पण्डित बाजेले ल्याएको कोरली गाई झोलुङ्गे पुल नतरेको घटनालाई विषयवस्तु बनाई अहिलेको एक्काइसौँ शताब्दीमा पनि हामीले गाई दान गरेर पापबाट मुक्त हुने परम्परालाई अवलम्बन गर्दै आएको प्रवृत्तिलाई कटाक्ष गरिएको छ। व्यङ्ग्यको शैलीमा त्यस परम्पराको विरोध गरिएको छ।

इस्मालीको ‘पुणेको प्यासेन्जर ट्रेन’ (पूर्णाङ्क २०) कथामा भारत-पुनाको रेल स्टेसनदेखि मुम्बईसम्मको रेलयात्रालाई कथाको मुख्य विषयवस्तु बनाइएको छ जसमा मुख्य ‘ऊ’ पात्र, उसकी श्रीमती इन्दिरा र छोरी योषा पनि रेलयात्राका पात्रहरू छन् भने अन्य यात्राका क्रममा आउने यात्रीहरू गौण पात्रका रूपमा उपस्थित छन्। कथामा ‘ऊ’ पात्र र उसको परिवारले पुनादेखि विभिन्न स्टेसन हुँदै मुम्बईसम्मको रेलयात्राका क्रममा पाएका दुःख, कष्ट, हन्डर, त्रास, भय, असुरक्षा र यात्राका क्रममा देखिएका विभिन्न प्रवृत्ति मानिसहरूको चित्रणलाई नै कथावस्तुमा समेटिएको भेटिन्छ।

प्रदीप नेपालको ‘निर्वाचित मेयरको अन्तर्वार्ता’ (पूर्णाङ्क २०) कथा ‘म’ पात्रको घरको सेरोफेरो र पाँचतारे होटेलको परिवेशमा कथावाचक ‘म’ पात्र र मेयरको संवादात्मक शैलीमा कथावस्तुलाई अघि बढाइएको छ। नेपालको राजनीतिक इतिहासको राजा ज्ञानेन्द्रको निरङ्कुश शासनकालमा जुन बखत माओवादी पार्टीको जनयुद्धले उत्कर्ष रूप लिइरहेको थियो, यही अवस्थामा राजाको ठाडो निर्देशनमा नगरपालिकाको चुनाव हुन गइरहेको थियो। सो निर्वाचन माओवादी पार्टीदेखि देशमा स्थापित दलहरू काङ्ग्रेस, नेकपा (एमाले) आदिले सक्रिय बहिष्कार गरेको विशिष्ट घडीको निर्वाचन थियो। यहाँ सरकारले लोभ देखाएर उठाइएका मेयरहरू चुनावमा आ□नो क्षेत्रमा जानुसट्टा सरकारको सुरक्षामा बसेर चुनाव नै नलडी मेयर निर्वाचित भएका नेपालगन्ज नगरपालिकाका नगरप्रमुखसँग ‘म’ पात्रले पाँचतारे होटेलमा गएर गरेको कुराकानीका आधारमा कथावस्तु अघि बढेको छ। त्यतिखेर चुनाव नलडी निर्वाचित भएका कथित मेयरहरूको मोजमस्ती, छाडापन र व्यवहार, राजनीतिक कुसंस्कार, धनसम्पत्तिको लालच, उत्तरदायित्वप्रति उदासीनता, राष्ट्रको ढुकुटीबाट सम्पत्तिको लुछाचुँडीजस्ता कुराहरूलाई कथामा उतारिएको छ।

चङ्की श्रेष्ठको ‘अजम्बरी’ (पूर्णाङ्क २०) कथामा ‘म’ पात्र कथाप्रस्तोता छ। परिवेश विभिन्न ठाउँ, कार्यालयहरू र अस्पताललाई बनाइएको छ। कथामा ‘म’ पात्र (वर्ष ४५) लाई नोकरीबाट निकालिएको पीडा, जीवनभोगाइका क्रममा बेरोजगारीका कारण पाएको दुःख, कष्ट, छटपटी, पीर, व्यथा, सङ्घर्ष, मनको कुण्ठा, दर्दलाई केलाउने काम कथामा गरिएको छ। कथामा बेरोजगारीबाट हुनुपरेको अपमानलाई पनि विभिन्न पात्रहरू खडा गरी चित्रण गरिएको छ। ‘म’ पात्रले देशको स्वतन्त्रता र प्रजातान्त्रिक परिपाटीको व्यवस्थाका लागि पसिना बगाएर मातृभूमिमोह दर्साएको पनि कथामा चित्रण गरिएको छ। बेरोजगार नै आ□नो र आ□ना सन्तानका लागि अजम्बरी रहने हो कि भन्ने कुरा नै कथाको निचोड हो।

राजकुमार के. सी. को ‘वीरबहादुरको उज्यालो मोह’ (पूर्णाङ्क २०) लघुकथामा काठमाडौँको कालिमाटी ठाउँलाई कथाको कार्यपीठिका बनाइएको छ जहाँ वीरबहादुर मट्टितेल भरेर घर लानलाई लाइन बसेको छ। त्यहीँ दुई दिन लाइन बसेर पनि उसले मट्टितेल भर्न र लान पाएन, तर रेडियोबाट चाहिँ मट्टितेलको आपूर्ति आजदेखि एकदम सहज भनिरहेको थियो। यस कथाले आपूर्तिमा देखिएको अस्तव्यस्त प्रणालीलाई चित्रण गरेको छ भने अर्कातिर स्वतन्त्रताका आवाजहरू र जनताको जितमा उभिएको प्रजातान्त्रिक व्यवस्थाप्रतिको मोह र प्रतिबद्धतालाई पनि झीनो रूपले कथामा ल्याएको छ।

ममता शर्मा नेपालको ‘पुतलीको देह’ (पूर्णाङ्क २०) कथामा नरेश र निकिता पात्रको सेरोफेरोमा कथावस्तु संरचित छ। यहाँ नरेशको काठमाडौँ सहरको घर, **निकिताको माइतीघर र हस्पिटलको सेरोफेरो कथाको परिवेश रहेको छ। कथाको विस्तार नरेश र निकिताको विवाहदेखि उनीहरूको छोरो तीन महिनाको भएर निकिता माइतीघरबाट घर आएको दिनसम्मलाई बनाइएको छ। यहाँ विवाहपछि श्रीमान्-श्रीमतीले एकअर्कालाई हेर्ने**

मनोदशालाई विवाहको सुहागरातदेखि नै मानसिक र शारीरिक शोषण र उत्पीडन दिइरहेका हुन्छन्। श्रीमतीको शरीरलाई आ□नो इच्छाअनुसारको पुतली खेलाएझैँ खेलाइरहेका मानवताहीन दानव/जनावरका रूपमा लोग्नेमानिसको हृदय र व्यवहारलाई चित्रित गरिएको छ।

गायत्री विष्टको 'अधुरो सपना' (पूर्णाङ्क २१) कथामा गाउँबाट आएर काठमाडौँको सेरोफेरोलाई कार्यपीठिका बनाइएको छ। कथामा 'ऊ' पात्रको क्रियाकलाप, सोचाइ तथा चिन्तनमननलाई कथामा समेटिएको छ। कथामा 'ऊ' पात्रका दुई छोराहरू प्रतिगामी सरकारबाट बेपत्ता पारिएका छन्। तिनै दुई छोरा खोज्न ऊ दुःख, पीडा, पीर-व्यथालाई मनमा गाँठो पारेर काठमाडौँ पुगेको छ। काठमाडौँमा पुगेर कुनै कसर बाँकी नराखी खोजेको छ। बेपत्ता पारिएकाको खोजी गर्न बेपत्ता परिवारका सदस्यलाई सङ्गठित गरी दबाव समूह खडा गरेर काम गर्ने, अनशन बस्ने र विभिन्न विरोधका कार्यक्रम गर्ने, नारा-जुलुस गरी दबाव दिनेजस्ता अनेकौँ कार्य गर्दा पनि कुनै टुङ्गो लागेको छैन। बरु अन्तिममा छोराले प्रतिगामी सरकारका सामु घुँडा नटेकी देशका लागि बलिदान दिएको कुरो साथीबाट थाहा पाई मन दह्रो बनाएर सहिदको सपना साकार पार्ने उद्देश्यका साथ अधुरै सपना लिई ऊ पात्र घर फर्केको छ।

यस प्रकार यस पत्रिकामा प्रकाशित कथाहरूले आर्थिक सम्पन्नता र विपन्नताले ल्याएको परिणाम, हरेक क्षेत्रमा प्रायः सम्पूर्ण नेपालीले भोग्ने बाध्यता र विवशता, सहरी विकृति, राजनीतिक कुसंस्कार, विसङ्गति, राष्ट्रको आर्थिक विचलन, नारीशोषण र उत्पीडनका घटनाहरू, असुरक्षित वातावरण/अवस्था, बेरोजगारी समस्या र उत्पन्न परिणाम, देशमा स्वतन्त्रता र मानवअधिकारको प्रयोगको अवस्था, कुसंस्कार तथा कुपरम्पराको उद्घाटन, यात्राका क्रममा देखिएका समस्या र अप्ठ्याराहरू, दसवर्षे सशस्त्र जनयुद्धले ल्याएका सकारात्मक र नकारात्मक प्रभाव, सहरमा कोठामा बस्दाको दुःख र कष्ट र अपमानको व्यवहार, बालमनोदशाको उद्घाटन, भाषा र संस्कृतिलाई माया गर्नेजस्ता कुराहरू कथामा चित्रण गरिएको छ।

सङ्क्षेपमा भन्दा नागार्जुनमा प्रकाशित कथाहरूले नेपाली जनजीवन र नेपाली समाजलाई नै आ□नो कार्यपीठिका बनाएका छन्। सामाजिक र व्यक्तिगत सङ्कीर्णता र दारिद्र्यमा भोग्नुपरेका कठिनाइ र अप्ठ्याराहरू, गरिबीले थिचिएको नेपाली जनजीवन, मानवीय अन्तर्मनका कुण्ठाहरू र हरेक क्षेत्रका विकृति र विसङ्गतिको चित्रण गरी यस पत्रिकाले नेपाली कथा विधाको विकासमा आफूलाई झीनै रूपमा भए पनि उभ्याइरहेकै छ भन्न सकिएको छ।

४.४ उपन्यास

नागार्जुन पत्रिकामा पत्रिकाको पूर्णाङ्क ४ (२०५९ साउन-असोज) मा 'डा. कविताराम श्रेष्ठको उपन्यास विशेषाङ्क' भनेर उनको कुकुरको कथा लघु उपन्यास प्रकाशन भएको छ भने अन्य कुनै पूर्णाङ्कमा पनि उपन्यास प्रकाशित भएको छैन।

कम्तीमा एउटा उपन्यास प्रकाशित गरेर पत्रिकाले उपन्यासप्रकाशनमा पनि आफूलाई उभ्याउन वा प्रतिनिधित्व गराउन सफल भएको पाइन्छ।

कुकुरको कथा उपन्यासमा पूर्वी पहाड ओखलढुङ्गादेखि सुनसरी-धरान र सेरोफेरोको परिवेशमा संस्मरणात्मक शैलीमा घटनाहरू वर्णित छन्। उपन्यासमा लेखक ‘म’ पात्र र घरमा ल्याएर पालिएको कुकुर ‘डाइमन्ड’ मुख्य पात्र हुन् भने त्यसका अतिरिक्त आ□नै घरका परिवार, छिमेकीहरू, ड्राइभर, नगरपालिकाका कर्मचारी आदि थुप्रै सहायक र गौण पात्रहरू छन्। यसमा ‘म’ पात्रले भन्ने कथाको मूल पात्र नै कुकुर ‘डाइमन्ड’ हो। डाइमन्ड नै यस उपन्यासको नायक हो। यस नायककै बारेमा म पात्रले अठार खण्डमा वा अंशमा कथालाई अघि बढाएका छन्। ती अठार खण्ड वा अंशहरूमा १. उसलाई हामीले भित्र हुल्न बिर्स्यौं, २. ऊ मृत बहिनीको खोजीमा रहेछ, ३. माया गरेबापत लात, ४. स्वामीभक्त बेथ जिलर्टको कथा, ५. अस्पतालमा डाइमन्ड, ६. मृत मालिकको चिहानमा एउटा कुकुर, ७. गर्भको उपन्यासमा डाइमन्ड, ८. उसको निर्बोधताले धेरै रुवायो, ९. अस्पतालमा डाइमन्डको बिजोग, १०. कुनै पनि खानामा ऊ आ□नो आसक्तिलाई त्याग्न चाहँदैन, ११. जिन्दगीभर मालिकको प्रतीक्षामा रहेको एउटा अर्को कुकुर, १२. नानीको कोक्रोमा सुतेर ऊ आ□नो आसक्ति मेटाउन चाहन्छ, १३. आ□नै नाम भुल्ने एउटा अर्को डाइमन्ड, १४. कुकुर : मान्छे जातिको कान्छो भाइ, १५. डाइमन्डको जन्म र बाल्यकाल, १६. बुढेसकालको उसको उस्तै आसक्ति, १७. उसको हितका लागि उसैको हत्या, १८. निर्बोध मानसिकताले कथा दोहोऱ्यायो शीर्षक दिएर कथाको विस्तार गरिएको छ।

यसमा कुकुर डाइमन्डको इमानदारिता र कर्तव्यपरायणताको घटनालाई आधार बनाएर घटनाक्रमलाई अघि बढाउने काम गरिएको छ। यहाँ डाइमन्ड ‘म’ पात्रकी कान्छी बहिनीको अकाल मृत्युले जीवनभर आहत तथा मर्माहत भएको र ‘म’ पात्रदेखि परिवारका सदस्यहरूलाई पनि निरन्तर शोक, पीडा, छटपटी, कष्टमा उद्वेलित गर्दै संवेद्यता र कारुणिक रूपमा घटनालाई अघि बढाइएको छ। डाइमन्ड ‘म’ पात्रकी कान्छी बहिनी मर्दा खुबै शोकाकुल भएको र उसले आ□नो व्यवहारबाट देखाएको छ। ऊ शोकमा रहेको व्यक्त गर्न सक्दैन। खाना नखाइदिएर, स्थिर रूपमा नबसी छटपटिएर, कुइँकुइँ गरेर र मृत बहिनीको खोजीमा अस्पतालदेखि आर्यघाटसम्म पुगेर आ□नो मर्माहत पीडालाई देखाएको छ। ऊ बूढो हुँदा घाउ-खटिराले ग्रस्त भएपछि उसकै हितलाई भनी विष खुवाएर मारिएकोमा ‘म’ पात्रले खेद, दुःख र बिस्मात प्रकट गरेका छन्। अन्त्यमा जसरी डाइमन्डले मृत बहिनीको प्रतीक्षामा जीवन गुजारेको थियो त्यसरी नै आ□नी तीनवर्षे अबोध छोरी पनि मारिएको डाइमन्डको प्रतीक्षामा मर्माहत भई बाँचिरहेकी छन् भनी घटनाक्रमलाई टुङ्ग्याइएको छ।

यसरी यस उपन्यासका घटनाक्रमहरूले मानव र पशुबीचको हार्दिक, निश्छल, कारुणिक, हृदयविदारक र संवेदनशील सम्बन्धको मार्मिक अवस्थालाई उद्घाटन गर्ने काम भएको छ। यथार्थ घटनाहरूको कलात्मक आख्यानसंरचना र स्वरूपमा उपन्यासको सिर्जना

हुन पुगेको देखिन्छ। यसमा कुकुरको स्वामीभक्ति, इमानदारिता, कर्तव्यपरायणता, आश्चर्य-कौतुकमय र कारुणिक संवेदनशीलतालाई जीवन्त रूपमा चित्रण गरिएको पाइन्छ।

उपन्यासको प्रस्तुतीकरणको शैली सरल, रोचक, शब्दचयनमा मिठास र उपयुक्तता, घटनाक्रम छनोटमा कौतूहलपूर्णता, प्रेरक र सन्देशमूलक रहेको छ।

मान्छेले मान्छेलाई पिट्ने, कुट्ने, दुःख दिने र मार्नेजस्ता अमानवीय, असहिष्णु, अविवेकी र बुद्धिहीन भइरहेको अहिलेको मान्छे र समाजलाई डाइमन्ड कुकुरको निर्बोध, निर्दोष, निष्कपट, निश्छल र आफन्तप्रतिको अटुट श्रद्धाभावजस्तो गुणले प्रेरणा लिन झकझक्याइ-रहनेछ भन्ने सन्देश पनि पाइन्छ।

४.५ एकाङ्की

नागार्जुन त्रैमासिक पत्रिकाको पूर्णाङ्क २१ सम्मको प्रकाशनयात्राका क्रममा नाटकहरू प्रकाशित छैनन् भने जम्मा तीन जना एकाङ्कीकारका तीनवटा एकाङ्कीहरू प्रकाशित भएका देखिन्छन्। यस पत्रिकामा जसरी कविता, गीत/गजल, लेख/निबन्ध र समालोचना विधाहरूले प्रकाशनमा स्थान पाएका छन् त्यो अवस्था नाटक र एकाङ्कीले पाएका देखिँदैनन्।

यहाँका तीनवटै एकाङ्कीहरू एकै दृश्यमा टुङ्ग्याइएका छन्। ती एकाङ्कीहरूमा रेणुका भट्टराईको 'देशप्रेम' (पूर्णाङ्क १), शारदारमण नेपालको 'कुरा गर्ने ढङ्ग' (पूर्णाङ्क ८) र कृष्ण शाह यात्रीको 'सूत्रधार/सूत्रधारहरू' (पूर्णाङ्क २०) रहेका देखिन्छन्।

रेणुका भट्टराईको 'देशप्रेम' मा देशभक्त, जेलर, पागल नवयुवक पत्रको बीचमा संवाद गराइएको छ। यो एकाङ्की जेलभित्रको कोठाको एक कुनाको परिवेशमा अभिनीत रहेको छ। यो एकाङ्की विचार-अभिनयात्मक एकाङ्की हो। यस एकाङ्कीको विषयवस्तु देशप्रतिको उन्नति-प्रगति र विकासतर्फको भक्तिभाव र चिन्ता नै हो। यहाँ देशको स्वाधीनता, स्वतन्त्रता, बहुदलीय प्रजातान्त्रिक शासनपद्धति, देशको रक्षाका लागि रगत दिने सहिदहरूप्रति श्रद्धाभाव, न्याय, समतामूलक समाजनिर्माणको चाहनाजस्ता कुराहरूलाई एकाङ्कीमा उतारिएको छ। देशमा भइरहेको कुशासन, मानवताहीन गतिविधि, हिंसा तथा काटमार, भ्रष्टाचार, अन्याय, विकृति र विसङ्गति, सहिदको अपमानजस्ता कुराहरूको अन्त्यका लागि सङ्घर्ष गरी आ□नो देश/राष्ट्रको इज्जत वा साखलाई बचाउने वा जोगाउने प्रतिबद्धता वा प्रण नवयुवकले गरेर एकाङ्की टुङ्गिएको छ।

शारदारमण नेपालको 'कुरा गर्ने ढङ्ग' (पूर्णाङ्क ८) मा तीन पात्रहरू आमा रोसना, बाबु सौरभ र छोरी वाणीको बीचमा एकाङ्कीमा संवाद गराइएको छ। अभिनीत स्थान घरको पढ्ने कोठा र त्योभन्दा बाहिरको स्थानमा एकाङ्की सिद्धिन्छ। यसको कथावस्तु परीक्षाको तयारी गरिरहेकी छोरी वाणीलाई आमा रोसनाले 'कोठामै खाना ल्याएर खाऊ अनि पढ्नू, नखाएर झनै कमजोर भइन्छ, खाइहाल' भनेबाट आमा र छोरीमा केही भनाभन, नपढ्ने कुरा, मर्ने कुरासम्म हुन्छ र बाबु सौरभले आमा रोसनालाई 'तिमीले

छोरीलाई नरम र सकारात्मक तरिकाले भनेको भए यत्रो विवादै हुने थिएन’ र परीक्षाको तयारीमा रहेकी छोरीलाई पनि परीक्षाको डरले रन्थनिइरहेको अवस्थामा ‘तिमी खाना नखाए लेख्न नि सक्दिनौ’ भनेर झन् त्रासमा पार्ने काम गर्नु हुँदैनथ्यो भनेर सौरभले रोसनालाई सम्झाउन खोज्दा त्यहाँ पनि लोग्ने र स्वास्नीको बीचमा वादविवाद हुन्छ। यो कुरा सुनिरहेकी छोरी वाणी आई ‘ल, अब म खान्छु, मलाई माफी दिनुहोस्’ भनेर आमासित माफी माग्छिन्। आमाले पनि ‘कुरा गर्ने ढङ्ग नभएकाले बोल्दा गल्ती भयो, माफ गर है छोरी’ भनेर एकअर्कासँग माफी माग्छन्। नेपाली उखानमा ‘बोल्न पाइयो भनेर प्याच्च नबोल्नू र बस्न पाइयो भनेर थ्याच्च नबस्नू’ भन्ने कथन छ जसअनुसार हाम्रो बोल्ने मुखमै राम्रो-नराम्रो, शत्रु र मित्र सबै रहेका हुन्छन्, त्यसैले एकाङ्कीमा चित्रित गरेझैँ राम्रो, मीठो, नरम र ढङ्ग पुऱ्याएर बोल्दा सबै कुरा राम्रो हुन्छ, बोल्न ढङ्ग नपुऱ्याउँदा सबै कामकुरा बिग्रने र शत्रु कमाइने हुनाले हामीले मिठासपूर्ण र ढङ्ग पुऱ्याएर बोल्ने गर्नुपर्छ भन्ने सन्देश दिनु नै यस एकाङ्कीको मूल ध्येय रहेको छ।

कृष्ण शाह यात्रीको ‘सूत्रधार र सूत्रधारहरू’ (पूर्णाङ्क २०) पूर्ण प्रतीकात्मक एकाङ्की हो। यसमा पात्र तथा परिवेश प्रतीकात्मक रूपमा चयन गरिएको छ। विसङ्गत राजनीति तथा शासनसञ्चालन प्रणालीलाई एकाङ्कीको मूल कथ्य बनाइएको छ। एकाङ्कीमा राजनीति तथा शासनसञ्चालन प्रणालीलाई एउटा नाटक मानिएको छ जहाँ राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरसम्मको परिवेशलाई सानो मञ्चमा प्रतीकात्मक वस्तुहरू राखेर समेटिएको छ। मञ्चमा नाटक सञ्चालनका क्रममा आउने पात्र सूत्रधारहरूलाई राजनीतिका तीन प्रकारका खेलाडी/सञ्चालकका रूपमा उभ्याइएको छ जसमा सूत्रधार १ बहुदलीय र संसदीय व्यवस्था, प्रजातन्त्र र लोकतन्त्रप्रतिको मान्यता राख्ने देशभित्रका दलको प्रतिनिधित्व गर्ने पात्र हो। सूत्रधार २ निरङ्कुश सामन्तवादी तथा राजतन्त्रात्मक व्यवस्थाको पक्षपोषक, गैरप्रजातान्त्रिक, गैरलोकतान्त्रिक व्यवस्था र अवसरवादी चरित्रचित्रण गर्ने पात्र हो। सूत्रधार ३ को दुई प्रकारको भूमिका देखाइएको छ। पहिलो बहुदलीय संसदीय प्रजातान्त्रिक र लोकतान्त्रिक रूपबाटै राजतन्त्रको आज्ञा पालन गरी अघि बढ्ने चरित्र, दोस्रो बहुदलीय संसदीय प्रजातान्त्रिक तथा लोकतान्त्रिक रूपमा राजतन्त्रको अन्त्य गरी गणतान्त्रिक व्यवस्थातिर जनताको साथ लिई अघि बढ्ने चरित्र गरी दुई प्रकारको भूमिका छ।

यहाँ यिनै तीन प्रकारका मान्यता/विचार भएका पात्रहरू राखेर राजनीति र शासनप्रणालीमा देखा परेको खिचातानीलाई नाटककै प्रतीकात्मक स्वरूप दिई झापड हान्ने काम भएको छ। राजनीतिक शासनसञ्चालन प्रणालीमा संसदीय बहुदलीय र लोकतान्त्रिक विचार वा मान्यता राख्ने नेपाली काङ्ग्रेस, नेकपा (एमाले) र अवसरवादी राजतन्त्रका पक्षपोषक तथा प्रतिनिधिहरूबीचको साँठगाँठ र खिचातानीबाट अघि बढाइएको अलोकतान्त्रिक शासनसञ्चालन प्रणालीको चित्रण सूत्रधार १ र सूत्रधार २ बाट थाहा पाउन सकिन्छ। देशमा २०५२ सालबाट सशस्त्र जनयुद्ध नेकपा (माओवादी) को नेतृत्वमा अघि

बढिरहेको हुन्छ जहाँ हत्या-हिंसा, असुरक्षाजस्ता कुरा हुँदै विसङ्गत राजनीति र शासनसञ्चालन प्रणालीको फेरबदल गर्न जनताको जनबलसहित शासनसत्तामा पुग्छ। यसलाई सत्तामा पुग्नुअघि गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा रहेको शासनव्यवस्थाको भूमिकाको चरित्र र सत्तामा पुगेपछि पुष्पकमल दाहाल 'प्रचण्ड' को नेतृत्वमा रहेको शासनव्यवस्थाको भूमिकाको चरित्र एकाङ्कीको सूत्रधार ३ बाट थाहा पाउन सकिन्छ।

एकाङ्कीमा सूत्रधार १ र सूत्रधार २ ले आ□नो कर्तव्य, अभिभारा वा उत्तरदायित्व वहन नगर्दाको फलस्वरूप सूत्रधार ३ खडा भएको वा भूमिकामा पुगेको भन्ने सूत्रधार ३ को संवादबाट थाहा पाउन सकिन्छ। यिनै तीन पात्रको सेरोफेरोमा अन्य पात्रहरू पनि उपस्थित गराइएका छन् जसले आ□ना पीर-व्यथा, पीडा, नेपाल आमाप्रतिको चिन्ता, गणतन्त्र र लोकतन्त्रको समर्थन, निरङ्कुश सामन्तवाद-विस्तारवाद र चाकडीबाज तथा कुशासनको विरोध र समावेशी सहभागिता, सङ्घीय शासनप्रणाली र गणतन्त्रात्मक सुशासनको माग गरेका छन्।

**यसमा एकाङ्की हरेक पात्र, परिवेश र कथावस्तु प्रतीकात्मक रूपमा चयन गरिएको छ। संवाद सहज, सरल र पूर्ण अभिनयात्मक छन्। एकाङ्कीका शब्दहरू बडो कुशल र होसियारीपूर्वक चयन गरेर संवाद तयार गरिएको एकाङ्कीको कथावस्तु पूर्ण र सुगठित रूपमा तयार पारिएको छ।**

**निष्कर्षमा पत्रिकामा रेणुका भट्टराईको 'देशप्रेम', शारदारमण नेपालको 'कुरा गर्ने ढङ्ग' र कृष्ण शाह यात्रीको 'सूत्रधार र सूत्रधारहरू' गरी जम्मा तीन एकाङ्कीहरू प्रकाशित छन् । यी एकाङ्कीहरूमा देशमा भइरहेको कुशासन, भ्रष्टाचार, व्यक्ति-अहम्ले ल्याएका राजनीतिक कुसंस्कार र दाउपेच, मानवताहीन गतिविधि, हिंसा तथा काटमार, भ्रष्टाचार, अन्याय-अत्याचार, विकृति र विसङ्गति, सहिदको अपमान, लखाइखवाइ, हिँडाइ-डुलाइ र बोली-वचनबारेको संस्कारगत अर्ती–उपदेश, राष्ट्रप्रेम र राष्ट्र जोगाउने प्रतिबद्धताजस्ता कुराहरूलाई समेटिएको छ । एकाङ्कीहरू सरल, सहज र अभिनयात्मक छन् भने कृष्ण शाह यात्रीको 'सूत्रधार र सूत्रधारहरू' एकाङ्कीका पात्र, परिवेश र कथावस्तु प्रतीकात्मक रूपमा चयन गरिएको छ ।**

४.६ निबन्ध/प्रबन्ध

निबन्धको विकासमा नागार्जुन पत्रिकाले पनि योगदान पुऱ्याउँदै आएको देखिन्छ। प्रकाशनको सुरुदेखि पत्रिकाको पूर्णाङ्क २१ सम्म ४, ९, १२, १६, १७ र १९ बाहेक अन्य पूर्णाङ्कहरूमा निबन्ध/लेखहरू प्रकाशन भएका देखिन्छन्। यस पत्रिकामा निबन्ध, प्रबन्ध, अनुभूति, संस्करण, यात्रानुभूति आदि छुट्टाछुट्टै शीर्षकका माध्यमबाट लेख, निबन्ध, यात्रानुभूतिहरूलाई प्रकाशित गरिएको पाइन्छ। उल्लिखित शीर्षकअन्तर्गत निबन्धको आयामभित्र पर्न नसक्ने सामान्य लेखदेखि निबन्धका विभिन्न स्वरूप पनि परेका भेटिन्छन्। पत्रिकामा देखा परेका यस्ता विविध स्वरूपका निबन्धहरूलाई सजिलोका लागि तीन वर्गमा छुट्ट्याएर अध्ययन गरिएको छ– निबन्ध, लेख/प्रबन्ध र संस्मरण/अनुभूति।

४.६.१ निबन्ध

नागार्जुन पत्रिकामा यस वर्गमा ११ जना निबन्धकारका १२ निबन्धहरूका बारेमा सङ्क्षेपमा उल्लेख गरिएको छ। यहाँ स्थापित निबन्धकारका निबन्धभन्दा पनि नवोदित लेखककै निबन्धको बाहुल्य रहेको पाइन्छ। यहाँ शैलेन्दुप्रकाश नेपालको ‘खोटाङेको भाले’ (पूर्णाङ्क १), कोषराज न्यौपानेको ‘म चिया खान्नँ’ (पूर्णाङ्क १), अच्युतम भट्टराईको ‘आँधीको पर्खाइमा प्रतीक्षित जीवन’ (पूर्णाङ्क २), भरत शर्माको ‘फूललाई फूल मात्र देखिँदा’ (पूर्णाङ्क ५), अच्युतप्रसाद पौडेल ‘चिन्तन’ को ‘आँसुको धारा, पिङ्गलाको प्रेम र रङ्गीन क्यालेन्डर’ (पूर्णाङ्क ७), सुस्मिता नेपालको ‘छोरीसँग खेलिरहँदा’ (पूर्णाङ्क ८), नर्मदेश्वरी सत्यालको ‘लोग्नेमान्छे साथी’ (पूर्णाङ्क ११), उनकै ‘आन्दोलन र राष्ट्रियता’ (पूर्णाङ्क २०), रुद्र खरेलको ‘शुक्रबार’ (पूर्णाङ्क १३), विनोद मञ्जनको ‘चेतनाको आकृति : जीवनवादी संस्कृति’ (पूर्णाङ्क २०), सुजित मैनालीको ‘मृत्युचिन्तनको आयाम’ (पूर्णाङ्क २१) रहेका छन्।

शैलेन्दुप्रकाश नेपालको ‘खोटाङेको भाले’ वर्णनात्मक शैलीको निजात्मक निबन्ध हो। यस निबन्धमा वि. सं. २०५८ जेठ १९ गते शुक्रबारका दिन राजदरबारमा गोली चलेर अकल्पनीय र हृदयविदारक रूपमा राजपरिवारका सदस्यहरू समूल नष्ट भएको र एक आ□नो साथी जनक राईसँग काठमाडौँमा खोटाङदेखि ल्याइएको कुखुराको भाले खाँदाको क्षणलाई निबन्धको विचारवस्तु बनाइएको छ। यहाँ मन र विचार-आचार नै मानिसको पुञ्ज मानिएको छ। आत्मालाई समयको प्रतीक मानेको छ जसअनुसार राजदरबारको हत्याकाण्ड हुँदा राजपरिवारका कुनै न कुनै गुणले युक्त सदस्यहरू मारेको र मरेको कुरा निबन्धकारको आत्माले स्वीकार नगरको व्यक्त गरिएको छ। दरबार घटना हुँदाको बखतमा निबन्धकारलाई लागेको बाडुलीलाई पनि परम्परागत सङ्केतकका रूपमा उभ्याइएको छ। यसै गरी भालेलाई ब्रह्माजीले सृष्टि गरेको पहिलो प्राणी, गाउँघरको समयसूचक ‘घडीचरो’, रङ्गीचङ्गी प्वाँखयुक्त आकर्षक जीवका बारेमा भावनात्मक रूपमा त्यसको नियतिलाई पनि व्यक्त गर्न निबन्धकार बिर्सिँदैनन्। निबन्धकारकै शब्दमा– “खोटाङको भालेले हाम्रो समयलाई रोचक र अविस्मरणीय बनाउने काम गऱ्यो। अब त्यस भालेलाई महत्त्वहीन सम्झन मिल्दैन। त्यो अमर बन्यो। त्यसले लामो यात्रा तय गरेर पहाडबाट तराई झरी उपत्यकासम्म आइपुगेर आ□नो जीवनलाई बहुआयामिक एवम गतिशील बनायो र उत्सुक, उन्मुक्त तथा गतिशील बनेर बाँच्ने सन्देश पनि दियो पक्कै” (नागार्जुन, पूर्णाङ्क १ : १३) भनेर टुङ्ग्याउनीमा पुऱ्याइएको छ।

निबन्धमा लेखकले विचारलाई खँदिलो गरी शृङ्खलाबद्ध रूपमा सरल, सहज र मिठासयुक्त भाषाशैलीमा प्रस्तुत गरेका छन्।

कोषराज न्यौपानेको ‘म चिया खान्नँ’ संस्मरणमा जिल्ला हालिएको वर्णनात्मक शैलीको निबन्ध हो। यहाँ चिया नखानुलाई आ□नो ब्राह्मण परिवारको संस्कार, चालचलनको नालीबेलीलाई प्रस्तुत गरिएको छ। सट्टामा दूध, दही र मोहीको मोहलाई

स्वास्थ्यको दृष्टिकोणले उचित मान्दै चिया नखानुको तर्कलाई पुष्टि गर्न खोजिएको छ। यसमा चियालगायत अन्य अम्मल नखाँदा पश्चिमको बाजुराको एक गाउँले भेलामा ब्राह्मण भएको ठोकुवा गर्दै दूध, दही र मोही खान दिएको रमाइलो घटना प्रस्तुत गरी चिया नखाँखाको फाइदा सान र मानलाई निबन्धको सिलसिलेबार प्रस्तुतिमा उनिएको छ। नब्बे प्रतिशत मानिस चियाप्रेमी भएको समयमा पनि निबन्धकार छिटपुट खानुको अलावा आउँदा दिनमा औषधीका रूपमा बाहेक नखाने प्रतिज्ञा नै गरेर निबन्धको अन्त्यतिर लाग्छन्।

यस निबन्धमा परम्परागत संस्कार तथा चालचलनका फाइदा, सान-मान र शारीरिक स्वास्थ्यलाभका बारेमा अरू लतदेखि चियारूपी लतको त्यागलाई प्रेरणाको स्रोत मान्न खोजिएको छ। सिलसिलेबार खँदिलो बन्धन मिठासयुक्त, सरल र झर्रा नेपाली शब्दहरूको प्रयोग यस निबन्धको भाषाशैलीको प्रस्तुति हो।

अच्युतम भट्टराईको ‘आँधीको पर्खाइमा प्रतीक्षित जीवन’ ‘दर्शन’ स्तम्भ राखेर प्रकाशित भए पनि मूलतः पत्रात्मक शैलीको निबन्ध नै हो। यसमा भ्रम, व्यावहारिकता तथा सत्य र असत्यबाट गुज्रिरहेको जीवनका बारेमा विभिन्न व्यक्ति वा मानिसका उदाहरणहरू प्रस्तुत गर्दै कविता दीलाई सम्बोधन गरी प्रस्तुत गरिएको छ। यहाँ मूलतः अस्तित्वको खोजी, भाषण, प्रवचन र शब्दहरूबाट नभई मानिसको राम्रो व्यवहार र कार्यशैलीबाट गरी देखाउनुपर्ने कुरालाई मुख्य विषय मानिएको छ।

भरत शर्माको ‘फूललाई फूल मात्र देखिँदा’ मानवीय भावनाको बगाइमा बगेर लेखिएको निजात्मक निबन्ध हो। यसमा प्राकृतिक वस्तुहरूमा मानिसलाई जीवन दिन सक्ने सिर्जनात्मक तागत रहेको, दुनियाँलाई लोभ्याउन सक्ने सुन्दरता लुकेको कुरा फूलको उदाहरणबाट दिएका छन्। त्यस्तै मानिस बन्नलाई बुद्धि-विवेक, सहिष्णुता, परोपकारी भावना, सभ्यता, नैतिक मर्यादा, सत्यता, कर्तव्य, इमानदारिता, उत्तरदायित्व, अर्काको सम्मान, निष्पक्षता, स्वतन्त्रताजस्ता मानवीय संस्कारका गुणहरूले मानिसलाई सर्वश्रेष्ठ प्राणीको दर्जामा पुऱ्याउने कुराको अभिव्यक्ति निबन्धमा छ।

अच्युतप्रसाद पौडेल ‘चिन्तन’ को ‘आँसुको धारा, पिङ्गलाको प्रेम र रङ्गीन क्यालेन्डर’ ‘एक प्रहर’ भन्ने शीर्षकको स्तम्भमा प्रकाशित भए पनि घटनाविशेषको चिन्तनमा आधारित विवरणात्मक शैलीको निबन्ध नै हो। यसमा कवि भीमदर्शन रोकाको स्मृतिमा सिद्धार्थ वनस्थलीको हलमा हुन गएको कार्यक्रमलाई लिएर त्यहाँ देखिएका मानिसका सोच-विचार, व्यवहार, असहिष्णु संस्कारका विकृति र बेथिति, चिन्तन, कार्यशैली र व्यवहारमा देखिएको असमञ्जसता र असमन्वय अवस्थालाई महान् साहित्यकार भर्तृहरि र उनकी श्रीमती पिङ्गलाबीचको प्रेमलाई उदाहरण बनाई प्रस्तुत गरिएको छ।

सुस्मिता नेपालको ‘छोरीसँग खेलिरहँदा’ निजी विचारले प्रवाहित निजात्मक निबन्ध हो। यसमा निबन्धकारले नौ महिनाकी छोरी कविता जन्मिएर हुर्किंदा आमा-छोरीबीचको

स्नेह, मोह र सुन्दरतामा गुजारिएको सुखी र खुसीको अवस्था र क्षणहरूमै आफू पनि हराइरहेको विचार व्यक्त गरेकी छन्। छोरीसँगका दैनन्दिनीका क्षणहरूले संसारै उज्यालो र संसारका सबै मानिस र समयलाई पनि आनन्दित पारेको होला भन्ने अनुभूत गर्नुका साथै आ□ना अक्षरहरूको सिर्जना पनि छोरीसँग खेल्न नै रमाएको निबन्धमा चित्रण गरिएको छ। यो निबन्ध सरल, सरस, हृदयस्पर्शी र सरर्र बगाइएको भाषाशैलीमा लेखिएको छ।

नर्मदेश्वरी सत्यालको ॅलोग्नेमान्छे साथी' विश्लेषणात्मक शैलीमा लेखिएको निजात्मक निबन्ध हो। यो निबन्धलेखनको स्रोत श्यामप्रसाद शर्माको ॅआइमाई साथी' निबन्धलाई लिइएको छ। ॅआइमाई साथी' निबन्धलाई तुलनात्मक आधार बनाई आ□ना भोगाइ-अनुभूति, प्रेरणा र सङ्घर्षका अगाडिका पाइलाहरूलाई सिलसिलेबार शृङ्खलामा उनिएको छ। वास्तवमा मान्छे राम्रो-नराम्रो हुने र बन्ने उसले लिने विचार, व्यवहार र प्रतिबद्धतामा भर पर्ने हो भन्ने कुरालाई पनि निबन्धमा विभिन्न सम्बद्ध घटनाहरू र भनाइलाई उल्लेख गर्दै पुष्टि गर्न खोजिएको छ। निबन्धकारकै शब्दमा– "आइमाईहरूको उमेर देखेर लोग्नेमान्छेहरू भ्याम्मिन्छन्। भनौँ कि नभनौँ? छोरीहरूलाई लोग्नेमान्छे साथी बनाउने सल्लाह दिऊँ कि नदिऊँ? रनभुल्लमै छटपटाइरहेछु। उमेर वैरी भनौँ भने जोस-जाँगर यस बेला भरिएको हुन्छ। यसलाई सदुपयोग गर्न सकिएन भने जीवन चौपट पनि हुन्छ। मान्छेले मान्छे हुन जोसमा होस राख्न सकियो भने न त निबन्धकार श्यामप्रसाद शर्माको इच्छा अपुरो हुन्छ न मेरो नै।" (नागार्जुन, पूर्णाङ्क ११ : ११८)

सत्यालकै ॅआन्दोलन र राष्ट्रियता' विश्लेषणात्मक शैलीमा लेखिएको निबन्ध हो। जब व्यक्ति पारिवारिक घेराभन्दा माथि उठेर सोच-विचार र चिन्तनमनन गर्ने अवसर पाउँदैन त्यो बेला उसमा शान्ति, सङ्घर्ष, आन्दोलन, राष्ट्र र राष्ट्रियता केहीका बारेमा थाहा हुँदैन, कुनै कुराको जुर्मुराहट हुँदैन वा मुर्दा शान्तिमा रहिरहन्छ। जहाँ दुःख, भ्रष्टाचार, अन्याय, शोषण, उत्पीडन, उच्छृङ्खलता, विसङ्गति, दमन हुन्छ त्यहाँ चेतना पैदा हुन्छ, क्रान्तिकारिताको भाव जन्मिन्छ, त्यसले सङ्गठित रूपमा सङ्घर्ष र आन्दोलन गर्छ, आन्दोलनले शान्ति स्थापना गर्छ र आन्दोलनले ल्याएको शान्तिमा राष्ट्र र राष्ट्रियता हुन्छ/रहन्छ। राष्ट्र र राष्ट्रियता हुँदा न्याय, समानता, वर्ग अन्त्य, सुशासन र शान्ति हुन्छ र त्यहाँ नै ॅनेपाली हौँ' भन्ने भाव पैदा गर्छ भन्ने कुरालाई २०४६ सालभन्दा अगाडिको पञ्चायतकालीन व्यवस्था, २०४६ को जनआन्दोलन १, त्यसपछिको शासनव्यवस्था र २०६२/६३ को जनआन्दोलन २ का विभिन्न दलिल प्रस्तुत गरी निबन्धकारले पुष्टि गरेकी छन्। निबन्ध सरल, शृङ्खलित घटनाक्रमको संयोजन र बगेको भाषाशैलीमा लेखिएको पायन्छ।

रुद्र खरेलको ॅशुक्रबार' हास्यव्यङ्ग्यात्मक शैलीमा रचित निबन्ध हो। निरङ्कुश सामन्तवादी शासनसत्ता सञ्चालन गर्ने राजतन्त्र (जसमा ज्ञानेन्द्र र पारस) ले जुनसुकै र जे काम गर्दा पनि सात बारमध्येको शुक्रबार जुराएर गर्ने गर्थे। त्यसै बारलाई राजतन्त्रको नाइकेको प्रतीक मानेर उसका कर्तुतपूर्ण र कलुषित कामधन्दा, सोच-चिन्तन, मोजमस्तीको

हुकुमी व्यवहार, कुशासन आदिलाई व्यङ्ग्यात्मक रूपमा घृणा र धज्जी उडाउने गरी चित्रण गरिएको छ भने त्यसलाई समाप्त पारी सार्वभौम, स्वतन्त्र र समानता हुने खालको प्रजातान्त्रिक व्यवस्थाको कल्पना गरिएको छ। जहाँ एकअर्कामा आत्मिक भावना र भौतिक विकास-निर्माणको परिकल्पना गरिएको पाइन्छ।

निबन्धमा व्यङ्ग्यात्मक शैली, झर्रा शब्दहरू र भाषाको प्रयोग, घृणा जागृत गराउने र विद्रोहात्मक भावनाको विकास गराई राष्ट्र र राष्ट्रियताप्रति सचेत बनाई अघि बढ्ने सन्देश रहेको छ।

विनोद मञ्जनको ‘चेतनाको आकृति : जीवनवादी संस्कृति’ चिन्तन आधार स्तम्भमा रचित विश्लेषणात्मक शैलीको निबन्ध हो। मानिसको जन्म हुन्छ, जन्मसँगै मस्तिष्क हुन्छ, मस्तिष्कको एक पाटो मन हो। चेतन, अर्धचेतन र अचेतन तहको मस्तिष्कका सक्रिय, अर्धसक्रिय र निष्क्रिय तन्तुका रूपमा मनलाई अध्ययन गर्न सकिन्छ। सक्रिय चेतनाबाट विचारको जन्म हुने, छरपस्ट भावनालाई समेटेर विचार-निर्माणको तहमा पुऱ्याइने, भावना एकाकार हुँदाको विचार-निर्माणले आकृति खडा गर्ने, त्यो आकृति मानिस र व्यक्तिपिच्छे एउटै परिवेशमा पनि परिष्कृत, अर्धपरिष्कृत र अपरिष्कृत चेतनाका रूपमा समाजका हरेक क्षेत्रमा देखिने हुन्छ। परिष्कृत चेतनाका वाहकहरूले समाजलाई जहिले पनि सक्रिय रूपमा गति दिने, अर्धपरिष्कृत चेतनाका वाहकहरूले समाजलाई अघि लैजान खोजे पनि यथास्थितिमै रहने र अपरिष्कृत चेतनाका वाहकहरूले उल्टोलाई सुल्टो, सुल्टोलाई उल्टो, उज्यालोलाई अँध्यारो, अँध्यारोलाई उज्यालो देख्ने/देखाउने प्रवृत्ति रहेको हुने हुन्छ। यसरी मानिसको जीवनका सहस्र अप्ठ्यारा र कठिनाइहरू देखाउनेहरूलाई परिष्कृत चेतनाको धरातलमा सामाजिक जिम्मेवारीलाई विवेकपूर्ण जुक्ति प्रयोग गरेर सकारात्मक परिवर्तनको बाटोमा हिँडाउने हरेक क्रियाकलापहरूलाई नै जीवनवादी संस्कृतिका रूपमा चित्रण गरिएको छ। त्यसैले मानिसको संस्कृतिमा खडा भएको यथार्थ र व्यावहारिक धरातलमा समानता, स्वतन्त्रता, विश्वास, न्यायका पक्षमा अघि बढेर बाँच्ने/जिउने क्रियाहरू जीवनवादी संस्कृति हुन् भनी निबन्धकारले व्याख्या-विश्लेषण गरेका छन्।

यो निबन्ध अध्ययन र अनुसन्धानबाट प्राप्त ज्ञानको लेखकीय अभिव्यक्ति भएकाले बौद्धिकतापूर्ण छ।

श्यामकृष्ण खुलिमुलीको ‘नयाँ नेपाल’ वर्णनात्मक शैलीको निजात्मक निबन्ध हो। यसमा नयाँ नेपालको निर्माण पुराना, सढेगलेका सोच-विचार, चिन्तन, व्यवहार, संस्कार र शासनपद्धतिले गर्न नसकिने र नयाँ सोच-विचार तथा चिन्तनलाई अघि सारेर त्यसअनुरूपकै व्यवहार र क्रियाकलापबाट मात्र गर्न सकिने कुराको चित्रण नै निबन्धको कथ्य हो। सिर्जनात्मक शान्ति, सुशासन, समानता तथा स्वतन्त्रता भएको समृद्ध, स्वाधीन र सार्वभौम नयाँ नेपालको परिकल्पना निबन्धकारले गरेका छन्। यो निबन्ध सरल, सरस र वर्णनात्मक भाषाशैलीमा संरचित छ।

अन्त्यमा सुजित मैनालीको ‘मृत्युचिन्तनको आयाम’ पत्रात्मक शैलीको विचारात्मक निबन्ध हो। मानिसको जन्म, जीवनसङ्घर्ष र मृत्युलाई विचार कथ्यमा घोलेर निबन्धमा उतारिएको छ। आखिरमा जन्म र जीवनसङ्घर्षका उतारचढावको अन्तिम परिणाम भनेको नै मृत्यु हो भन्ने भावलाई उदाहरणहरू दिई पुष्टि गर्न खोजिएको पाइन्छ।

यसरी नागार्जुन पत्रिकामा छापिएका उल्लिखित निबन्धहरूले समाजमा व्याप्त विकृति-विसङ्गति, भ्रष्टाचार, कुशासन, अस्तव्यस्तता, मानिस हुनुको सार्थकता, जीवन र जगत्, राष्ट्र र राष्ट्रियता, स्वतन्त्रता र अस्वतन्त्रता, समानता-असमानता, न्याय-अन्याय, शोषण-दमन, सिर्जनात्मक शान्ति-मुर्दा शान्ति, साथित्व र मित्रता, सत्यता-असत्यता, कर्तव्य-अकर्तव्य, इमानदारिता-अइमानदारिताजस्ता कुराहरूलाई चिन्तनमननको कसीमा घोलेर निबन्धमा उतार्ने काम भएको छ। विषयगत व्यापकता निबन्धको विशेषता भएकाले यस पत्रिकामा प्रकाशित निबन्धले इतिहास, राजनीति, अर्थ, कलासाहित्य, संस्कृतिलगायत व्यापक क्षेत्रलाई ओगटेका छन्।

४.६.२ लेख/प्रबन्ध

नागार्जुन पत्रिकामा प्रबन्धको आकारप्रकारदेखि प्रबन्धात्मक लेखसम्मका आयतनमा संरचित प्रबन्ध तथा लेखहरू प्रकाशित देखिन्छन्। जहाँ लोकसंस्कृति, राजनीतिक व्यङ्ग्य, भाषा, साहित्यिक पत्रकारिता, बालसाहित्य, सञ्चारसाहित्य, स्रष्टाको दायित्व, छन्दज्ञान आदिसम्बन्धी प्रबन्ध र लेखहरू पर्दछन्।

हंसपुरे सुवेदीको ‘लोकजीवनगत माटोको माया : एक सांस्कृतिक दृष्टिकोण’ (पूर्णाङ्क १) प्रबन्धात्मक लेखमा हाम्रा गाउँघर, डाँडापाखा, मेलापात, धरती, समाज, हावापानी, त्यहाँ विकसित भाषा, चालचलन, संस्कृति तथा सभ्यताअनुकूल हामीले आफूलाई समाहित गर्नुपर्छ; त्यसअनुरूप माटाको माया, भावनात्मक प्रेम, नेपालीपन तथा पक्षको यथार्थतालाई प्रस्ट पार्ने खालका लोकजीवनगत वा सिर्जना हुनुपर्ने र त्यसकै छत्रछायामा माटाको माया र महिमा, गाउँ-बेँसी, मेलापात र उकाली-ओरालीका भाका र भाषालाई महत्त्व र स्थान दिनुपर्छ, त्यसमै हाम्रो मुटुको धड्कन र प्राण रहेको छ/हुन्छ भन्ने कुरा अभिव्यक्त छ।

नारद गौतमको ‘बूढा साँढेको लडाइँ, कोरला-कोरली जिल्लराम’ (पूर्णाङ्क १) भन्ने व्यङ्ग्य लेख/सिर्जनामा त्यस बेलाका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईविरुद्ध आ□नै नेपाली काङ्ग्रेस पार्टीभित्रबाटै भएको घोक्रेठ्याक लगाउन गरिएको चालबाजीलाई विषयवस्तु बनाई लेखिएको हास्य र व्यङ्ग्यमिश्रित लेख हो। यसमा राजनीतिक कुसंस्कार र खुट्टा तान्ने प्रवृत्तिलाई सटीक, घुमाउरो र आकर्षक भाषाशैलीमा चित्रण गरिएको छ।

भरत शर्माको ‘साहित्यिक पत्रकारितामा समयानुकूल परिवर्तनको आवश्यकता’ ( पूर्णाङ्क ३) र शिव रेग्मीको ‘साहित्यिक पत्रकारिता : उपेक्षा र अपेक्षा’ (पूर्णाङ्क ५) शीर्षकका लेखमा साहित्यिक पत्रकारिताको इतिहास र वर्तमानको उल्लेख गर्दै वर्तमान अवस्थामा त्यसलाई साहित्यिक पत्रकारिताको धर्मअनुसार अघि बढाउनुपर्ने कुरा तथा आवश्यकताको उल्लेख गरिएको पाइन्छ।

विदुर चालिसेको ˘भारोपेली भाषा : एक अध्ययन' (पूर्णाङ्क ३) शीर्षकको शोधलेखमा भारोपेली भाषाको उदय, विकास तथा विस्तार, भारोपेली भाषाको विस्तारका क्रममा त्यसको प्रकार तथा शाखा-प्रशाखाहरूका बारेमा विस्तृत रूपमा प्रस्ट पार्ने काम भएको छ।

विजयराज आचार्यको ˘बालसाहित्यको क्षेत्र, सम्भावना र चुनौती' (पूर्णाङ्क ८) शीर्षकको लेखमा बालसाहित्य के हो, बालसाहित्य सिर्जना गर्दा शब्द, पात्र तथा परिवेश राख्दा ख्याल गर्नुपर्ने कुरा, बालकको उमेर, रुचि र स्तर हेरेर रचना गर्ने कुरा, साहित्यकारका व्यवहार र सिद्धान्तबीचको अन्तर, सामाजिक परिवर्तनको सन्देशका कुरा, भाषिक समस्या आदि उपशीर्षक राखेर लेख तयार गरिएको छ भने विजय चालिसेको ˘नेपाली सञ्चारमाध्यम र साहित्य' (पूर्णाङ्क १०) शीर्षकको लेखमा नेपाली साहित्यको विकास र विस्तारमा छापाखाना तथा रेडियोहरूको विस्तार र विकासले गरेको योगदानको ऐतिहासिक उल्लेख गर्दै वर्तमानमा भइरहेका गतिविधि वा प्रयासहरू हाल र आउँदा दिनका अवसर चुनौती दुवैलाई उल्लेख गरी लेखलाई विस्तार गर्ने काम भएको देखिन्छ।

त्यस्तै निनु चापागाईंको ˘वर्तमानमा स्रष्टाहरूको दायित्व' (पूर्णाङ्क १३), रामप्रसाद ज्ञवालीको ˘परिवर्तित परिस्थितिमा लोकतान्त्रिक स्रष्टाहरूको दायित्व' (पूर्णाङ्क १४/१५), उनकै ˘परिवर्तित परिस्थितिमा लोकतान्त्रिक स्रष्टाहरूको दायित्व' (पूर्णाङ्क २१) शीर्षकका वैचारिक तथा कार्यपात्रिक प्रबन्ध-लेखहरूमा स्रष्टा वा सिर्जनाकारले कुनै व्यक्ति वा शासन/शासकको स्तुतिगान नगरी जनताका पीडा, मर्म, व्यथा तथा उनीहरूको चाहना र आकाङ्क्षालाई सम्बोधन हुने, स्वतन्त्रता, सुशासन, न्याय, समानता, मानवताप्रति सचेत, भ्रष्टाचार, कुरीति, विकृति तथा विसङ्गतिविरुद्ध र गणतन्त्रोन्मुख, राष्ट्र र राष्ट्रियतालाई पक्षपोषण हुने र जनतालाई मुक्ति दिएर अगाडि बढाउन प्रेरित सिर्जना तथा रचनाहरू रच्नु र प्रकाशन गर्नु नै स्रष्टाहरूको दायित्व हुने लेखको मुख्य कथ्य हो।

देवी नेपालको ˘छन्द : पुनर्जागरण, सिर्जनात्मक उत्साह र समस्या' (पूर्णाङ्क १४/१५) शीर्षकको प्रबन्धात्मक लेखमा कवितारचनामा छन्दप्रयोगको इतिहासपरम्परामा पुनर्जागरण समय, त्यसपछिको समयमा छन्दप्रयोगमा सहभागिता तथा उत्साह र छन्दको प्रयोगमा हुन गइरहेको ह्रास आदिका बारेमा प्रस्ट पार्ने काम भएको छ भने दाहाल यज्ञनिधिको ˘रैबार' (पूर्णाङ्क २१) कार्यपात्रिक निबन्धात्मक लेखमा प्रधानमन्त्री र मन्त्रीलाई सम्बोधन गरी नेपाली साहित्यजगत्मा देखिएका विकृति-विसङ्गति तथा शक्ति र सम्पत्तिको भरमा स्तुतिगान र भक्तिगान गाउने/गाउन लगाउने प्रचलन र परम्पराको विकृतिपूर्ण कार्यलाई छताछुल्ल पार्ने काम त्यस पत्रात्मक निबन्धमा उल्लेख गरिएको छ।

### ४.६.३ संस्मरण/अनुभ"lt

नागार्जुन पत्रिकाले व्यक्तिसंस्मरण र विभिन्न अनुभूतिहरू पनि प्रकाशित गरेको पाइन्छ। यसरी प्रकाशित संस्मरणहरूमा स्थापित स्रष्टा व्यक्तिहरूसँग भेटघाट हुँदाका, सँगै बसेर बिताएका, सँगै काम गर्दाका, बोलीचाली तथा व्यवहारका र स्रष्टा व्यक्तिले साहित्यलाई दिएको योगदानका, साहित्यिक जमघट र साहित्यिक संस्थासँग आबद्धताका

संस्मरणहरू प्रकाशित छन्। त्यस्तै समाजका परिचित र भोगाइका क्रममा देखिएका विसङ्गत तथा बेथितिपूर्ण अनुभूति र यात्रानुभूतिहरू पनि प्रकाशित भएका पाइन्छन्।

अर्जुनप्रसाद पराजुलीको 'छाब्दीवाराहीसम्म छिचोलिँदा' (पूर्णाङ्क १) शीर्षकमा लेखक यात्राका क्रममा प्राकृतिक एवम् सांस्कृतिक रूपमा भरिपूर्ण र धनी देशको तनहूँको दमौलीबाट करिब पाँच किलोमिटर टाढा छाप्दी खोलाको झन्डै शिरोभागमा रहेको छाब्दीवाराही तीर्थस्थलको उत्पत्ति र विकासको वर्णन साथै यस्तै ऐतिहासिक, पौराणिक, धार्मिक, सामाजिक र आर्थिक धरोहरका प्राण/पावनभूमिको संरक्षण र संवर्द्धन गर्नुपर्ने अनुभूति व्यक्त गर्दछन्।

कुन्द टन्डनको 'पारिजात र अन्तर्मुखीको संयोग' (पूर्णाङ्क ३) संस्मरणमा साहित्यकार पारिजातले अन्तर्मुखी उपन्यासको पाण्डुलिपि तयार गरी प्रकाशकलाई पाण्डुलिपि नै दिन विश्वास नलागेर त्यस उपन्यासको सुरुको आधा भाग संस्मरणकार कुन्द टन्डन र पहिलो आधा भाग कमानसिंह लामालाई सार्न दिएको र सार्न दिइएका दुवैका मूल पाण्डुलिपि हराएको संयोगलाई संस्मरणमा उतारिएको छ। उनकै अर्को 'सम्झिरहने दिदी पारिजातलाई सम्झँदा' (पूर्णाङ्क ७) मा संस्मरणकारले काठमाडौँदेखि विराटनगर र विराटनगरदेखि काठमाडौँ आउँदासम्मको पारिजातसँगको उठबस, हिँडडुल, आनीबानी, भेटघाट तथा विभिन्न योजना तथा काम गर्दाका क्षणका संस्मरणहरू गरेकी छन्।

छायाचन्द्र भण्डारी 'सङ्गम' को 'जदौ दाहालको दैलोलाई/ ' संस्मरण-अनुभूतिमा 'जदौ' को साहित्यिक अभिवादन अलाप्ने साहित्यकार दाहाल यज्ञनिधिको निवासमा दाहालसँग भएका साहित्यका अन्तरङ्ग संलाप, भावनात्मक गन्थन र अन्तर्क्रियालाई आ▪ नो ठूलो अवसर र प्रेरणा भएको कुरा संस्मरणकारले उल्लेख गरेका छन्।

ताराप्रसाद पाठकको 'गुरु पुण्यप्रसाद : मेरो स्मरणमा' (पूर्णाङ्क ६), बलराम फुँयालको 'बोल्दा पनि कविता ओकल्ने कवि' (पूर्णाङ्क ६) र सान्नानी सिलवालको 'त्यसपछि मेरो जीवनमा आँसु नै श्रीमान् भयो' (पूर्णाङ्क ६) संस्मरणमा कलिलै उमेरमा बित्नुभएका प्रतिभावान् साहित्यकारको जीवनी, व्यक्तित्व, कृतित्व र पारिवारिक विषयलाई लिएर व्यक्ति स्रष्टाको संस्मरण गरिएको छ।

टङ्कमणि घिमिरेको 'दर्दले थिचिएका तरङ्गहरू' (पूर्णाङ्क ७) अनुभूतिमा गाउँबाट काठमाडौँ आएर बस्दाको विकृत, विसङ्गत र बेतिथिपूर्ण बसाइ, मानवीयपनमा आएको अविश्वास, शङ्का, स्वार्थ, चुक्लीजस्ता कुराहरूबाट थिचिएको अनुभूतिको चित्रण गरिएको छ।

धर्मराज थापाको 'परिवर्तनको शङ्ख फुक्ने साथी' (पूर्णाङ्क ११), मोदनाथ प्रश्रितको 'श्यामप्रसाद शर्मा : सम्झनाका केही झझल्का' (पूर्णाङ्क ११), रमेश विकलको 'श्यामजीको एउटा अनुद्घाटित पक्ष' (पूर्णाङ्क ११), लक्ष्मीभक्त उपाध्यायको 'श्यामप्रसादसँगका क्षण' ( पूर्णाङ्क ११), जनकप्रसाद हुमागाईंको 'मेरा पथप्रदर्शक मित्र श्यामप्रसाद' (पूर्णाङ्क ११), मदन मल्लको 'श्यामप्रसादका बारे' (पूर्णाङ्क ११), नानीमैयाँ अधिकारीको 'आँखामा राख्दा

नबिभ्न्काउने व्यक्ति' (पूर्णाङ्क ११), भ्न्कमक घिमिरेको 'नातासम्बन्धबाहिरका आफन्त' (पूर्णाङ्क ११), बालकृष्ण पोखरेलको 'जसको अनुहार देखेको थिइनँ' (पूर्णाङ्क ११) र सङ्केत अर्यालको 'एक अविस्मरणीय भेट' (पूर्णाङ्क ११) संस्मरणहरू नेपाली साहित्यका प्रगतिशील विचारधाराका एक हस्ती व्यक्ति स्रष्टा श्यामप्रसाद शर्माका बारेका छन्। उनी साहित्यिक र राजनीतिक दुवै व्यक्तित्व भए पनि साहित्यिक व्यक्तित्वले थिचिएका व्यक्ति स्रष्टा हुन्। उनै व्यक्तित्वमा देखिएका मिलनसारिता, नेतृत्व दिन सक्ने गुण, परोपकारी भावना, केही गर्नुपर्छ भन्ने प्रगतिशील भावना र व्यवहार, सादा जीवन उच्च विचार, विश्वासिला र फरासिलाजस्ता गुणहरू संस्मरणका माध्यमबाट उद्घाटित गरेका छन्।

४.७ समालोचना/समीक्षा

नागार्जुन पत्रिकाले पनि प्रकाशनको आरम्भदेखि पूर्णाङ्क २१ सम्ममा विभिन्न समालोचनात्मक सामग्रीहरू प्रकाशन गर्दै आएको पाइन्छ। पत्रिकाको पूर्णाङ्क १७ लाई नारी समालोचना विशेषाङ्ककै रूपमा प्रकाशित गरिएको छ। नेपाली समालोचनाको क्षेत्रमा स्थापित समालोचकका समालोचनादेखि नवस्थापित र नवप्रतिभाहरूका समालोचनालाई पनि यस पत्रिकाले प्रकाशन गर्दै आएको देखिन्छ। यस पत्रिकाले एकातिर कृति र कृतिकारका बारेमा बुभ्न्न खोज्ने पाठकहरूलाई समालोचनाको माध्यमबाट खुराक प्रदान गरेको छ भने अर्कातिर उदीयमान् समालोचकका समालोचना प्रकाशन गरेर उदीयमान् समालोचक प्रतिभालाई यस क्षेत्रमा क्रियाशील रहन प्रेरणा पनि प्रदान गरेको छ।

पत्रिकाका कृति र कृतिकारको सबल-दुर्बल तथा गुण-दोष केलाएर प्रकाशन भएका लामा लेखलाई समालोचना र सामान्य टिप्पणी गरेका छोटा लेखलाई समीक्षा गरी दुई खण्डमा छुट्ट्याएर अध्ययन गरिन्छ ।

४.७.१ समालोचना

समालोचनाको यस वर्गमा नागार्जुन पत्रिकाको पूर्णाङ्क १ देखि २१ सम्म जम्मा २० जना समालोचकका २१ वटा समालोचनालाई लिइएको छ जसमा शारदारमण नेपालको 'महाकवि देवकोटा र उहाँका समकालीन बालकविता' (पूर्णाङ्क ३), श्रीहरि फुँयालको 'कवि सिलवाल र तिम्रा आँसुका थोपाहरू एक विश्लेषण' (पूर्णाङ्क ६), धर्मेन्द्र विह्वलको 'नखशिख वर्णनबाट पनि समाज निर्माण गर्न चाहने महाकवि विद्यापति' (पूर्णाङ्क ७), रामप्रसाद ज्ञवालीका 'व्यावहारिक प्रगतिवाद र गुणग्राही समीक्षात्मक दृष्टिको समन्वय' (पूर्णाङ्क ११) र 'नेपाली भाषासाहित्यमा जनकप्रसाद हुमागाईंको योगदान' (पूर्णाङ्क १६), गङ्गाप्रसाद उप्रेतीको 'प्रगतिवादी निबन्धलेखनमा श्यामप्रसाद' (पूर्णाङ्क ११), सुधा त्रिपाठीको 'महिला लिखित नेपाली समालोचना : वर्तमान सन्दर्भमा' (पूर्णाङ्क १७), दाहाल यज्ञनिधिको 'जनता, ज्यान र चिहान' (पूर्णाङ्क १७), हेमनाथ पौड्यालको 'समकालीन प्रगतिवादी नेपाली कवितामा नारीहस्ताक्षर' (पूर्णाङ्क १७) रहेका छन् । रमेशप्रसाद भट्टराईको 'पाश्चात्य साहित्यमा महिलालेखनको इतिहास (सुरुदेखि भिक्टोरियासम्म)' (पूर्णाङ्क १७), कृष्णप्रसाद घिमिरेको 'समकालीन नारी कथाकारका प्रवृत्तिहरू' (पूर्णाङ्क १७),

देवी नेपालको ‘नेपाली महाकाव्यपरम्पराकी प्रथम नारीहस्ताक्षर बुनूको ‘याचना’ महाकाव्य’ (पूर्णाङ्क १७), लीला लुइटेलको ‘२०४६ सालपछिको नेपाली उपन्यासमा महिलालेखन’ (पूर्णाङ्क १७), कृष्ण शाह यात्रीको ‘नेपाली रङ्गमञ्चमा नारी’ (पूर्णाङ्क १७), चेतनाथ धमलाको ‘तान्का कवितामा नेपाली नारीहस्ताक्षर’ (पूर्णाङ्क १७) छन् । त्यस्तै ईश्वरी कार्कीको ‘नेपाली गजलमा नारीहस्ताक्षर’ (पूर्णाङ्क १७) विनोद मञ्जनको ‘निबन्धको चौतारीमा नेपाली नारी’ (पूर्णाङ्क १७), नर्मदेश्वरी सत्यालको ‘जीवनसूत्र र स्वप्नाभासभित्र पौडिँदा’ (पूर्णाङ्क १७) र सीता असीमको ‘हीरालाई हेर्दा’ (पूर्णाङ्क १७) समालोचनाहरू रहेका छन्। यसरी स्थापित, नवस्थापित र उदीयमान् समालोचकका समालोचनात्मक सामग्रीहरू प्रकाशित गरेर समालोचनाका क्षेत्रमा यस पत्रिकाले महत्त्वपूर्ण योगदान प्रदान गरेको देखिन्छ। अझ पूर्णाङ्क १७ (२०६४ वैशाख-असार) ‘नारी समालोचनाविशेष’ समालोचनामा अघि बढेका महिला, प्रगतिवादी कविताधाराका, पाश्चात्य साहित्यको महिला इतिहास, नारीकथाकार र प्रवृत्ति, महाकाव्य क्षेत्रमा रहेकी प्रथम नारी बुनू लामिछाने, उपन्यास, नाटक, तान्का कविता, गजल, निबन्ध आदि विधाहरूमा नारी/महिलाहरूले बनाएको इतिहासलाई सोधखोज गरी प्रकाशित गरेर नारीसमालोचनाका क्षेत्रमा गहकिलो र सङ्ग्रहणीय अङ्क बनाएको छ यस पत्रिकाले।

यस पत्रिकामा छापिएका मुख्यतः साहित्यका विभिन्न विधाअन्तर्गतको इतिहास, प्रवृत्ति, कृतिपरक र कृतिकारपरक वा जीवनीमूलक गरी तीनै प्रकारका समालोचना प्रकाशित भएका छन्। यहाँ समालोचनाको सैद्धान्तिक चिन्तनमनन र सिद्धान्तको सापेक्षतामा कृतिको अध्ययन गरिएका सामग्री प्रकाशित भएकाले समालोचनाको क्षेत्रलाई विस्तार र सुदृढ बनाउने काम भएको पाइन्छ।

### ४.७.२ समीक्षा

नागार्जुन पत्रिकामा समालोचनाअन्तर्गत नै पर्ने तर गुण-दोष र सबल-दुर्बल पक्षहरू राम्ररी नकेलाई सामान्य टिपोट गरिएका र पूर्ण समालोचनाको छेउछाउ पुग्न नसक्ने प्रकाशित सामग्रीहरूलाई यस समीक्षा खण्डमा राखेर अध्ययन गरिएको छ। यस पत्रिकामा ४४ जना समीक्षकका ४८ वटा समीक्षाहरू प्रकाशित गरिएको पाइन्छ जसमा छोटो टिप्पणी समीक्षादेखि लामो समालोचनात्मक समीक्षासम्मका सामग्रीहरू रहेका भेटिन्छन्। पूर्णाङ्क १ मा मोहनराज शर्मा, कृष्णचन्द्रसिंह प्रधान, मित्रलाल पंज्ञानी र खगेन्द्र सङ्ग्रौलाको ‘नेपाली साहित्यमा विधागत रचनाधर्मिता’ शीर्षकको अन्तर्क्रियात्मक लेखका टिप्पणी समीक्षा छापिएको देखिन्छ। यसमा विधाको रचना सम्बन्धमा टिप्पणी समीक्षा, वैरागी जेठाको पूर्णाङ्क १ मै ‘लालीगुराँसजस्ता फूलहरू’ लेखमा कृतिसम्बन्धी समीक्षा, त्यस्तै पूर्णाङ्क २ मा सम्पादक प्रकाश सिलवालको ‘पराजुलीको नेपाली लोकगीतको आलोक’ शीर्षकमा साहित्यकार कृष्णप्रसाद पराजुलीको व्यक्तित्व र कृतिसमीक्षा, उनैको उही अङ्कमा ‘उपन्यासमा नयाँ फड्को’ शीर्षकमा कृतिसमीक्षा आदि देखिन्छन्।

यसरी पत्रिकामा प्रकाशित सामग्रीमा कृतिसमीक्षा गर्नेहरूमा समीक्षक अनमोलमणिको 'हाइकूमा सम्भावित नाम' (पूर्णाङ्क २), कल्पितको 'कलम र स्रष्टा : एक परिचय' (पूर्णाङ्क ४), आर. एम. डङ्गोलको 'तिम्रा आँसुका थोपाहरू : एक समीक्षा' ( पूर्णाङ्क ६), प्रकाश सिलवालको 'कालले कोपरेका करुण कविता' (पूर्णाङ्क ६), रमेश खनालको 'एक मुठी माटो कथासङ्ग्रहभित्रका कथा' (पूर्णाङ्क ७), आकाशगङ्गाको 'बालबालिकाको बोलीमा विजयको कलम' (पूर्णाङ्क ८), विभाको 'दुई नानीहरूले लेखेका दुई सुन्दर कृति' (पूर्णाङ्क ८), रहेका छन् । यस्तै एम. पी. खरेलको 'नानीहरूको पुरुषार्थको सन्देश' (पूर्णाङ्क ८), तुलसीहरि कोइरालाको 'साहित्यिक पत्रकारिताको विकासमा गोरखापत्रको योगदान' (पूर्णाङ्क १०), छायादत्त न्यौपानेको 'बालसाहित्यविशेषलाई सरसर्ती हेर्दा' (पूर्णाङ्क १२), केशरी अम्गाईको 'सबैको प्यारो : एक अनुशीलन' (पूर्णाङ्क ११), दाहाल यज्ञनिधिको 'कविताको गाउँमा नयाँ पँधेरो' (पूर्णाङ्क ११) छन् । रामप्रसाद ज्ञवालीको 'नागार्जुनद्वारा प्रकाशित कृतिहरूको सङ्क्षिप्त परिचय' (पूर्णाङ्क १२), प्रभात सापकोटाको 'केवलपुरे विशेष : नागार्जुन नौ' (पूर्णाङ्क १२), यशोदा अधिकारीको 'बुद्धबोध महाकाव्य' ( पूर्णाङ्क १४/१५), अमर गिरीको 'नागार्जुनको लोकतान्त्रिक साहित्य विशेषमा घोत्लिँदा' ( पूर्णाङ्क १८), शान्ता मानवीको 'नागार्जुनको नारीसमालोचना विशेषबारे' (पूर्णाङ्क १८) र गौरी दाहालको 'गणतन्त्रको प्रतीक्षा' (पूर्णाङ्क २१) जस्ता टिप्पणी समीक्षादेखि समालोचनात्मक समीक्षासम्मका सामग्रीहरू प्रकाशित भएका छन्।

यसै गरी जीवनी, व्यक्ति-व्यक्तित्व तथा कृतिकारका सम्बन्धमा समीक्षा गर्नेहरूमा विष्णुप्रसाद पनेरूको 'धैर्यशाली व्यक्तित्व ऋषिराम न्यौपाने' (पूर्णाङ्क २), अच्युतम भट्टराईको 'कमेन्टेटर कथाकार परशु प्रधान' (पूर्णाङ्क ४), शारदारमण नेपालको 'बिरुवा कविमा मैले पाएको सम्भावनाशीलता' (पूर्णाङ्क ६), भरत शर्माको 'ओझेलमा परेका स्व. कवि पुण्यप्रसाद' (पूर्णाङ्क ६), पुण्यप्रसाद भट्टराईको 'सारा दिन अरूलाई बाँडें' (पूर्णाङ्क ७), देवी नेपालको 'कथाका रूपमा किसानको पुनर्जन्म' (पूर्णाङ्क ९), धर्मराज अधिकारीको 'श्यामप्रसादको जीवनी पक्ष' (पूर्णाङ्क ११), आनन्ददेव भट्टको 'श्यामप्रसाद लामिछाने : एक अवलोकन' (पूर्णाङ्क ११), भैरव रिसालको 'श्यामजीका बारे भन्नुपर्दा' (पूर्णाङ्क ११), गोविन्द भट्टको 'नेपाली प्रगतिवादका सिद्धपुरुष' (पूर्णाङ्क ११), मित्रलाल पंज्ञानीको 'श्यामप्रसाद' (पूर्णाङ्क ११), श्यामदास वैष्णवको 'शान्तिवादी-क्रान्तिकारी : श्यामप्रसाद' ( पूर्णाङ्क ११), जगत् प्रेक्षितको 'वैचारिक निष्ठाका सगरमाथा : श्यामप्रसाद' (पूर्णाङ्क ११), घनश्याम राजकर्णिकारको 'मेरो सम्झनामा श्यामप्रसाद' (पूर्णाङ्क ११), शेषमणि आचार्यको 'मैले बुझेका श्यामप्रसाद' (पूर्णाङ्क ११), छायादत्त न्यौपानेको 'पयार्य पो रहेछन् उनी ( श्यामप्रसाद)' (पूर्णाङ्क ११) प्रकाशित छन् । यस्तै तेजविलास अधिकारीको 'मलाई लागेका कुरा' (पूर्णाङ्क ११), नानीमैयाँ विष्टको 'श्यामप्रसादलाई नियाल्दा' (पूर्णाङ्क ११), यादवप्रसाद शर्माको 'अथक सर्जक श्यामप्रसाद' (पूर्णाङ्क ११), ध्रुव अधिकारी 'ओजस्वी' को 'नेपाली साहित्यका नक्षत्र' (पूर्णाङ्क ११), चूडामणि रेग्मीको 'मैले साह्रै मानेका श्यामप्रसाद'

(पूर्णाङ्क ११) र दीपक पाठकको ‘मैले चिनेका श्यामप्रसाद’ (पूर्णाङ्क ११) समालोचक र समालोचना छन्। यी समीक्षाहरूमा धर्मराज अधिकारी, आनन्ददेव भट्ट, गोविन्द भट्ट र दाहाल यज्ञनिधिका प्रकाशित सामग्रीहरू समालोचनात्मक समीक्षाहरू हुन्।

यहाँ दैनिक पत्रिका गोरखापत्रदेखि विभिन्न बालकृति, लोकसंस्कृतिका कृति, हाइकू र कविता विधाका समीक्षादेखि आ□नै पत्रिका नागार्जुनका विभिन्न अङ्कहरू, कविता-काव्यका साथै उपन्यासका समीक्षाहरू पनि प्रकाशित गरिएका छन्। त्यस्ते जीवनी, व्यक्ति-व्यक्तित्व र सिर्जनाकारका रूपमा कृष्णप्रसाद पराजुली, ऋषिराम न्यौपाने, परशु प्रधान, स्व. पुण्यप्रसाद सिलवाल, केवलपुरे किसान, श्यामप्रसाद शर्मा आदिका टिप्पणी समीक्षादेखि समालोचनात्मक समीक्षासम्मका सामग्रीहरू प्रकाशित भएका छन्। यी समीक्षाहरूमा गुण-दोष र सबल-दुर्बल दुवै पक्षको सन्तुलित समीक्षा नभएर प्रभावपरक जीवनी, व्यक्ति-व्यक्तित्व र कृतित्व समीक्षाहरू देखिएका छन् जुन एकपक्षीयताले ग्रस्त छन्।

४.८ विविध सामग्री

यस पत्रिकाका अन्य बाँकी सामग्रीलाई पनि दुई भागमा राखेर अध्ययन गरिन्छ।

४.८.१ अन्तर्वार्ता

नागार्जुन पत्रिकामा ‘अन्तर्दृष्टि’, ‘भेटवार्ता’ तथा ‘र्वातालाप’ स्तम्भ राखेर सर्जकका अन्तर्वार्ताहरू छापिएका पाइन्छन्। १२ जना सर्जकसँगका अन्तर्वार्ताहरू प्रकाशित देखिन्छन्। जुन वार्ताहरू साहित्यसिर्जना, साहित्य क्षेत्रले भोग्नुपरेका समस्याहरू, साहित्यसिर्जनामा ध्यान पुऱ्याउनुपर्ने कुरा आदिबारे रहेका भेटिन्छन्। पत्रिकामा साहित्यकार जीवनाथ धमला, रामप्रसाद ज्ञवाली, गोविन्द गिरी प्रेरणा, डा. तुलसीप्रसाद भट्टराई, रमेश विकल, केवलपुरे किसान, आनन्ददेव भट्ट, वैरागी काइँला, डा. कुमारबहादुर जोशी, निनु चापागाईं, कुमार श्रेष्ठ आदिसँग लिइएका अन्तर्वार्ताहरू छापिएका देखिन्छन्।

४.८.२ अन्य

नागार्जुन पत्रिकामा साहित्यसिर्जना र समालोचनाका विधाहरूबाहेक अरू विचार, सम्पदा, भाषा, साहित्यिक समाचार, **सुझाव, विशेष उद्गारहरू, विज्ञानसम्बन्धी, नागार्जुन** प्रतिष्ठानको विधान, विश्वसाहित्यसम्बन्धी टिप्पणी, साहित्यिक पत्रकारितासमबन्धी टिप्पणी, नागार्जुन प्रतिष्ठानका प्रकाशनहरू, प्रज्ञा-प्रतिष्ठानसम्बन्धी प्रकाशनहरू, व्यक्ति-टिप्पणीहरू, कलम बचाउ अभियानका लेखहरू, कार्यपत्र र टिप्पणीहरू, अनूदित कथा, ‘सञ्चार र साहित्य’ सम्बन्धी लेख र टिप्पणी, संस्कार र संस्कृतिका कुरा, क्रिया-प्रतिक्रिया, सम्पादकीय, काव्यकला प्रशिक्षणसम्बन्धी टिपोट, लोकतान्त्रिक र प्रजातान्त्रिक आन्दोलनका कुरा, अनुभूति टिपोट, ज्ञापनपत्र, स्रष्टाका मन्तव्य (विचार), विभिन्न प्रतिवेदन तथा विभिन्न विज्ञापनहरूदेखि थुप्रै-थुप्रै सामग्रीहरू नागार्जुन पत्रिकामा प्रकाशित भएका देखिन्छन्। यसरी यस पत्रिकामा जीवनजगत्का यावत् सामग्रीहरू समावेश वा प्रकाशन गरेर स्वतन्त्र अभिव्यक्तिका बहुआयामिक क्षेत्रसम्म पुगी प्रकाशन गर्ने र अभिव्यक्ति-स्वतन्त्रताको मौलिक हक-अधिकारलाई सुरक्षित गर्न पत्रिका एक हदसम्म सफल भएको देखिन्छ।

यस प्रकार नागार्जुन त्रैमासिक पत्रिकामा प्रकाशित साहित्यिक साहित्येतर सामग्रीलाई हेर्दा वा अध्ययन गर्दा यो साहित्यिक पत्रिकाकै रूपमा देखिन आउँछ। साहित्यका विधाहरूको सिर्जना विकासमै सहयोग पुग्ने सामग्रीका अलावा समसामयिक सन्दर्भका युगजीवनका सामाजिक प्रतिविम्बहरूलाई पनि सिर्जनामा घोलेर ज्ञान प्रदान गर्ने काम गर्दै अघि बढेको पत्रिका भएकाले साहित्यिक पत्रकारिताको इतिहासमा यसको स्थान उच्च भएको छ।

# परिच्छेद ५
# उपसंहार

साहित्यका विभिन्न विधाहरूको विकासका लागि पत्रपत्रिकाहरूको प्रकाशन महत्त्वपूर्ण रहेको हुन्छ। वि. सं. १९४३ मा बनारसमा मोतीराम भट्टको गोर्खा भारत जीवन पत्रिकाबाट सुरु भएको र वि. सं. १९५५ मा सुधासागरको प्रकाशनबाट स्वदेश भित्रिएको नेपाली पत्रकारिताको इतिहास साहित्यका विभिन्न मोड र प्रवृत्तिहरूलाई ग्रहण गर्दै अगाडि बढिरहेको छ। कालक्रमका विभिन्न खण्डमा प्रकाशित भएका गोरखापत्र, शारदा, प्रगति, रूपरेखा, कविता, मधुपर्क, अभिव्यक्ति, प्रज्ञा, रचना, समष्टि, मिर्मिरे, गरिमा, कलम, प्रलेस, सङ्कल्प, बगर, जनमत, समकालीन साहित्य, रत्नश्री, सुगन्ध, कौशिकी, भानु, नेपाली, दायित्व, जुही, उन्नयन, वाङ्मय, कुञ्जिनी, रश्मि, मनोभाव, गुञ्जन, तृष्णा, दोभान आदि पत्रपत्रिकाहरूले साहित्यको विकासमा ऐतिहासिक योगदान पुऱ्याउँदै आएको प्रमाणित हुन्छ। त्यसैले साहित्यको विकास पत्रपत्रिकाको प्रकाशनबाट मात्र सम्भव हुने भएकाले साहित्य र पत्रपत्रिकाप्रकाशनलाई अलग गर्न सकिँदैन।

वि. सं. २०४६ को जनआन्दोलनपश्चात् देशमा बहुदलीय प्रजातन्त्र स्थापना हुन पुग्यो। वि. सं. २०४७ को संविधानमा अभिव्यक्तिस्वतन्त्रता, प्रकाशन र प्रसारणस्वतन्त्रतासम्बन्धी कुराहरूको संवैधानिक व्यवस्था गरियो। यसले गर्दा यस समयपछि झनै साहित्यक पत्रपत्रिकाहरूले फुल्ने-फल्ने तथा नेपाली साहित्यको विकास र विस्तारमा योगदान पुऱ्याउँदै आइरहेका छन्। अभिव्यक्तिस्वतन्त्रता, प्रकाशन-प्रसारणको संवैधानिक स्वतन्त्रता निलम्बन गरिएको चुनौतीपूर्ण अवस्थामा २०५८ सालदेखि नागार्जुन साहित्यिक प्रतिष्ठान नामक संस्था दर्ता भई संस्थाकै मुखपत्रका रूपमा नागार्जुन त्रैमासिक पत्रिकाको प्रकाशन सुरु भएको हो।

यस पत्रिकाले साहित्यका प्रायः सबै विधाको प्रतिनिधित्व हुने गरी साहित्यिक सिर्जनाहरू प्रकाशित गर्दै आइरहेको देखिन्छ भने साहित्येतर सामग्रीहरू पनि प्रकाशित भएका पाइन्छन्। कुनै विधाका सिर्जनाहरू बढी र कुनै विधाका सिर्जना कम भए पनि कविता, गीत, गजल, मुक्तक, हाइकू, कथा, उपन्यास, एकाङ्की, नाटक, निबन्ध/लेख, समालोचनाजस्ता साहित्यिक रचनाहरू प्रकाशित छन्। यसका अतिरिक्त विचार, सांस्कृतिक सम्पदा, भाषाविज्ञान, विभिन्न अभियानका लेख/टिप्पणी, अनूदित सामग्री, क्रिया-प्रतिक्रिया, लोकतान्त्रिक-प्रजातान्त्रिक आन्दोलनका लेख/टिप्पणी, विभिन्न समसामयिक सन्दर्भ, व्यक्ति-व्यक्तित्व, संस्मरण, अनुभूति, प्रतिवेदन, ज्ञापनपत्र आदि थुप्रै सामग्रीहरू प्रकाशित गरी यस पत्रिकाले साहित्यिक र साहित्येतर दुवैको विकासमा योगदान तथा सहयोग पुऱ्याउँदै आएको देखिन्छ।

नेपाली साहित्यको क्षेत्रमा खुब विकास र विस्तार भएको कविता विधाले पनि नागार्जुन पत्रिकामा प्रमुख स्थान नै प्राप्त गरेको छ। यस पत्रिकामा ३५६ जना स्थापित, नवस्थापित र नवप्रतिभाका ३६४ कविता विधाका रचनासामग्री प्रकाशित भएका पाइन्छन्। प्रकाशित भएका अधिकांश कविताहरू मानवजीवनका समस्या र जटिलताहरूमा केन्द्रित रहेका छन् भने अर्कातिर राजनीतिक रूपमा देखिएको निरङ्कुश-सामन्तवादी राजतन्त्रात्मक राज्यप्रणालीका विरुद्ध स्वतन्त्रता, न्याय, समानता, मानवअधिकार तथा प्रजातान्त्रिक-लोकतान्त्रिक-गणतान्त्रिक परिपाटीका पक्षमा बुलन्द आवाज पनि कविताहरूमा अभिव्यक्त छ। धेरै कवि/सर्जकहरू गद्य कवितारचनातर्फ आकर्षित रहेका छन्। नागार्जुन पत्रिकाको पूर्णाङ्क १४/१५ मा 'पद्य कविताविशेष' भनी पद्य रचनाहरू प्रकाशित गरिएका छन्, अन्य पूर्णाङ्कहरूमा कमै पद्य रचनाहरू भेटिन्छन्। समग्रमा आधुनिक कविताधाराका परिष्कारवादी स्वच्छन्दतावादी, प्रयोगवादी, प्रगतिवादी र समसामयिक सबै धाराका कविताहरूको प्रतिनिधित्व भए पनि स्वच्छन्दतावादी-प्रगतिवादी र समसामयिक धाराका कविताहरूकै बाहुल्य रहेको पाइन्छ भने आंशिक रूपमा प्रकाशित प्रयोगवादी धाराका कविताहरू पनि सशक्त र सम्प्रेषणीय नै रहेका छन्। गीत, गजल, मुक्तक र हाइकू पनि प्रकाशित छन् जसमा युवा प्रतिभाहरूकै बाहुल्य छ। यस प्रकार नागार्जुन पत्रिकाले कवितासाहित्यमा देखा परेका समसामयिक प्रवृत्तिहरूलाई आत्मसात् गर्दै कविताको विधागत आयामविस्तारमा अहम् भूमिका निर्वाह गरेको छ।

कथा विधाको विकास र विस्तारमा पनि नागार्जुन पत्रिकाले योगदान दिएको देखिन्छ। यस पत्रिकामा २६ जना कथाकारका २८ वटा कथाहरू प्रकाशित भएका छन्। यस पत्रिकामा स्थापितभन्दा नवस्थापित र नवप्रतिभाका कथाहरू प्रकाशित भएका पाइन्छन्। कथाले नेपाली जनजीवन र नेपाली समाजलाई आ□नो कार्यपीठिका बनाएका भेटिन्छन्। कथामा आर्थिक सम्पन्नता र विपन्नताले ल्याएका परिणाम, हरेक क्षेत्रमा प्रायः सम्पूर्ण नेपालीले भोग्ने बाध्यता र विवशता, सहरी विकृति-विसङ्गति, राजनीतिक कुसंस्कार, राष्ट्रको आर्थिक विचलन, नारीशोषण र उत्पीडनका घटनाहरू, असुरक्षित वातावरण, बेरोजगारी समस्या र उत्पन्न परिणाम, स्वतन्त्रता र मानवअधिकारको अवस्था, कुपरम्परा तथा कुसंस्कारको उद्घाटन, यात्राका क्रममा देखिएका समस्या र अप्ठ्याराहरू, दसवर्षे सशस्त्र जनयुद्धले ल्याएका सकारात्मक र नकारात्मक प्रभाव, सहरमा कोठामा बस्दाका दुःख-कष्ट र अपमानका व्यवहारहरू, बालमनोदशाको उद्घाटन, भाषा-संस्कृतिको आवश्यकताजस्ता कुराको चित्रण गरेर यस पत्रिकाले नेपाली कथा विधाको विकासमा आफूलाई उभ्याइरहेको छ।

नागार्जुन पत्रिकामा डा. कवितारामको कुकुरको कथा लघु उपन्यास प्रकाशित छ। प्रकाशित यस उपन्यासले उपन्यास विधाको प्रतिनिधित्व गर्दछ। यस उपन्यासमा मानव र पशुबीचको हार्दिक, निश्छल, कारुणिक, हृदयविदारक र संवेदनशील सम्बन्धको मार्मिक अवस्थालाई उद्घाटन गर्ने काम भएको छ। उपन्यासमा कुकुरको स्वामीभक्ति, इमानदारिता,

कर्तव्यपरायणता, आश्चर्य-कौतूहलमय र कारुणिक संवेदनशीलताजस्ता कुरालाई जीवन्त चित्रण गरिएको छ। उपन्यासको भाषाशैली सरल, रोचक, शब्दचयनमा मिठास र उपयुक्तता, घटनाक्रम-छनोटमा कौतूहलपूर्ण, प्रेरक र सन्देशमूलक रहेको छ।

यस पत्रिकामा रेणुका भट्टराईको 'देशप्रेम', शारदारमण नेपालको 'कुरा गर्ने ढङ्ग' र कृष्ण शाह यात्रीको 'सूत्रधार र सूत्रधारहरू' गरी जम्मा तीन एकाङ्कीहरू प्रकाशित छन्। यी एकाङ्कीहरूमा देशमा भइरहेको कुशासन, व्यक्ति-अहम्ले निम्त्याएका राजनीतिक कुसंस्कार र दाउपेच, मानवताहीन गतिविधि, हिंसा तथा काटमार, भ्रष्टाचार, अन्याय, विकृति र विसङ्गति, सहिदको अपमान, लवाइ-खवाइ, हिँडाइ-डुलाइबारेको संस्कारगत अर्ती-उपदेश, राष्ट्रप्रेम र राष्ट्रको इज्जत बचाउने प्रतिबद्धताजस्ता कुराहरूलाई समेटिएको छ। एकाङ्कीहरू सरल, सहज र अभिनयात्मक छन् भने कृष्ण शाह यात्रीको 'सूत्रधार र सूत्रधारहरू' एकाङ्कीका पात्र, परिवेश र कथावस्तु प्रतीकात्मक रूपमा चयन गरिएको छ।

यसमा प्रकाशित निबन्ध/लेखहरूले पनि साहित्यिक योगदान दिँदै आएका छन्। निबन्धहरूले समाजमा व्याप्त विकृति-विसङ्गति, भ्रष्टाचार, अस्तव्यस्तता तथा बेथिति, मानिस हुनुको सार्थकता र हुन नसक्नुको निरर्थकता, जीवन र जगत्, राष्ट्र र राष्ट्रियता, स्वतन्त्रता र अस्वतन्त्रता, समानता-असमानता, न्याय-अन्याय, शोषण-दमन, सिर्जनात्मक शान्ति तथा मुर्दा शान्ति, साथित्व र मित्रता, सभ्यता-असभ्यता, कर्तव्य-अकर्तव्य आदिजस्ता कुराहरूलाई चिन्तन-मननको कसीमा घोलेर निबन्धमा उतार्ने काम भएको छ। विषयगत व्यापकता निबन्धको विशेषता भएकाले पत्रिकामा प्रकाशित निबन्धहरूले इतिहास, राजनीति, अर्थ, कलासाहित्य, संस्कृतिलगायतका व्यापक क्षेत्रलाई ओगटेका छन्।

पत्रिकामा प्रकाशित संस्मरण तथा अनुभूतिमा स्थापित स्रष्टा व्यक्तित्वसँग भेटघाट हुँदाका, सँगै बसेर बिताएका, सँगै काम गर्दाका, बोलीचाली तथा व्यवहारका र स्रष्टा व्यक्तिले साहित्यलाई दिएको योगदान, साहित्यिक जमघट र साहित्यिक संस्थाहरूसँग आबद्धताका संस्मरणहरू प्रकाशित छन्। त्यस्तै समाजको परिचित र भोगाइका क्रममा देखिएका विसङ्गत-बेथितिपूर्ण यात्रानुभूतिहरू पनि प्रकाशित गरी नागार्जुनले साहित्यिक योगदानमा सहयोग गर्ने काम गरेको पाइन्छ।

साहित्यिक सिर्जनाको क्षेत्रमा मात्र नभएर समालोचनाको क्षेत्रमा पनि नागार्जुन पत्रिकाले सशक्त रूपमा योगदान दिँदै आएको पाइन्छ। पूर्णाङ्क १७ (२०६४ वैशाख-असोज) नारी-समालोचनाविशेषका रूपमा प्रकाशित गरिएको छ भने अन्य पूर्णाङ्कहरू पनि समालोचना तथा समीक्षाका क्षेत्रमा उत्कृष्ट अङ्कका रूपमा रहेका छन्। नेपाली समालोचना क्षेत्रमा चिनिएका समालोचकहरूका गहकिला समालोचना र चिनिएका समालोचकहरूबाहेक नयाँ र प्रतिभावान् समीक्षकहरूका सामग्रीहरूले पनि समालोचना तथा समीक्षा विधालाई महत्त्वपूर्ण योगदान दिएका छन्। पत्रिकामा छापिएका मुख्यतः साहित्यका विभिन्न विधाअन्तर्गतका इतिहास र प्रवृत्तिहरू, कृतिपरक र कृतिकारपरक वा जीवनीमूलक गरी तीनै प्रकारका समालोचनाहरू प्रकाशित छन्। समालोचनाको सैद्धान्तिक

चिन्तन-मनन र सिद्धान्तको सापेक्षतामा कृतिको अध्ययन गरिएका सामग्री प्रकाशित भएकाले समालोचनाको क्षेत्रलाई विस्तार र सुदृढ बनाएको छ।

त्यस्तै पत्रिकामा साहित्यिक रचना विधा र समालोचना विधाबाहेक समयसापेक्ष सान्दर्भिक, समसामयिक र ज्ञानविज्ञानले परिपूर्ण साहित्येतर सामग्रीहरू प्रकाशित गरी नयाँ र फरक ढङ्गले उभ्याउने काम गर्न सफल भएको छ।

यस प्रकार नागार्जुन पत्रिकामा प्रकाशित साहित्यिक र साहित्येतर सामग्रीहरूलाई अध्ययन गर्दा यो साहित्यिक पत्रिकाकै रूपमा देखिन्छ। पत्रिका साहित्यको कविता विधालाई पहिलो स्थानमा प्रकाशित गरी उल्लेख्य योगदान दिन सफल भएको देखिन्छ भने दोस्रोमा निबन्ध/लेखलाई, तेस्रोमा समालोचना र समीक्षालाई, चौथोमा कथालाई गर्दै उपन्यास, एकाङ्की र विविध सामग्रीहरू प्रकाशित गरी साहित्यका विधाहरूको सिर्जना-विकासमै सहयोग पुग्ने सामग्रीका अलावा समसामयिक सन्दर्भका युगजीवनका सामाजिक प्रतिविम्बनहरूलाई पनि सिर्जनामा घोलेर ज्ञान प्रदान गर्ने काम गर्दै अघि बढेको पत्रिका भएकाले साहित्यिक पत्रकारिताको इतिहासमा यसको स्थान उच्च भएको छ।

सम्भावित शोधशीर्षकहरू

(क) 'नागार्जुन' मा प्रकाशित कविताहरूको विश्लेषण र मूल्याङ्कन

(ख) 'नागार्जुन' मा प्रकाशित आख्यानको विश्लेषण र मूल्याङ्कन

# सन्दर्भसामग्री

(क) पुस्तक

उपाध्याय, केशवप्रसाद र अन्य (सम्पा.) (२०४८), नेपाली एकाङ्की (भाग १), ललितपुर : साझा प्रकाशन।

कँडेल, घनश्याम (सम्पा.) (२०५५), नेपाली समालोचना, ललितपुर : साझा प्रकाशन।

ढुङ्गेल, भोजराज र अन्य (२०५७), नेपाली कथा र उपन्यास, काठमाडौँ : एम. के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.) (२०५४), नेपाली कविता (भाग ४), ललितपुर : साझा प्रकाशन।

देवकोटा, ग्रीष्मबहादुर (२०५९), नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास, ललितपुर : साझा प्रकाशन।

धिताल, केदारनाथ (२०५२), नेपाली साहित्यमा 'साँग्रिला' पत्रिकाको योगदान, स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षण समिति, त्रि. वि., कीर्तिपुर।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.) (२०५५), नेपाली बृहत् शब्दकोश, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।

पौडेल, शेषकान्त (२०५४), नेपाली साहित्यमा 'गरिमा' पत्रिकाको योगदान (१ देखि १६८ पूर्णाङ्कसम्म), स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षण समिति, त्रि. वि., कीर्तिपुर।

प्रेस काउन्सिल नेपाल (२०६५), नेपाली साहित्यिक पत्रपत्रिकाको सङ्क्षिप्त ग्रन्थकोश, काठमाडौँ : प्रेस काउन्सिल नेपाल।

बराल, कृष्णहरि र अन्य (२०५८), उपन्याससिद्धान्त र नेपाली उपन्यास, ललितपुर : साझा प्रकाशन।

रेग्मी, शिव (२०६३), अतीतका पाना, काठमाडौँ : रत्न पुस्तक भण्डार।

लामिछाने, कपिल र अन्य (२०६१), पत्रकारिताको रूपरेखा, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

लुइटेल, खगेन्द्रप्रसाद र अन्य (२०५७), नेपाली कवि र कविता, काठमाडौँ : विभु-ऋभु प्रकाशन।

शर्मा, तारानाथ (२०३९), नेपाली साहित्यको इतिहास, काठमाडौँ : नवीन प्रकाशन।

श्रेष्ठ, दयाराम (२०६१), साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ, काठमाडौँ : त्रिकोण प्रकाशन।

श्रेष्ठ, दयाराम र अन्य (२०६३), नेपाली साहित्यको सङ्क्षिप्त इतिहास, ललितपुर : साझा प्रकाशन।

श्रेष्ठ, दयाराम (सम्पा.) (२०६०), नेपाली कथा (भाग ४), ललितपुर : साझा प्रकाशन।

## (ख) पत्रपत्रिका

चालिसे, विजय (सम्पा.), 'साँग्रिलाको पातो', साँग्रिला, वर्ष १, अङ्क १, २०३९।

भट्टराई, तुलसीप्रसाद, 'साहित्यिक पत्रकारिता : अतीत र वर्तमान', नेपाल साहित्यिक पत्रकार सङ्घद्वारा आयोजित 'साहित्यिक पत्रकारिता' विषयक गोष्ठीमा प्रस्तुत कार्यपत्र, हेटौँडा, २०६५ कार्तिक १७।

रेग्मी, शिव, 'साहित्यिक पत्रकारिताको इतिहास र वर्तमान अवस्थामा भोग्नुपरेका कठिनाइहरू', मधुपर्क, वर्ष २५, पूर्णाङ्क २८६, २०४९ चैत।